वर्ष : १५, अंक : ७, काठमाडौं, २०७६ जेठ १७ गते शुक्रबार, 31 May 2019, Friday पृष्ठ : ८, मूल्य रू : १०

राष्ट्रिय एकता, राष्ट्रियता र मधेशवादप्रति समर्पित www.madheshvani.com

राष्ट्रिय साप्ताहिक

# मधेशवाणी

The Voice of Madhesh

पत्रकार सम्मेलन, सभा, गोष्ठी वा बैठक गर्नुपरेमा हामीलाई सम्झनुहोस् ।

कुनै सभा, गोष्ठी, सम्मेलन, बैठक वा पत्रकार सम्मेलन गर्नुपरेमा ६० देखि ७० जनासम्म अटाउने क्षमता भएको हल मधेश मिडिया हाउसमा सम्पर्क राख्नुहोस् ।

| शुल्क | सेवा |
|---|---|
| रू. ५०००।- (पाँच हजार मात्र) | फोन, फ्याक्स, इमेल |

मधेश मिडिया हाउस

हनुमानस्थानचोक, अनामनगर, काठमाडौं

फोन नं. : ०१-५७०६१४१, ९८०८१२५०२४

ई-मेल : madheshmediahouse @gmail.com

## "सरकार निकम्मा भयो"



वीरगञ्ज । उपप्रधान तथा स्वास्थ्यमन्त्री उपेन्द्र यादवले अहिलेको सरकार निकम्मा भएको टिप्पणी गरेका छन् । सरकार लुटतन्त्र र भ्रष्टाचारमा लिप्त रहेको उनले आरोप लगाए । समाजवादी पार्टीले वीरगञ्जमा गरेको कार्यक्रममा पार्टीका अध्यक्ष समेत रहेका यादवले सरकारले मुलुकका लागि राम्रो काम गर्न नसकेको स्वीकार गरे । कम्युनिष्टको सरकार भएपनि देशमा लुटतन्त्र, भ्रष्टाचार, कमिसनतन्त्र चरम सीमामा पुगेको उनले बताए । कम्युनिस्ट र कांग्रेस अहिलेसम्मको उपलब्धि समाप्त पार्ने खेलमा रहेको आरोपसमेत यादवले लगाए । 'कांग्रेस, कम्युनिष्ट उपलब्धी रक्षा गर्न होइन, समाप्त पार्ने खेलमा लागेको छ', उनले भने । यादवले पहिला आफूले संविधान जलाएर विरोध गरेको बताउँदै अहिले संविधान कार्यान्वयन गर्ने क्रममा अप्ठयारो परेको बताए । परिवर्तनकारी, क्रान्तिकारी शक्ति मिलेपछि आफूलाई राष्ट्रिय पार्टी भन्ने कम्युनिष्ट, कांग्रेसहरूको होस हवास उडेको उनको भनाइ छ । अहिलेको उपलब्धि रक्षा गर्नकै लागि आफूहरूले पार्टी एकता गरेको यादवले दाबी गरे ।

## राजपा छाड्दै रेशम !



काठमाडौं । टीकापुर घटनामा संलग्न रहेको कसूरमा जन्मकैद भोगिरहेका राष्ट्रिय जनता पार्टी नेपालका सांसद रेशम चौधरी पार्टी परित्याग गर्ने मनस्थिति बनाएका छन् । जिल्ला अदालत कैलालीबाट जन्म कैदको सजाय पाएका चौधरी अहिले डिल्लीबजार करागारमा बन्दी जीवन बिताइरहेका छन् । उनी जेलभित्रै बिरामी परेका छन् । चौधरीको फोक्सोमा समस्या देखिएको छ । यसअघि पनि चौधरी बारम्बार विरामी परेका थिए । उनको मुद्दा पुनरावेदनका लागि उच्च अदालतमा पुगेको छ । करिब एक सातादेखि जेलभित्रै विरामी परेका सांसद चौधरीलाई राजपा नेपालका नेताहरूले भेट्न आएका छैनन् । चौधरीले जेलबाटै राजपाका नेताहरूलाई फोन गर्दै आएका छन् तर कोही पनि नेता भेट्न नआएको उनको गुनासो छ । चौधरीकी श्रीमती रंजिताका अनुसार जेलबाटै राजपाका नेताहरूलाई बारम्बार फोन गर्दा समेत कसैले वास्ता गरेका छैनन् । रंजिताका अनुसार आफ्नै पार्टीका नेताहरूले सहयोग गर्न छोडेपछि चौधरी निराश हुँदै पार्टी छोड्न मनस्थितिमा पुगेका छन् ।

## बजेटबाट मधेश निराश

# मधेशलाई ठग्ने क्रम अझै जारी

प्रदेश २ मुख्य रूपले किसानहरूको प्रदेश हो । आर्थिक समृद्धिका लागि कृषिमा आमूल परिवर्तन जरूरी छ । तर, बजेटमा पर्याप्त रकम विनियोजन गरिएको देखिएको छैन ।

**मधेशवाणी डेस्क**

काठमाडौं । सरकारले संघीय संसद्मा आर्थिक वर्ष २०७६/७७ को वार्षिक बजेट पेश गरेको छ । अर्थमन्त्री डा युवराज खतिवडाले संघीय संसदमा आर्थिक वर्ष २०७६/७७ का लागि नेपाल सरकारको आय र व्ययको अनुमान अर्थात् बजेट आज पेश गरेका हुन । अर्थमन्त्रीले राजश्व र व्ययको अनुमान प्रत्येक वर्ष जेठ महिनाको १५ गते संघीय संसदमा पेश गर्नुपर्ने सवैधानिक व्यवस्था छ ।



सरकारले सार्वजनिक गरेको बजेट वितरणमुखी रहेको छ । यस किसिमको बजेट कार्यान्वयन हुन अप्ठयारो हुन्छ । देश संघीयतामा गएपछि पनि सरकारले पुरानै ढंगको बजेट ल्याएको छ । बजेटले संरचनात्मक परिवर्तन ल्याउन नसकेको टिप्पणी सर्वत्र हुन थालेको छ । खर्च गर्ने क्षमताबिनै विभिन्न कार्यक्रम राखिएको अर्थविद्हरूले धारणा छ । 'क्षमताको ख्याल नगरी ल्याइएको बजेट भएकाले कार्यान्वयन सम्भव छैन,' उनीहरूको भनाइ छ । यद्यपी केहीले बजेटलाई सराहना गरे भने अधिकांशले परम्परागत ढर्राकै बजेट आएको टिप्पणी गरेका छन् ।

प्रदेश २को दृष्टिबाट हेर्दा बजेट कम आएको छ । यद्यपी प्रदेश २ को पर्यटन क्षेत्रको विकासका लागि २ अर्ब ६८ करोड रूपैयाँ विनियोजन गर्नु सराहनीय भए पनि रारा, सुदूरपश्चिम, महाभारतलगायत क्षेत्रको नामै तोकेर बजेट विनियोजन गर्दा प्रदेश नम्बर २ का गढीमाई, सिम्रौनगढ र जानकी मन्दिरलगायत क्षेत्र अट्न नसक्नु दुर्भाग्यपूर्ण छ । बजेटले प्रदेश २ को पर्यटकीयस्थलको पहिचान तथा प्रवर्द्धनमा उदासिनता देखाएको छ । बजेटले समग्रमा धेरै विषय छुने प्रयास गरिए पनि मधेशका सवालमा यसले पहिला जस्तै कनिका छर्ने काम गरेको छ । त्यसैले बजेट परम्परागत रहेको भन्ने टिप्पणीलाई अस्वभाविक नै मान्न सकिदैन ।

बजेटमा मधेश पृष्ठ ६

वस्तुतः बजेट सुन्दा कर्णप्रिय भए पनि परम्परागत जस्तो लागेको अनुभूति अधिकांशको छ । प्रशासनिक खर्च बढ्ने र विकास खर्च घट्ने सम्भावना छ । अधिकांशको दृष्टिमा पनि बजेट वितरणमुखी र केन्द्रीकृत रहेको छ । बजेट कनिका छरेजस्तो गरी आएको र यसमा समग्र विकासको विषय समेटिएको छैन । केही ठूला योजना, केही ठूला मार्गबाहेक अरू विषय स्थानीय तहलाई दिनुपर्छ तर केन्द्रीकृत रूपमा बजेट प्रस्तुत भएको छ ।

अघिल्लो बजेटमा सरकारले प्रत्येक प्रदेशमा एउटा ठूलो विद्युत् आयोजना अघि बढाउने घोषणा गरेको थियोरू प्रदेशैपिच्छे अघि बढाउने घोषणा गरेका ठूला विद्युत् आयोजना देखिने गरी अघि बढेका छैनन् बरू आगामी वर्षको बजेटमा सरकारले प्रत्येक प्रदेशमा २ वटा ठूला विद्युत वा सौर्य आयोजना निर्माण गर्ने घोषणा गरेको छ ।

सरकारले अघि बढाउने भनेका यी आयोजना अघिल्ला वर्षकै निरन्तरता हुन । सरकारले अघिल्लो वर्ष २०८५ सम्मलाई ऊर्जा दशक घोषणा गर्दै ठूला विद्युत् आयोजनाको निर्माणलाई तीव्रता दिने घोषणा गरे पनि काम भने भएको छैनरू सरकारले बजेटमा घोषणा गरेको विद्युत् आयोजनाको निर्माण अघि बढ्न सकेको छैन ।

प्रदेश २ मुख्य रूपले किसानहरूको प्रदेश हो । आर्थिक समृद्धिका लागि कृषिमा आमूल परिवर्तन जरूरी छ । तर, बजेटमा पर्याप्त रकम विनियोजन गरिएको देखिएको छैन । कृषि क्षेत्रमा विनियोजन गरिएको रकम किसानसम्म पुग्छ कि पुग्दैन हेर्न बाँकी छ ।

बजेटमा दृष्टिकोण र प्राथमिकता निर्धारण गर्न नसक्दा समस्या आएको छ । वर्तमान परिवेशमा हिजोको ढाँचामा बजेट तय गर्नुपर्ने आवश्यक्ता नै छैन । ७ प्रतिशत आर्थिक वृद्धिको लक्ष्य प्राप्तिका लागि कृषि प्रधान अर्थतन्त्रलाई तीव्र आर्थिक वृद्धि गर्नुपर्ने अहिलेको प्राथमिकतामा सरकारले कृषिको अन्न भण्डार मधेशका लागि गतिलो कार्यक्रम ल्याउन सकेन ।

## प्रदेश २ को नीति तथा कार्यक्रम आइतबार

जनकपुरधाम । प्रदेश २ को सरकारले जेठ १९ गते आइतबार आगामी आर्थिक बर्षका लागि नीति तथा कार्यक्रम सार्वजनिक गर्ने भएको छ । प्रदेश सभाको बैठकमा सभामुख सरोजकुमार यादवले आइतबार दिउँसो १ बजे वार्षिक नीति तथा कार्यक्रम सार्वजनिक हुने जानकारी दिए । नीति तथा कार्यक्रम सार्वजनिकीकरण समारोहमा सहभागी हुन प्रदेश सांसदहरूलाई आ-आफ्नो संस्कृति झल्किने पोसाकमा आइतबार साढे १२ बजेसम्म बैठक कक्षमा प्रवेश गरिसक्न अनुरोध गरिएको छ । प्रदेश सरकारले प्रदेशसभाबाट यो तेस्रो नीति तथा कार्यक्रम ल्याउन लागेको हो ।

## ईदमा सार्वजनिक बिदा



काठमाडौं । मुस्लिम धर्मावलम्बीहरूको चाड इद उल फितरमा सरकारले सार्वजनिक बिदा दिने भएको छ । मन्त्रिपरिषद बैठकले ईदको अवसरमा जेठ २३ गते बिदा दिने निर्णय भएको सञ्चार तथा सूचना प्रविधिमन्त्री गोकुलप्रसाद बाँस्कोटाले बताए । ईदमा बिदा काटेको भन्दै नेपाल मुस्लिम संघले सरकारलाई सात दिने अल्टिमेटम दिएको थियो ।

संघले सातै प्रदेशका मुख्यमन्त्रीलाई बिदाको व्यवस्थाका लागि पहल गरिदिन ज्ञापन पत्र बुझाएको थियो । इद उल फितर मुस्लिमलहरूले धुमधामका साथ मनाउने गर्छन् ।

## काठमाडौंमा मधेशी व्यवसायीमाथि निर्घात कुटपिट



काठमाडौं । काठमाडौंमा गत शुक्रबार राति मधेशी समुदायका एक व्यवसायीमाथि निर्घात कुटपिट भएको छ । महोत्तरी जिल्लाका महोत्तरी गाउँपालिका-१ पर्साका हरिराम यादवमाथि कुटपिट भएको हो । बसुन्धरास्थित पसल सञ्चालन गर्दै आएका यादवमाथि शुक्रबार राति ९ बजे तीन जनाको समूहमा आएका युवाहरूले एक्कासी आक्रमण गरेका थिए । उनी पसल बन्द गरेर घर फर्कने क्रममा तीन जनाको समूहले टाउकोमा रड प्रहार गरी घाइते बानाएको छ । यादवको उपचार बसुन्धारास्थित बिपि स्मृति होस्पिटलमा उपचार गराएका छन् । उनको टाउकोमा सात वटा टाका समेत लगाइएको छ । उनलाई मधेशी, इन्डियन, धोती भन्दै सो समूहले रडले प्रहार गरी घाइते बनाएको छ । कुटपिट भएको एक साता बितिसक्दा पनि दोषीहरू अहिलेसम्म पत्ता लाग्न सकेको छैन । कुटपिट गर्नेहरूको खोजी कार्य भइरहेको प्रहरीले जनाएको छ । यता, मधेशका विभिन्न मानवअधिकारवादी तथा नागरिक समाजका अगुवाहरूले यो घटनालाई निन्दा गरेका छन् । अविलम्ब दोषीलाई पक्राउ गरी कडाभन्दा कडा सजाय दन माग गरिएको छ ।

समय-सन्दर्भ

कैलाश महतो



# 'स्वतन्त्र मधेश' मुद्दा अहिले पनि सान्दर्भिक

नेपाल सरकार र स्वतन्त्र मधेश गठबन्धनबीच जुन सहमति भएको छ त्यसको अन्तिम बुँदामा लेखिएको छ कि यो सम्झौता आजैदेखि लागू हुनेछ । यसका लागि नेपाल सरकार बढी गम्भीर हुनुपर्छ ।

जनमत पार्टीको मुख्य उद्देश्य नै हो, जनमत तयार गर्ने हो । त्यसका लागि जनमत पार्टीले प्रत्येक वडादेखि नगरपालिका/गाउँपालिकाहरूमा संगठन निर्माण गर्ने, जनतासँग मुखरित हुने, कन्भिन्स गर्ने र पार्टीको उद्देश्य बुझाउने लगायतका कामहरू गरिरहेको छ ।

सबभन्दा पहिला के प्रष्ट्याउन चाहन्छु भने पृथकतावादी आन्दोलन हाम्रो कहिल्यै पनि थिएन । खासमा हामी स्वतन्त्रता आन्दोलनमा थियौं । स्वतन्त्रता र पृथकता अलग-अलग चीज हो । अर्को कुरा हामी जनता माझ जाँदा जनताले हामीलाई सकारात्मकरूपमा लिएका छन् । जब कुनै पनि काम जनताका लागि गरिन्छ, त्यसमा जनताको प्रत्यक्ष सहभागिता नभइकन कुनै नेता वा दलले केही पनि गर्न सक्दैन । हामीले त्यही जनमत तयार गर्नका लागि जनतासँग साक्षात्कार हुने र संगठित गर्ने अभियानमा हामी लागेका छौं । हामीले छुट्टै राष्ट्रको कहिल्यै पनि माग नै गरेका छैनौं, हामीले स्वतन्त्रताको माग गरेका थियौं । स्वतन्त्रताको कुरा गर्नु र छुट्टै राष्ट्रको माग गर्नु अलग-अलग कुरा भयो । कोसँग छुट्टिने ? मधेशको आफ्नै पहिचान, भूगोल, संस्कृति, रितीरिवाज, भाषा लगायत सबैथोक छ । आफ्नो हुँदैमा अरूसँग छुट्टिने वा मिल्ने त्यो कुरै भएन । मधेशको आफ्नो भूगोल र अस्तित्व छ, त्यो प्रकृतिले दिएको हो । त्यसलाई कसैबाट हामीले छुट्याउने कुरा गरेकै होइन ।

'स्वतन्त्र मधेश' को मुद्दा जनमतको कुरा हो । जनताले नचाहेर केही पनि हुनेबाला छैन । जनताले चाहे भने जे पनि हुन सक्छ । मुलुकमा संघीयता आएको संघीयता जनताकै चाहना थियो । राज्यसत्ता सञ्चालकहरूले त कहिल्यै पनि संघीयता स्वीकार गरेकै थिएनन् । जनताले चाह्यो गणतन्त्र पनि आयो, राजा पनि गयो । जनमत जब तयार हुन्छ र जे जनादेश हुन्छ, त्यही हुन्छ । जनअभिमतलाई हामी कदर गर्छौं र त्यो जनअभिमत तयार भयो भने जनताले जे माग गर्छ त्यो पाउनुपर्छ ।

विगतमा हामीले जनताकै मागअनुसार स्वतन्त्र मधेशको नारा उठाएका हौं । यो बिल्कुल जनताको माग थियो र त्यसलाई कदर गर्दै अगाडि बढेका थियौं । हामी जनतासँग छौं ।

स्वतन्त्र मधेशको माग हामीले छाडेका छैनौं । हामीले छोड्न पनि मिल्दैन र हाम्रै मुद्दा हो भन्न पनि मिल्दैन । आवश्यकताअनुसार मान्छेले आफ्नो बाटो निर्धारण गर्दछ । कुनै भूमिलाई टुक्र्याउनु पनि मात्रै स्वतन्त्रता होइन । जहाँ मान्छे पीडित छन्, त्यसबाट मुक्ति पाउनु पनि स्वतन्त्रता हो । कोही मान्छे आफ्नो परिवारबाट किन छुट्न चाहन्छ ? जब उसले परिवारबाट आफ्नो आवश्यक्ता पूरा हुँदैन तब मात्रै छुट्टिनुपर्ने अवस्था आउँछ । स्वतन्त्रताको कुरा हावा तालमा सुरू हुँदैन । जब राज्यले दोहन गर्छ, अत्याचार गर्छ र शासकले जब बेइमानी गर्छ त्यसपछि स्वतन्त्रताको आवश्यक्ता आफै निर्माण हुन्छ । आवश्यक्ता कै कारणले एउटा देशबाट अर्को देश पनि निर्माण भएको छ । यदि सरकारले मधेशीका सबै समस्या समाधान गर्छ, भेदभाव अन्त्य हुन्छ भने किन स्वतन्त्रताको कुरा आउँछ ।

मधेशकेन्द्रित कसलाई दल भन्ने ? जहाँबाट मधेश आन्दोलनको यात्रा सुरू भयो, मधेशी जनअधिकार फोरमको मधेश पनि गयो र फोरम पनि गयो । अब कुन मधेशी दल छ ? सद्भावना पार्टी थियो त्यो पनि गयो । अहिले राजपा छ, त्यसको पनि कुनै ठेगान छैन । अब कसलाई मधेशी दल भन्ने ? मधेशी दल भनेको त मधेशसँग सम्बन्धित हुनुपर्‍यो नि । मधेशी शब्द राखेपछि न मधेशी दल हुन्छ ।

*बाँकी पृष्ठ ७ मा*





# सम्पादकीय



## बधाई मोदी !

भारतीय राजनीतिका चर्चित नेता नरेन्द्र मोदीले दोस्रो कार्यकालका लागि भारतको प्रधानमन्त्रीमा पुन: निर्वाचित हुनु भएको छ । मोदीले आफ्नो सपथलाई विशेष बनाउँदै छिमेकी राष्ट्रहरूलाई आमन्त्रण गर्नुभयो । उनको सपथ ग्रहण समारोहमा सार्क राष्ट्रका पाकिस्तान, अफगानिस्तान, माल्दिभ्सबाहेक र बिम्स्टेक सदस्य राष्ट्रहरूलाई बोलाइएन । यसका अतिरिक्त किर्गिस्तान र मौरिससलाई पनि निम्ता गरिएको थियो । सन् २०१४ मा मोदीको पहिलो शपथमा पाकिस्तानी प्रधानमन्त्री नवाज सरिफ सहभागी भएका थिए । तर यसपटक पाकिस्तानी प्रधानमन्त्री इमरान खानलाई आमन्त्रण गरिएन ।

भारत आफैँमा विविधताले भरिपूर्ण मुलुक हो । यहाँ अमेरिकामा भन्दा चार गुणा बढी मतदाता छन् । यसपटकको निर्वाचन हिंसारहित ढङ्गले शान्तिपूर्ण रूपमा सम्पन्न भयो । निर्धारित मितिमा निर्वाचन परिणाम पनि आयो । यति धेरै मतदाता भएको मुलुकमा निर्धारित मितिमै निर्वाचन परिणाम निकाल्नु आफैँमा महत्वपूर्ण काम हो । पाकिस्तान, चीन, भुटान, म्यानमार, बङ्गलादेश तथा नेपाल भारतसित सीमा जोडिएका देश हुन् । यस चुनावको संश्लेषण, विश्लेषणमा अन्तर्राष्ट्रिय समुदायसँगै छरछिमेकको चासो रहनु स्वाभाविक हो । झन्डै एक हजार ८८० किलोमिटर सीमारेखा जोडिएको भारतसित नेपालको घनिष्ठ सम्बन्ध छ । दक्षिण, पश्चिम तथा पूर्वी नाका भारतसँगै रहनुले पनि द्विदेशीय सम्बन्धको अभिन्नताको चिनारी दिएको छ । भौगोलिक समानता तथा निकटता, सांस्कृतिक एकरूपतासहित परम्परागत पुरासम्बन्धले पनि नेपाल भारतबीच विशिष्टखाले सम्बन्ध कायम रहेको छ ।

नेपालीहरू भारतका तीर्थमा नगई नतर्ने र भारतीयहरू नेपालका तीर्थमा नआई मुक्ति नपाउने सनातन परिपाटीले पनि सुसम्बन्ध विस्तारको विकल्प छाडेको छैन । तैपनि, सम्बन्धको गाडी 'स्टाण्डर्ड गेज'मा बुलेट ट्रेनझैँ नकुदी किन 'न्यारोगेज'मा कालोधुवाँ छाड्दै कछुवा तालमा छुकछुकिन विवश भइरहेको छ ? यसको सही उत्तर र समाधानको खोजी आजको आवश्यकता हो ।

निदान बिनाको उपचार बेकम्मा ठहरिन सक्छ तर नेपाल भारतबीच रहे, भएका समस्या सल्टाई सही दिशा पहिल्याउन यतिखेर 'नेपाल भारत प्रबुद्ध व्यक्ति समूह' (

**क्षेत्रीय शक्तिका रूपमा उदाएको भारतले यसका छिमेकीहरूसँगको सम्बन्धलाई समय सापेक्ष सुधार गर्नुपर्ने छ ।**

ईपीजी)को प्रतिवेदन आशाको किरण बनेको छ । चुनावको मुखमा कसैको मुहार नअमिल्याउने भनी थाती राखिएको प्रतिवेदन जतिसक्दो छिटो ग्रहण गरी सम्बन्ध विस्तारतर्फ अभूतपूर्व ऐतिहासिक फड्को मार्न सुरम्य वातावरण बनेको छ ।

विगतका सन्धि, सम्झौता, सहमतिलाई युगानुकूल तुल्याउने, सुस्ता, कालापानीलगायत सबैतिरका सीमाविवाद सल्टाउने, डुबान समस्या निराकरण गर्ने, कोशी, गण्डकपीडितलाई क्षतिपूर्ति दिने, चालु योजना निर्माणमा जोड लगाउने, रेल तथा पानीजहाजका प्रतिबद्धता पूरा गर्न कृतसंकल्पित हुने र भारतसित रहेको नेपालको व्यापार घाटा अपूर्व ढंगबाट न्यून गर्ने दिशामा तत्काल गतिशीलता बढ्नसके, नेपाल-भारत सम्बन्धमा नयाँ उचाइ थपिनेछ । भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीको नयाँ कार्यकालमा धड (केदारनाथ/भारत) र शिर (पशुपतिनाथ/नेपाल)ले सुखद समन्वयपूर्ण आसन प्राप्त गर्नसके सामयिक आकांक्षा अधुरा रहने छैनन् । आशा गरौँ, आउँदा दिनमा द्विदेशीय साइनो झन् कसिलो हुँदै जानेछ ।

यसअतिरिक्त क्षेत्रीय शक्तिका रूपमा उदाएको भारतले यसका छिमेकीहरूसँगको सम्बन्धलाई समय सापेक्ष सुधार गर्नुपर्ने छ । छिमेकीहरूसँगको सम्बन्ध घनीभूत नहुँदा सहकार्य र एकताको पक्ष कमजोर हुन सक्छ । विशेषगरी पाकिस्तानसँगको कटुताले विवाद गम्भीर मोडमा पुगेको छ । भारत र पाकिस्तान दुवै आणविक शक्तिराष्ट्र भएकाले वार्ताद्वारा विवादको शान्तिपूर्ण समाधान खोज्नु सबैको हितमा हुन्छ । दोस्रो कार्यकालमा प्रधानमन्त्री मोदीले मित्रताको गाँठो बलियो बनाउँदै क्षेत्रीय शान्ति र एकतालाई जोड दिनु आजको प्रमुख आवश्यक्ता हो । छिमेकीसँगको सम्बन्ध राम्रो भएन भने शान्ति स्थापना हुन सक्दैन । अत: भारतका प्रधानमन्त्रीका रूपमा पुन: निर्वाचित नरेन्द्र मोदीलाई हार्दिक बधाइ छ । उनको आगामी कार्यकाल पहिला जस्तै सफल हुने विश्वास पनि छ ।

## साताको सात बात



अहिलेसम्म पनि खास असन्तुष्टि मधेशमा रहेको छ । मधेशकेन्द्रित दलमध्ये पनि एउटा सरकारमै छ । अर्कोले समर्थन फिर्ता लिएको छ । सरकारले चित्त ठूलो बनाउनुपर्छ । ठूलो छाती बनाएर असन्तुष्टिको आवाजलाई धैर्यपूर्वक सम्बोधन गर्नुपर्छ । विलप्वसँग पनि वार्ता गर्नुपर्छ । मधेशसँग पनि वार्ताबाटै समाधान खोज्नुपर्छ । **डा. रामवरण यादव, पूर्वराष्ट्रपति**



सैद्धान्तिक रूपले गणतन्त्र स्थापित गर्‍यौं तर व्यवहारिक रूपले गर्न केही समय लाग्छ । अबका दिनमा विकास निर्माणमा स्थानीय सरकारलाई बढी अधिकार दिने र स्थानीइ तहबाट सुशासन जनतामा पुर्‍याउने नीति लिनुपर्छ । यो समय प्राप्त गणतान्त्र संस्थगात गर्ने बेला हो । **कृष्णबहादुर महरा, सभामुख, प्रतिनिधिसभा**



अहिलेको सरकारमा लुटतन्त्र, भ्रष्टाचार चरम सीमामा रहेको छ । सरकारले मुलुकका लागि राम्रो काम गर्न सकेको छैन । कम्युनिष्टको सरकार छ, लुटतन्त्र, भ्रष्टाचार, कमिसनतन्त्र चरम सीमामा छ, यसरी मुलुकले परिवर्तन गर्न सक्दैन । कांग्रेस र कम्युनिष्ट उपलब्धी रक्षा गर्न होइन, समाप्त पार्ने खेलमा लागेका छन् । **उपेन्द्र यादव, उपप्रधानमन्त्री**



लोकतन्त्रका लागि आन्दोलनमा मिडियाले साथ दिएको छ र यो सरकारले संचार जगत्लाई हानि पुर्‍याउने केही काम गर्दैन । संविधानले नै हामीलाई अलोकतान्त्रिक कुरा गर्न दिँदैन । ऐन, नियम राम्रोसँग पढ्नुहोस, आशंकाको भरमा व्याख्या नगरौं, शंकाको कुनै औषधि हुँदैन । **गोकुलप्रसाद बाँस्कोटा, संचार तथा सूचना प्रविधिमन्त्री**



संघीयता मधेशीको भावनाअनुसार नै भएको छैन । प्रदेश २ भनेको त छुटेर जाने भए जा भनेर मालिकले आफ्नो घरभन्दा बाहिर सानो झुप्रो बनाइदिएको जस्तै हो । मधेशीहरू काठमाडौंमा स्वेच्छाले आएका हुन् । स्वेच्छाले आउनु एउटा कुरा हो, राज्यले योजनावद्धरूपमा त्यो भूभाग कब्जा गर्नु अर्को कुरा हो । **सीके लाल, विश्लेषक**



मुलुकका सातवटै प्रदेशमध्ये प्रदेश २ तुलनात्मक रूपमा मानव सुचकांकको सूचकमध्ये धेरैमा पछाडि रहेको छ । त्यसैले संघीय सरकारले गर्ने विकास निर्माणका काममा प्रदेश २ पहिलो प्राथमिकतामा पर्नुपर्ने देखिन्छ । विभेदमुक्त समाजका लागि प्रतिबद्ध रहेको प्रदेश २ सरकारले संचालन गरेको बेटी बचाउ बेटी पढाउँ कार्यक्रम प्रभावकारी बन्दै गएको छ । **मो.लालबाबु राउत गद्दी, मुख्यमन्त्री, प्रदेश २**



अहिलेको अवस्थामा तत्कालिन फोरम नेपाल सत्ता पक्षमा छ भने हामी प्रतिपक्ष भयौं । विभिन्न कारणले हामी सरकारमा सहभागी भएनौं तर अहिले समाजवादी पार्टी, नेपालसँग एकीकरण गर्‍यौं भने हामी पनि सत्ताधारी दल हुन जान्छौं । जनताले हामीसँग गरेको विश्वास समाप्त हुन जान्छ । **केशव झा, महासचिव, राष्ट्रिय जनता पार्टी नेपाल**

# मधेशको पृष्ठभूमि र अधिकारका कुरा

**विचार-विश्लेषण** भाग-२५



उपेन्द्र झा

मधेशको मामिलामा नेपाली काँग्रेस, एमाले, माओवादी लगायतका अन्य दलहरू सबै एक ढिक्का हुने संविधान सभाका अनेकन दृश्यहरू प्रमाणका लागि पर्याप्त रहेका छन् । विगतका सामन्ती सरकार जस्तै लोकतान्त्रिक वा कम्युनिष्ट सरकार मधेशसंग विभेदको व्यवहार कायम नै राखेकोबाट यिनी सबै एउटै वर्गका फरक फरक अनुहार हुन भन्ने विश्वास मधेशमा किन जाग्दैन ?

मधेशको विशाल जनघनत्व, राज्यविहीनताको अवस्था तथा मधेशको ठूलो जनसंख्याबाट भयाक्रान्त राज्यले यसलाई नियन्त्रण गर्न सेना, पुलिसको व्यारेकका साथै बिर्तावालहरूको सघन उपस्थिति गराएर मधेशलाई राज्य व्यवस्थाप्रति आस्था जगाउने बडो सूक्ष्म प्रयास गर्दै आएको छ । राज्य संयन्त्रको मधेशमा सघन उपस्थिति रहेपनि मधेशीको भावनालाई राज्यसँग जोड्न सकेन । मधेश उर्बर भूमि भएको तथा औंलोको प्रकोप कम भएपछिका दिनमा पहाडबाट मानिसहरूको बसाई सराई गराई पूर्व मध्य र पश्चिम मधेशमा त्यहाँका बासिन्दालाई विस्थापित पारिएको कलंकित इतिहास पनि विद्यमान छ । मधेशका वासिन्दाभन्दा त्यहाँका उर्बर भूमिमाथि सधैं लोभी नजर राख्ने राज्यले मधेशीसँग अपनत्व गाँस्ने प्रयास नै गरेन ।

दुई सय ३१ वर्षको लामो अन्तरालमा क्षमता, सीप र दक्षताको आधारमा समान अवसर पाउन नसकेको अवस्थामा हुनेखाने परिवारले त्यहाँ उपस्थित बिर्तावालहरूलाई भेटी दिएर, चाकडी गरेर राज्यमा पहुँच बनाउन थाले । अवसर पाउन अरूहरूले पनि यसको देखासिकी गर्न थाले । फलत: मधेशमा चाकडी प्रथाको शुरूवात भयो । राणाकालमा पनि मधेशीहरू (राजालाई खुशी पार्न जङ्गबहादुरले धरहराबाट तथा त्रिशुलीमा हाम्फाले जस्तै) आफ्नो पराक्रम देखाई कतिपयले राज्यमा उपस्थिति देखाएका थिए । राज्यमा मधेशीको व्यापक उपस्थितिले सोही अनुपातमा मधेशमा चाकडी, गुलामी र दास मनोवृति फस्टाउँदै गयो । राज्य प्रतिनिधीको निगाह बक्सले मधेशको पुश्ता दर पुश्तालाई गुलाम बनाउने प्रक्रियाको थालनी भयो । मधेशले सामन्ती राज्यसत्ताको सूक्ष्म षड्यन्त्रलाई बुझ्नै सकेन । यसको आडमा राज्यले मधेशमा गरेको दोहन, शोषणलाई मधेशीले आफ्नो भाग्य बुझ्यो र उसको जीवनस्तर झन् झन् खस्किदै गयो ।

दुई सय ३१ वर्षको लामो अन्तरालमा राज्य शोषणको पीडादायी शिकंजामा पिसिदै मधेशका पिंढी दर पिंढीमा क्रमिक रूपमा चेतनाको विकास हुन थाल्यो । २००७ साल पछि प्रजातन्त्रको घाममा मधेशले केही कुरा सिके भने ०१७ सालपछि मधेशी जनताले प्रजातन्त्र तथा कम्युनिष्टको सिद्धान्तबारे धेरै कुराको जानकारी लिए । नेपाली काँग्रेस र नेपाल कम्युनिष्ट पार्टी तत्कालिन राजा महेन्द्रको पंचायती शासनलाई सामन्ती शासन भन्दै जनताको राजनीतिक चेतना जगाउन घर घर जान्थे । नेपाली काँग्रेस र कम्युनिष्टका धेरै नेता तथा कार्यकर्तालाई जेलमा हाली पार्टीमाथि प्रतिबन्ध लगाउनाले दुबै पार्टीले जनतामा आ-आफ्नै ढंगले मधेशी जनतालाई प्रशिक्षण दिंदै संगठित गर्न थाले । ती प्रशिक्षण लिएर आन्दोलनमा होमिने अहिलेका पिता पुश्ताले ०३६ साल, ०४६ सालमा भीषण जन आन्दोलन ल्याएर अपहरित प्रजातन्त्रको पुनर्स्थापना गरायो ।

०४६ सालमा प्रजातन्त्रको पुनर्स्थापना पश्चात्को दिनमा सत्ताभोगमा नराम्ररी फँसेका नेपाली काँग्रेस र नेकपा एमाले जनताप्रतिको दायित्व बिर्सेर भागबण्डाको राजनीतिमा १२ वर्ष बिताए । जन उपेक्षा बढेर गयो । खासगरि मधेशीप्रतिको विभेद सामन्ती सत्ता भनिएकोभन्दा बढि मुखर भएपछि मधेशी जनताको नारद मोह भंग भयो । राज्यसंग जनताको अन्तर्विरोधको पहिचान गराउने, मुख्य दुश्मन पहिचान गर्ने तथा सोको विरूद्ध क्रान्ति संचालन गरि आफ्नो हक अधिकार सुनिश्चित गर्ने सम्पूर्ण शिक्षा दिने नेपाली काँग्रेस र नेकपा एमाले नै थिए । दुबै पार्टीको सत्तारोहण पछिको क्रियाकलापबाट के कुरा प्रष्ट भयो भने यिनी सत्ता प्राप्त गर्न जनताको सहयोग चाहन्थे । सत्तामा गएपछि जन अपेक्षाप्रतिको उदासीनताले नेपालको राजनीतिक अराजकतालाई तीव्र रूपमा बढायो र ०५२ सालमा माओवादीको जन्म भयो । ०५८ सालमा राजा ज्ञानेन्द्रले शासनसत्ता आफ्नो हातमा लियो ।

राज्यसत्ता प्राप्त गर्न उठेका आन्दोलनहरूले मधेशको राजनीतिक चेतनाको विकास गरायो । जहाँ नेपाली काँग्रेसले प्रजातन्त्रको नाम दिएर आफू नै समाजवाद ल्याउने दावा गरि रहेका थिए, उहीं नेपाल कम्युनिष्ट पार्टी सर्वहाराको राज्य कायम गर्ने आश्वासन दिई रहेका थिए । मधेशमा जागृत राजनीतिक चेतनाले प्रजातान्त्रिक भनिएको सरकारले पनि मधेशमा विद्यमान रहेको परम्परागत रंगभेद नीति तथा दोहन, शोषणका प्रकारहरू समूल नष्ट नगरि यसको निरन्तरता दिएको कारण "यिनीहरू को हुन्" भन्ने बिषयको व्यापक अनुसन्धान गरि देखायो । मधेश र राज्यसत्ताबीचको अन्तर्विरोध क्रमिक रूपमा परिलक्षित हुन थाल्यो र चेतनाको स्तर बढ्न थाल्यो ।

राज्यसत्ताले मधेशलाई हेर्ने दृष्टिकोण, गर्न चाहने रणनीति, सम्बन्धको अस्पष्टता, औपनिवेशिक अवस्था, दोहन शोषणका प्रकार आदिबारेका जानकारी मधेशका युवाहरूको चेतनामा आयो । मधेशी रूढिवादी समाजको पृष्ठभूमिमा दास मनोवृतिको गहिरो छाप शदियौंदेखि रहेकोले यसमा आमूल परिवर्तन गर्न धेरै समय लाग्ने आकलन त थियो नै, शदियौंदेखि राज्यविहीनताको अवस्था, औपनिवेशक शोषणको अन्धकारमा कैद युवाहरू एक्कासी चेतनाको प्रकाशमा आउँदा विद्रोह गरि हाले जो मधेश आन्दोलनबाट परिभाषित भयो । मधेश आन्दोलनले समग्र देशका शोषित, पीडितलाई आफ्नो अधिकारका लागि अगाडि आउन प्रेरित गर्‍यो । उत्पीडनमा रहेका सबै समुदाय अधिकारका लागि सडकमा आएकोले यो राष्ट्रिय आन्दोलनको रूपमा लोकप्रिय भयो ।

जन आन्दोलन, प्रजातान्त्रिक आन्दोलन जे भनिए पनि सामन्ती राज्यसत्ता भनेर आन्दोलन गर्न जनतालाई प्रेरित गर्ने नेपाली काँग्रेस, एमाले तथा माओवादी समेतले सत्तामा आएपछि यसको स्वरूपमा आमूल परिवर्तन गर्न नचाह्ने नियतबारे पनि अधिकारवादी अगुवाहरूले धेरै अध्ययन, अनुसन्धान गरे । पुरानो सामन्ती राज्यसत्तासंग नेपाली काँग्रेस, एमाले र माओवादीको अस्तित्वको सम्बन्ध रहेको प्रष्ट भयो । राज्यसत्तालाई बदल्न होइन, राज्यसत्तामा सामेल हुन मात्र आन्दोलनको ध्येय राखी यिनले आन्दोलन गरेका हुन् ।

लोकतान्त्रिक सरकारको पालामा ०६३ साल माघ २ गते मधेश आन्दोलन उठेको हो । आफ्नै लोकतान्त्रिक सरकार भए मधेशले आन्दोलन किन गर्थ्दथ्यो होला ? माओवादी द्वन्द्व किन आउँथ्यो होला ? सिद्धान्त बमोजिमको व्यवहार नदेखिएको, पूर्ववर्ती व्यवहारमा केही फेरबदल गरि सामन्ती राज्यसत्ताको निरन्तरता दिएको कारणले अधिकारवादी आन्दोलनको जन्म भएको कुरा प्रष्ट छ । अधिकारवादी आन्दोलनलाई सम्बोधन गर्न ल्याईएका संविधान सभालाई पनि दुराशयपूर्ण सामन्ती व्यवहारले सबैको आवाजलाई दबाएर जुन संघीय संरचना ल्यायो, संघीयता चाह्ने नचाह्ने कसैलाई मान्य भएन । बडो साजिशपूर्ण ढंगले 'माइक्रो मेनेजमेन्ट' तहत मधेशलगायत अधिकारका आवाजहरूलाई दबाएर शान्ति प्रक्रिया पूरा गरेको छ । दबिएको बबण्डरमाथि ल्याईएको दुई तिहाईको सरकारले आफ्नो कार्यकाल पूरा गर्नेमा कसैको विश्वास छैन ।

राज्यको साजिश तथा मधेशलाई प्रतिनिधित्व गर्ने दलहरू मुद्दा छोडेर सत्तापक्षसंग विना शर्त मिल्न जाने कारणले मधेशले पराजय भोग्नु पर्‍यो । पराजित मानसिकताले राज्यको विरासतमा पाएको चाकडी संस्कारमा मधेशलाई पुनश्च धकेल दियो । गत वर्षको चुनावको बेला अवसर खोज्दै जनाधार भएका मधेशीहरू नेपाली काँग्रेस, एमाले र माओवादीको शरणमा गए र चुनाव जित्ने सौभाग्य पनि पाए । अहिले संसदमा पार्टीहरूको संख्या बढाएकोले मधेशीको महत्व बढेको छ । तर यस्तो अवस्था सधैंभरि नरह्ने विगतको अनुभवले देखाएकै हो ।

मधेश आन्दोलनले विभिन्न पार्टीमा छरिएर रहेका मधेशीहरूलाई आफ्नो धरातलमा संगठित त गर्‍यो तर यसमा संघर्षलाई उठाउने र परिणाममुखी बनाउने क्रान्तिकारी शक्तिभन्दा अवसर खोज्नेको ठूलो जमात संगठित भयो । आन्दोलनबाट नेतृत्व पाएका मधेशका दलहरू शक्ति उन्मादमा पार्टीको संस्थागत विकास गर्न नसकेर अवसरवादको दलदलमा विस्तौ धस्दै गयो । गलत ट्र्याकमा गएको पार्टीले मधेशमा गुणात्मक परिणाम दिन सकेन । मधेशको संघर्षले भित्र तथा बाहिर दुबैतिरबाट असहयोग पाएको कारण यो परिणाममुखी बन्न सकेन । पराजयको यो अवस्थामा अवसरवादी मधेशीहरू आफ्नो धरातल छोडी अवसरको खोजीमा अन्यत्र जान थाले भने क्रान्तिकारी शक्ति जहाँको तहीं सुसुप्ता अवस्थामा गए ।

मधेशको मामिलामा नेपाली काँग्रेस, एमाले, माओवादी लगायतका अन्य दलहरू सबै एक ढिक्का हुने संविधान सभाका अनेकन दृश्यहरू प्रमाणका लागि पर्याप्त रहेका छन् । विगतका सामन्ती सरकार जस्तै लोकतान्त्रिक वा कम्युनिष्ट सरकार मधेशसंग विभेदको व्यवहार कायम नै राखेकोबाट यिनी सबै एउटै वर्गका फरक फरक अनुहार हुन भन्ने विश्वास मधेशमा किन जाग्दैन ? सरकार र मधेश आमने सामने भएको, सरकारले मधेशका वीर सपूतलाई सयकडौंको संख्यामा मारेको, मधेशको आवाजलाई दबाएर सौतेला व्यवहार गरेका, संघीयता दिंदा मधेशलाई ६ टुक्रा गरेको आदि कारणले सरकार र मधेशबीच खिंचिएको रंगभेदको विभाजन रेखा कसरी हट्ने ?

सानातिना अन्तर्विरोधमा परिवर्तन आएपनि मुख्य अन्तर्विरोध यथावत् रहेकोले मधेशको संघर्षको औचित्य मेटिएको छैन । अपेक्षित अधिकार सम्बोधन नभएसम्म मधेशको आन्दोलन फेरि फेरि संगठित हुनेमा कुनै शंका छैन । व्यक्तिले चाहेभन्दा पनि परिस्थितिले संघर्षलाई जगाउँछ र यो पुनश्च सतहमा आउँनेछ । राज्यसत्ताको स्वरूपमा आमूल परिवर्तन गर्न नचाह्ने यी शक्तिहरू अहिले नेकपा दुई तिहाईको शक्तिशाली सरकार बनाएपनि केही गर्न सकि रहेको छैन । भ्रष्टाचारको मुद्दा उठ्छ र विलीन हुन्छ । अर्थ, कृषि, उद्योगलगायत विकासका काम अगाडि बढ्न सकि रहेको छैन । व्यापार घाटा प्रति वर्ष २१ प्रतिशतले वृद्धि भई रहेको छ । परनिर्भरता दुई १० को अंकमा प्रतिवर्ष बढेको छ । नेपाल राष्ट्र बैंकले अर्थतन्त्रको तथ्याँक सार्वजनिक गर्दा आर्थिक दयनीयता यसै पनि उजागर हुन्छ । रचनात्मक कार्यमा भन्दा अनावश्यक कार्यमा सरकार बढि व्यस्त रहेकोले प्रतिकूल परिस्थिति सृजना हुने बेर छैन । साइत हेरेर काम थाल्दासम्म राजनीतिक अनुकूलता रहने हो वा होइन, समयले बताउला ।

janukjha24@gmail.com

# बटसावित्री पर्व : सौभाग्यको निशान



सुधा मिश्र

हरेक वर्ष जेठको अमावस्याको दिन मनाइने वटसावित्री व्रत यो वर्ष सोमबार जेठ २० गते मनाइने भएको छ । यो पर्व सुहागन महिलाहरूले अखण्ड सौभाग्य र परिवारको सुख समृद्धिका लागि मनाउने गर्छन् । यो पर्वको दिन महिलाहरू आफूलाई नयाँ साडी र आभुषणमा सजेर वटवृक्षको पूजा गर्ने गर्छन् । वटवृक्षको जरामा ब्रम्हा, बीचमा विष्णु र माथि टुप्पोमा महेशको बास हुन्छ भन्ने जनविश्वास रहिआएको छ । वटवृश्रको तल बसेर पूजा गर्दा बम्हा, विष्णु र महेशको पुजा हुन्ने जनविशवास छ ।

नेपालको मधेश क्षेत्रमा मनाइने यो पर्व काठमाडौंमा पनि बडो धुमधामका साथ मनाइने गरिन्छ । राजधानीको हरेक वटवृक्षमा जेठ अमावस्याको दिन व्रतालु महिलाहरूको घुइँचो लागेको हुन्छ । खासगरी पशुपतिनाथको मन्दिर भएको वटवृक्षमा गएर पूजा बिहानै चार बजे देखि बेलुकासम्म व्रतालुको बाक्लो उपस्थितिका कारण त्यहाँ लामो लाइन बस्नु पर्ने हुन्छ । यो गर्मीमा लामो लाइन बसेर भएपनि आफ्नो पालो धैर्यताका साथ कुरेर बडो निष्ठा र भक्तिको साथ वटवृक्षको पूजा गर्ने गर्छन् ।

यो पर्वमा सिजनले फल खासगरि आप र लिच्ची चढाइने गरिन्छ । आफ्नो निष्ठा अनुसार धेरैले पाँच किसिमका फल र पाँच किसिमका मिठाइले पूजा गर्ने गर्छन् भने कसैले सात किसिमका फल चढाउने गर्छन् । जति किसिमका फल चढाएपनि आँप र लिच्ची चाहिं हुनैपर्छ । यो पर्वमा बोसक बेन वा पंखमा भिजाइएको चना अर्थात मुंग वा केराउ राखेर पूजा गरिने गर्छ ।

व्रतालु महिलाहरूले वटवृक्षको पूजा गरिसके पछि त्यहि बसेर सावित्री र सत्यमानको कथा सुन्ने गर्छन् । सावित्रीले आफ्नो पति सत्यमानको मृत्युपश्चात यमराजबाट फर्काएर घर ल्याएकोले यो पर्व गर्नाले अखण्ड सौभाग्य वरदानको रूपमा पाइने जन विश्वास रहिआएको छ ।

सावित्री एक राजाकी छोरी थिइन् । आफ्नो स्वयम्वरमा उनले राजा सत्यमानलाई रोजिन् जसले गर्दा नारद ऋषिले कनियां तिमी अर्को वर रोज, यसको अल्पआयु छ, जसले गर्दा अकाल मृत्यु हुनेवाला छ भन्दा सावित्रीले मैले रोजिसकेकाले अब बदल्न नसक्ने बताइन् । र, राजा सत्यमानलाई नै आफ्नो पतिको रूपमा स्वीकारिन् । भनिन्छ, भाग्यमा लेखिएको घटना घटिन्छ नै त्यहीं कुरा सत्यमानको जीवनमा पनि घट्यो । उनको राज्य खोसिनुको साथै आमाबुबा अन्धो हुन पुगे । आफ्नो पति सत्यमानको अन्त्यको घडी देख्दा सावित्रीले वटवृक्षको तल गई आफ्नो पतिलाई काखमा राखेर त्यहीं वटवृक्षको पूजा गरिन् ।

सत्यमानको मृत्यु भयो र यमराज सत्यमानको आत्मा लिएर यमलोक जाँदै गर्दा सावित्री पनि यमराजको पछिपछि लागिन् । यमराजले सवाल गर्दा जहाँ मेरो पति जान्छ, त्यहीं म पनि जान्छु । यहि पत्नीको धर्म भन्दै पछि लागिरहिन् । यमलोक पुग्दा यमराजले तिमी आउन मिल्दैन बरू चाहिने कुरा दिइने भनेर वरदान माग्न भनियो उनले मेरो खोसिएको राज्य फिर्ता होस्, सासुससुराले देख्न सकुन र राज्य चलाउनका लागि एक छोरा होस् भनि वरदान मागिन् । यमराजले वाचा पूरा गर्ने कुरा बताए तापनि सावित्री पछि लागेको देखेर यमराजले किन नफर्केको बारे सोधे । सावित्रीले छोरा त हुन्छ भन्नुभयो तर श्रीमानबिना म छोराको आमा कसरी हुन पाउँछु भनी प्रश्न गरिन् । यमराज सावित्रीको चलाखी देखेर खुशी हुँदै सावित्रीलाई सत्यमान फर्काएका थिए ।

त्यसैले बटसावित्री व्रत सौभाग्यवति महिलाहरू बडो निष्ठापूर्वक गर्दछन् । यो व्रत भक्तिपूर्वक गर्नाले पतिको लामो आयु हुने, घरपरिवारमा सुख समृद्धि हुने जनविशवास रहिआएको छ ।

मधेशका हरेक पर्वले प्रकृतिसँग आत्मसात गरेको हुन्छ । ऋृतुअनुसार विभिन्न पर्वहरू मधेशमा मनाइने गरिन्छ भने ऋृतुअनुसारको फलफूल र अन्नको प्रसाद चढाइने गरिन्छ । यसरी हेर्दा हरेक पर्वले प्रकृतिसँग पेम गर्न सिकाएको देखिन्छ । वटवृक्ष एउटा यस्तो वृक्ष हो जसको चारैतिर फराकिलो रूपमा फैलिएको हाँगाले गर्मीमा शीतलता त प्रदान नै गर्छ र यो पर्व मधेश-पहाड दुवै ठाउँमा सहजताका साथ पाइन्छ । यसमा पीपलको रूख जस्तै विभिन्न वैज्ञानिक गुणहरू पाइन्छ । त्यसैले होला हामी नेपाली संस्कारमा महान् छौ जसले हामीलाई प्रकृतिमय बन्न सिकाइ राखेको हुन्छ ।

# विभेद रहेसम्म राजनीतिक मुद्दा समाप्त हुँदैन

जबसम्म विभेद रहन्छ, तबसम्म राजनीतिक मुद्दा समाप्त हुँदैन । विकासको कुरा गर्छ, के विकास ? यहाँ प्रत्येक नेपालीको टाउकोमा ३६ हजार ऋण भार थपिसकेको छ । किसानको खेतमा पानी छैन तर पानी जहाज चलाउने कुरा गर्दैछ । यस्ता-यस्ता कुराहरू पञ्चायतकालमा राजा महेन्द्रले २०१७ साल पुस १ गते प्रजातन्त्रको हत्या गर्दा पनि यस्तै कुरा गरेका थिए ।



**खुशीलाल मण्डल**
**वरिष्ठ राजनीतिज्ञ**

**० गणतन्त्रको १२औं वर्षे यात्रालाई कसरी विश्लेषण गर्नुहुन्छ ?**

– गणतन्त्रको १२औं वर्षे यात्रा सबै सामु छर्लङ्ग छ । गणतन्त्रको नारा दिने राजनीतिक दलका नेताहरूले नै गणतन्त्रलाई उपेक्षा गरिरहेका छन् । कम्युनिष्ट पार्टीको सरकारले गणतन्त्रको भाषण गर्छन् तर त्यसको बिदा कटौती गरेको छ । फागुन २७ गते पृथ्वी जयन्तीको दिन बिदा दिन्छ तर गणतन्त्र दिवसको बिदा कटौती हुन्छ । जुन सरकारमा प्रचण्डको पार्टी पनि सहभागी छ, उसैले गणतन्त्रको उपेक्षा गरिरहेको छ । २००७ सालमै गणतन्त्र नेपालमा प्रवेश गरिसकेको थियो । २००७ साल फागुन ७ गते राजा त्रिभुवन जब अन्तिम संविधान जारी गर्दै थिए, त्यसमा स्पष्ट लेखिएको थियो कि संविधानसभाद्वारा संविधान जारी हुनेछ । संविधानसभाले गणतान्त्रिक व्यवस्थाको संविधान जारी गर्‍यो भने स्वीकार गर्छु भनेर राजाले प्रतिबद्धता जनाइसकेका थिए । त्यसकारण गणतन्त्र आजको कुरो होइन । गणतन्त्र मात्रै आएर हुँदैन । गणतन्त्रको विभिन्न रूपहरू हुन्छन् । चीन, रूस, क्युबा, उत्तरकोरिया लगायत धेरै देशहरूमा गणतन्त्र छ । तर, त्यसका रूपहरू भिन्न-भिन्न छन् । नेपालको गणतान्त्रिक संविधानमा सामाजिक न्यायमा आधारित समाजवादी व्यवस्थातिर उन्मुख हुने लेखिएको छ । सामाजिक न्यायको अर्थ के हो ? नेपालमा सदियौंदेखि जुन वर्ग र समुदाय उपेक्षित र शोषित रह्यो उसले के पाए । नेपाली जनताले संघर्ष गरेर जुन अधिकार पाएका छन् त्यो पनि खोस्न खोजिँदैछ ।

**० संघीयता, गणतन्त्र, समावेशिता लगायतका कुराहरू मधेश आन्दोलनको देन हो भन्निछ । तर, मधेशले के पायो ?**

– २०६२ सालमै जति बेला एउटा मात्र दल थियो आन्दोलनमा सद्भावना पार्टी, त्यसले सात दलबाट लेखाइसकेको थियो कि राज्यको पुनर्संरचना गरिनेछ । मधेशी, आदिवासी, जनजाति, दलित, महिला वर्गलाई मूलधारमा बढी सहभागिता जनाउन आरक्षणको व्यवस्था गर्नेछ । आधार वर्ष मानी नागरिकता समस्या समाधान गर्छ र संवैधानिक प्रश्नको निरूपण संविधानसभाद्वारा गरिनेछ । तर, दुर्भाग्य २०६३ कार्तिकमा संविधान जारी भइरहेको थियो, तर त्यस संविधानमा संघीयता लेखिएन । त्यसपछि विभिन्न चरणमा आन्दोलन भयो । २०६४ चैतमा चुनाव भयो र त्यसले संविधान नै बनाउन सकेन । २०६४ को संविधानसभाले यसकारण संविधान बनाउन सकेन कि त्यसमा मधेशी, आदिवासी जनजातिको बाहुल्यता थियो । एक खासवर्गको एकाधिकार खोसिने डरले सो संविधानसभा विघटन गराइयो । दोस्रो संविधानसभासम्म आइपुग्दा मधेशी दलहरूले गरेको गल्तीको परिणाम फेरि शासक वर्गकै बहुमतमा आयो । उनीहरूले संविधान बनायो । संविधानमा संघीयता, गणतन्त्र र समावेशिता लगायतका कुराहरू लेखिसकेका छन् तर उनीहरूको संस्कारमा परिवर्तन भएको छैन ।

प्रधानमन्त्री भन्छन्, प्रदेश र स्थानीय सरकार नेपाल सरकारको निकाय हो । निकायको अर्थ मातहत हुन्छ । जबकि संघीयताको मर्मअनुसार प्रदेश र स्थानीय सरकारको आफ्नो स्वायत्तता हुन्छ । नागरिकताको कुरा गर्ने हो भने पञ्चायतकालमा भनिन्थ्यो कि ६० लाख भारतीय नागरिकता लिइसकेका छन् । नागरिकता विधेयकमाथि जुन बहस चलिरहेको छ, त्यसमा तत्कालीन एमालेका नेताहरूले ४१ लाख भारतीयले नेपाली नागरिकता लिएको भनिरहेका छन् । त्यसैले पञ्चायतकाल र अहिलेको सोचमा कुनै परिवर्तन भएको छैन । जितेन्द्र देव आयोगले दिएको रिपोर्टअनुसार ४० हजार नेपालीको नागरिकता बदर गर्ने सर्वोच्च अदालतले फैसला गरेको छ । जितेन्द्र देव को हुन् ? जितेन्द्र देव त्यो बेला नेकपा एमालेको केन्द्रीय सदस्य थिए ।

**० भनेपछि गणतन्त्र नामका लागि मात्रै लागि आएको हो ?**

– गणतन्त्र नामका लागि मात्र आएको हो, व्यवहारमा उतार्न सकिएको छैन । गणतन्त्रको रूप एकात्मक शासनमा परिणत हुने खतरा छ । एकल नेतृत्वमा त देश गइरहेको छ । एउटा मधेशी दल सरकारमा छ । संविधान संशोधन गराउन सरकारमा सहभागी भएको दाबी गरेको छ । तर, सरकारको जो मुखिया छ, उसको नेतृत्वको सरकारले प्रेसको गाला निमोठ्न तयार छ, मानवअधिकारवादीको अधिकार कुण्ठित गर्न तयार छ र आफ्नै दलका नेताहरूको अधिकार कुण्ठित गरिरहेको छ । त्यसैले, ओली नेतृत्वको सरकारले संविधान संशोधन गरेर मधेशी, आदिवासी जनजाति लगायत उत्पीडितहरूको अधिकार सुनिश्चित गर्दैन । जसरी ढुंगामाथि दुबो जन्मिँदैन, बालुवाबाट तेल निस्किँदैन त्यस्तै ओली सरकारसँग संविधान संशोधन र मधेशीको अधिकार स्थापित गराउने कुरा गर्नु दिवास्वप्न मात्र हो । यिनीहरूले किन संविधान संशोधन गर्छ । शासन प्रशासनमा त यिनीहरूको एकाधिकार छँदैछ, आर्थिक सर्वेक्षण गर्‍यो भने केही व्यापारीबाहेक खास जातिसँग ६० प्रतिशत सम्पत्ति होला । तिनीहरू किन अधिकार दिन्छ ?

**० गणतन्त्रलाई कसरी संस्थागत गर्ने ?**

– गणतन्त्र विपरीत दिशामा गइरहेको छ । गणतन्त्र त रहला तर कस्तो गणतन्त्र भन्ने अहम प्रश्न हो ? गणतन्त्रको नाउँमा एकलतन्त्र जो लाद्न गइरहेको छ त्यसको कुनै मतलब छैन । अस्तिसम्म हामीले दरबारमाथि आरोप लगाउँथ्यौं, सामन्तवादको प्रतीक भन्थ्यौं । अहिले नयाँ-नयाँ राजाहरू जन्मिरहेका छन् । जनप्रतिगमन विरोधी आन्दोलनमा राजा ज्ञानेन्द्रले आफ्नो काकीलाई उपचार गराउन एक करोड रूपैयाँ दिएका थिए । यहाँ त यस्ता-यस्ता नेता भए कि सानो-सानो कुराको उपचार गराउन अमेरिका, सिंगापुर वा बैंकक जान्छन् । राष्ट्रपति कम्युनिष्ट सिद्धान्तबाट आएकी हुन् । तर, उनको व्यवहार र क्रियाकलाप, उसलाई दिएको अधिकार कुनै राजा महाराजाभन्दा कम छैन ।

**० गणतन्त्रको मूल मर्म के हो त ?**

– विभिन्न गणहरू मिलाएर बनेको तन्त्रलाई गणतन्त्र भनिन्छ । गणतन्त्र शब्दको प्रादुर्भाव बुद्धकालमा भएको हो । युरोप, अमेरिका हामीले जानुपर्दैन । गौतम बुद्ध गणतन्त्रका पहिलो सूत्रधारक हुनुहुन्छ । उहाँले गण समाजको स्थापना गर्नुभएको थियो । प्रत्येक गणहरूमा नगर श्रेष्ठहरू हुन्थे, त्यसको आफ्नो शासन व्यवस्था हुन्थ्यो । यहाँ त एकाधिरवाद छ । अलिकति जुन अधिकार छ प्रदेशहरूलाई त्यो पनि दिन खोजिरहेको छैन । प्रदेशले सुरक्षाकर्मीमाथि नियन्त्रण गर्ने अधिकार छैन, प्रशासकमाथि अधिकार छैन, विकास गर्न पनि केन्द्रकै मुख ताक्नुपर्ने र प्रदेश सरकारको तलको निकाय पनि केन्द्रबाट परिचालन हुन्छ । यो कस्तो गणतन्त्र, कस्तो संघीयता ?

**० प्रधानमन्त्रीले जसरी भन्नुहुन्छ कि नेपालमा अब राजनीतिक आन्दोलन समाप्त भयो र अब आर्थिक आन्दोलनको आवश्यक्ता छ । यसलाई कसरी हेर्नुहुन्छ ?**

– प्रधानमन्त्रीको यस्तो मुर्खपूर्ण विचार सुनेर हाँसो पनि उठ्छ र रिस पनि उठ्छ । प्रधानमन्त्री केपी ओलीलाई कमसेकम यो कुरो थाहा हुनुपर्ने हो कि २०४७ सालमा संविधान जारी भएपछि पनि तत्कालीन नेपाल कम्युष्टि पार्टी र वाम मोर्चाले घोषणा गरेको थियो कि देशमा राजनीतिक मुद्दा समाप्त भयो, अब विकासको मुद्दा मात्रै छ । भनेपछि २९ वर्षपछि पुनः त्यही नारा लगाउनु मुर्खताबाहेक अरू केही पनि होइन । नेपालमा संसदीय व्यवस्था अफाप भयो भनेर प्रचण्डले हतियारै उठाएका थिए । तिनीहरू आज संसदीय व्यवस्थामा आएर सत्तासुख भोगिरहेका छन् । भर्खरै विप्लव समूहसँग वार्ता गर्नुपर्छ भनेर आवाज आइरहेको छ । समस्या छ भनेर नै वार्ताको कुरा आउँदैछ । जबसम्म विभेद रहन्छ, तबसम्म राजनीतिक मुद्दा समाप्त हुँदैन । विकासको कुरा गर्छ, के विकास ? यहाँ प्रत्येक नेपालीको टाउकोमा ३६ हजार ऋण भार थपिसकेको छ । किसानको खेतमा पानी छैन तर पानी जहाज चलाउने कुरा गर्दैछ । यस्ता-यस्ता कुराहरू पञ्चायतकालमा राजा महेन्द्रले २०१७ साल पुस १ गते प्रजातन्त्रको हत्या गर्दा पनि यस्तै कुरा गरेका थिए । राजा महेन्द्रले भन्थे, अरू देशले सय वर्षमा गरेको काम हामी दश वर्षभित्रै पूरा गर्छौं र हवाईजहाजदेखि सियोसम्म आफ्नै देशमा बनाउँछौं । तर, दुर्भाग्य छ, अहिले पनि हवाईजहाजको त कुरै छोडौं, सियो पनि विदेशबाटै ल्याउनुपर्छ ।

**० अहिले राजपा र समाजवादी पार्टीको भूमिका कस्तो छ ?**

– राजपा त दिग्भ्रमित भएर झुठा आश्वासनको भरमा एक वर्षसम्म बाहिरबाट ओली सरकारलाई समर्थन गरिरहेको थियो । समर्थन गर्नुको अर्थ सत्तापक्षको बेन्चमा बस्नु हो । अर्को मधेशी दल जुन छ उपेन्द्र यादवको, उहाँको बारेमा केही भनौं भने कटु शब्द हुन्छ । मलाई त्यो दिन याद आउँछ जुन दिन मधेशीको मानमर्दन गर्न निस्किएको थियो । सप्तरीको मलेठमा प्रशासनद्वारा दमन गराएर एकै दिन पाँच जना निहत्था नागरिकको हत्या गरियो । त्यसमा तत्कालीन संघीय समाजवादी फोरमका नेता कार्यकर्ताहरू पनि सहभागी थिए । दुर्भाग्य, मलेठका शहीदहरूको बर्खी नहुँदै फोरम सरकारमा सामेल भयो । मधेशमा तेस्रो शक्तिको रूपमा स्वतन्त्र मधेश गठबन्धन आएको थियो । उसले त मधेश आन्दोलन उद्देश्यविहीन छ भनेर भन्थ्यो । तर, आज हेर्नुस् त्यहीं दल दर्ता गरेर स्वतन्त्रताको कुरा पनि छोड्यो । पछिल्लो चुनावमा त सीके राउतले एउटा चर्तिकला देखाए कोठली बाहर मतदानको अभियान चलाएर । जसबाट मधेशी दलहरूलाई घाटा भयो, अब चुनाव लडेर मधेशी दलको मत काट्छन् । शासक जातिको दललाई सहयोग पुर्‍याउँछन् ।

**० भनेपछि मधेशी शक्तिलाई कमजोर पार्न सीके राउत परिचालित हुन् ?**

– अहिलेसम्म उसको गतिविधिले त्यही देखाएको छ । मलाई कता-कता शंका छ कि भोलीका दिनमा मधेशी दललाई नै धक्का दिन्छ ।

**० मधेशमा वैकल्पिक शक्ति आउँछ ?**

– जनताले त विकल्प खोजिहाल्छ ।

# भारतमा बहुमतको सरकार नेपालका लागि अवसर



**देवेश झा**
**परराष्ट्र मामिलाका जानकार**

महत्वपूर्ण कुरा के छ भने नेपालमा पनि अहिले दुई तिहाईको महत्वपूर्ण सरकार छ र संयोगवश मोदीको नेतृत्वमा प्रचण्ड बहुमतसहित दुई तिहाइको स्थिर सरकार बनेको छ । यो ठूलो स्वर्ण अवसर हो नेपालका लागि । नेपालले यसलाई कसरी सदुपयोग गर्न सक्छ, त्यो त नेपालको हातमा छ ।

**० भारतमा हालै सम्पन्न लोकसभाको निर्वाचनबाट आएको मतपरिणामलाई कसरी हेर्नुभएको छ ?**

– भारतको लोकसभा निर्वाचनमा जसरी भारतीय जनता पार्टीले स्पष्ट बहुमत पाएको छ यो अपेक्षित नै हो । यो कुनै नयाँ वा आश्चर्यजनक कुरा होइन । भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीको पछिल्ला पाँच वर्षको भ्रष्टाचारमुक्त र विकासको कार्यकालले गर्दा यही परिणामको अपेक्षा थियो । साथै, विपक्षी दल भारतीय राष्ट्रिय कांग्रेससँग कुनै मुद्दा नरहेको, कांग्रेसले आधा सिटसम्ममा उम्मेद्वार दिन नसकेको इत्यादि कारणले गर्दा भाजपाको जीत पहिलेदेखि नै सुनिश्चित थियो, यसमा द्विविधापूर्ण अवस्था थिएन । त्यसैले परिणाम पनि त्यही देखिएको छ ।

**० भारतमा पुनः नरेन्द्र मोदीकै नेतृत्वमा नयाँ सरकार बनेको छ । भारतको परराष्ट्र नीतिमा केही परिवर्तन हुन्छ कि ?**

– यसमा हामी स्पष्ट हुनुपर्छ कि भारतमा स्पष्ट परराष्ट्र नीति छ । भारतमा परराष्ट्र नीति बनाउँदा प्रायःजसो सर्वपक्षीय सबै राजनीतिक दलको सहमति र समर्थनमा एउटा ठोस र दूरगामी नीति निर्धारण गरेर अगाडि बढ्ने चलन रहँदै आएको छ । त्यसैले मोदीको यो कार्यकालमा भारतको परराष्ट्र नीतिमा कुनै परिवर्तन हुने सम्भावना छैन ।

**० यो दोस्रो कार्यकालका लागि मोदीका सामु के-कस्ता चुनौती देख्नुहुन्छ ?**

– मोदीले आफ्ना संकल्पहरू पहिलो कार्यकालमै पूरा गरिसकेका छन् । हिजो मोदीले आफ्ना कार्यकर्तालाई पार्टी मुख्यालय दिल्लीमा सम्बोधन गर्दा दुईटा विषयमा प्रष्टरूपमा आफ्ना कुरा राखेका छन्, जसबाट उनको आगामी कार्यक्रम र दिशा बुझ्न सकिन्छ । उनले भारतमा अब दुईटा जाती मात्र रहेको विश्लेषण गरेका छन् । एउटा गरिबीबाट आफूलाई बाहिर निकाल्ने जाति र अर्को ती गरीबलाई बाहिर निस्किन सहयोग गर्ने जाती । भनेपछि आउने दिनमा जातीय वा धार्मिक आधारमा प्राप्त भएको सुविधाहरूमा संशोधन हुनसक्छ । सम्भवतः आर्थिक आधारमा त्यस प्रकारका सुविधाहरू राज्यबाट प्राप्त हुनेछ । अर्को कुरा, अब भारतले विश्व महाशक्ति र विशाल अर्थतन्त्र भएको राष्ट्रको रूपमा आफूलाई उभ्याउनका लागि वर्तमान विश्व अर्थतन्त्रमा अमेरिका र चीनबीच जुन द्वन्द्वको अवस्था छ, त्यस बीचमा मोदीले कुन प्रकारले भारतलाई स्थापित गराउँछ त्यो एउटा चुनौतीको रूपमा आउनेछ ।

**० भारतको निर्वाचनबाट नेपालमा कस्तो प्रभाव परेको पाउनुभएको छ ?**

– भारतको चुनावका विषयमा नेपालमा धेरै गन्थनमन्थन भएका छन् । त्यसको खास कारण के छ भने यहाँ आत्मरत्ति गर्ने चलन बढी छ । जस्तै, यहाँबाट कन्हैया कुमारको चुनाव प्रचारप्रसार गर्न केही राजनीतिक दलका कार्यकर्ताहरू पुगिसकेका थिए । अर्को राष्ट्रमा भइरहेको चुनावमा गएर प्रचार गर्नु कतिसम्म युक्तिसंगत थियो ? तथापि गए । कोही शत्रुधन सिन्हाको प्रचार गर्न पटना पुगे । आफ्नै गतिविधिले आफै भ्यातुर भइरहेको अवस्था छन्, त्रसित भएको अवस्थामा छन् । कतिपयले त अनाहकमा मनको लड्डू घ्यूसँग खाइरहेका छन् । भारतमा हिन्दू राष्ट्रका पक्षधर शक्ति पुनः सत्तामा आउँदैमा नेपालमा पनि सोही अनुरूपको चमत्कार हुन्छ भनेर भ्रम पाल्नेहरू पनि छन् यहाँ । न त नेपालमा कुनै वितण्डा हुनेवाला छ न त कुनै चमत्कार हुनेवाला छ । महत्वपूर्ण कुरा के छ भने नेपालमा पनि अहिले दुई तिहाईको महत्वपूर्ण सरकार छ र संयोगवश मोदीको नेतृत्वमा प्रचण्ड बहुमतसहित दुई तिहाइको स्थिर सरकार बनेको छ । यो ठूलो स्वर्ण अवसर हो नेपालका लागि । नेपालले यसलाई कसरी सदुपयोग गर्न सक्छ, त्यो त नेपालको हातमा छ ।

**० यसलाई नेपालले कसरी सदुपयोग गर्न सक्नुपर्छ ?**

– मैले बुझेअनुसार सन् २०१४ को निर्वाचनमा मोदीको नेतृत्वमा त्यतिबेला पनि भाजपाको गठबन्धनमा रहेको एनडीए दुई तिहाईभन्दा बढी सिट प्राप्त गरेको थियो । त्यतिबेला शपथ ग्रहण समारोहमा सार्क राष्ट्रका प्रमुखहरूलाई निम्त्याइएको थियो । यसपटक विमस्टेक राष्ट्रका सरकार प्रमुखहरूलाई निम्त्याइएको छ । अब स्पष्टरूपमा बुझ्न सकिन्छ कि सार्कबाट भारतको ध्यान बिमस्टेकतर्फ सरेको छ । नेपाल दुवैको सदस्य राष्ट्र हो र गत वर्ष नै नेपालमा चौथो बिमस्टेक शिखर सम्मेलन भएको छ । नेपालले बिमस्टेकलाई भरपूर रूपमा उपयोग गरेर आफ्नो आर्थिक गतिविधि बढाउने काम गर्नु पर्छ । नेपालको हित पुग्ने गरी बिमस्टेक राष्ट्रहरूमा विद्युत प्रसारण लाइन जोड्ने एउटा महायोजना प्रस्ताव पारित भएको छ । नेपालले त्यो योजना कार्यान्वयन गराउन सक्यो भने भविष्यमा नेपाल आफ्नो विद्युतको बजार बढाउन सक्छ । यो सहज पनि छ । किनभने नेपालमा पनि दुई तिहाईको सरकार छ र भारतमा पनि दुई तिहाइभन्दा बढीको सरकार छ । यो लाभ लिन सक्ने ठाउँ त छ तर त्यसलाई सदुपयोग गर्न सक्ने वा नसक्ने आफ्नै हातमा छ ।

**० भारतमा जसरी कांग्रेसको पराजय भएको छ, त्यसरी नै नेपालमा पनि नेपाली कांग्रेसले पराजय भोगेको छ । यसले के संकेत गर्दैछ त ?**

– नेपाली कांग्रेस आफ्नो मुद्दाबाट विचलित भएको अवस्थामा छ । आजको मितिमा नेपाली कांग्रेसको अब कुनै सिद्धान्त छैन । नेपाली कांग्रेसको एजेन्डा बहुदल थियो, त्यो पूरा भइसकेको छ । प्रजातन्त्र थियो, प्रजातन्त्रबाट अगाडि बढेर नेपाल गणतन्त्रमा गइसकेको छ । स्थापना कालमा कांग्रेसले संवैधानिक राजतन्त्र र बहुदलीय प्रजातन्त्रको दुई खण्डे नीति लिएको थियो । त्यो गणतान्त्रिक नेपालमा प्रवेश गरेको छ । जुन माओवादीको एजेन्डा थियो । त्यसको लाभ नेपाली कांग्रेसले पाउने कुनै कारण बाँकी देखिँदैन । नेपाली कांग्रेस एउटा अन्तर्राष्ट्रिय जगतमा पहिचान भएको हुँदाहुँदै पनि आज आफ्नो सिद्धान्त अथवा कार्यक्रममा कहीं पनि देखा परेको छैन । किनभने नेपाली कांग्रेससँग कुनै कार्यक्रम नै भएन । प्रष्टरूपमा के देखिन्छ भने विचारहीनता र सिद्धान्तहीनताको अवस्थामा पुगेपछि कुन एजेन्डामा कांग्रेसले आफ्नो बहस र कार्यक्रम अगाडि बढाउने त्यसको दिशा स्पष्ट छैन । त्यसकारणले नेपाली कांग्रेस आज यो दुर्दशामा पुगेको छ ।

**० भारतीय राष्ट्रिय कांग्रेसको पराजयका कारणहरू के-के औंल्याउनुहुन्छ ?**

– भारतमा भारतीय जनता पार्टी र भारतीय राष्ट्रिय कांग्रेसको बीचमा प्रमुखरूपमा दुई/तीनटा कुरामा अन्तरभिन्नता छ । भारतीय राष्ट्रिय कांग्रेस परिवारवादबाट सञ्चालित छ भने भाजमा कुनै पनि नेतालाई एउटा निश्चित उमेरपछि अवकाशमा जानुपर्ने बाध्यात्मक अवस्था राखिएको छ । अर्थात् कुनै पनि नेता नेतृत्वमा सदाका लागि रहने छैन । मोदीजी पनि सम्भवतः आगामी निर्वाचनमा भाग लिनु हुन्न । भारतीय राष्ट्रिय कांग्रेसको अवस्था के छ भने नेहरू गान्धी परिवारको विरासतको रूपमा पार्टी सञ्चालन भएको छ । हामीले यही चुनावमा देख्यौं, रातारात प्रियंका बाड्रालाई सोझै राष्ट्रिय महासचिवमा मनोनयन गरियो । सोनिया गान्धीको छोरीबाहेक भारतीय राजनीतिमा उहाँको केही योगदान छैन ।

दोस्रो अर्थतन्त्रको कुरा । मनमोहन सिंहको प्रवेशपछि भारतीय राष्ट्रिय कांग्रेसले उदार पुँजीवादी अर्थतन्त्रमा आफूलाई अगाडि बढायो । त्योभन्दा पहिले समाजवादी अर्थतन्त्रमा चल्ने गर्दथ्यो । भारतीय जनता पार्टीले राष्ट्रवादी अर्थतन्त्रलाई अगाडि बढाएको छ । आज भारतमा राष्ट्रवादी अर्थतन्त्रको पक्षमा माहोल बनेको छ । नेपालमा जसरी नेपाली कांग्रेस विचार शून्यतामा पुगेको छ, लगभग भारतीय राष्ट्रिय कांग्रेसको पनि त्यही अवस्था छ । यसपटकको भारतको निर्वाचनमा मोदीलाई गालीगलौज गर्ने, चौकीदार चोर है भन्ने जस्ता कुरा बाहेक भारतीय राष्ट्रिय कांग्रेसका नेतृत्वको तर्फबाट कुनै पनि प्रकारको राजनीतिक विचार आएन । त्यतिमात्र होइन, भारतीय राष्ट्रिय कांग्रेसको सरकार बनेपछि उसको कार्यक्रम के हुन्छ भनेर बारम्बार इन्टिलेक्चुअल प्लेटफर्ममा बहस गर्न खोज्दा पनि दिन सकिएन । यही तालमा गइरहने हो भने भारतीय राष्ट्रिय कांग्रेसको सट्टामा क्षेत्रीय पार्टीहरूको एउटा महागठबन्धन तयार हुन्छ, जसले पछि गएर एउटा नयाँ स्वरूप निर्माण गर्नेछ ।

**० भारतीय राष्ट्रिय कांग्रेस र नेपाली कांग्रेसलाई कसरी तुलना गर्न सकिन्छ ?**

– नेपाली कांग्रेसमा पनि त परिवारवाद हावी भएको थियो । नेपाली कांग्रेस एउटा स्वच्छ छविको रूपमा प्रवेश गरेको थियो तर २०४६ सालको सत्ता परिवर्तनपछि त्यतिबेला सन्त नेता कृष्णप्रसाद भट्टराई, लौहपुरूष गणेशमान सिंह जस्ता दिग्गज नेताहरूको नेतृत्वमा नेपाली कांग्रेसले आन्दोलन गरेर निर्दलीय पञ्चायत व्यवस्थालाई परास्त गरेर बहुदलीय संसदीय व्यवस्थाको प्रादुर्भाव पुनः गरायो । तर, त्यसपछि कोइराला परिवारको हालीमुहाली चलिरह्यो । त्यसपछि नेपाली कांग्रेसका नेताहरू एकपछि अर्को गरी भ्रष्टाचारमा बदनाम हुँदै गए । नेपालमा भ्रष्टाचारको संस्थागत प्रवेश गराउने आरोप त नेपाली कांग्रेसमाथि नै लागेको छ ।

**० मोदीको विगत पाँच वर्षे कार्यकालमा नेपाल-भारत सम्बन्ध सबभन्दा बढी उचाइमा पुगेको विश्लेषण गरिँदैछ । अबको आगामी कार्यकालमा सम्बन्ध कस्तो रहला ?**

– केही दिन पहिला नेपालका केही पत्रकारहरूको टोली भारत भ्रमणमा गएका थिए । ती टोलीसँग भएको अन्तरक्रियामा भारतका विदेशमन्त्री सुषमा स्वराजले नेपाल-भारतको सम्बन्ध अहिले उच्चतम् बिन्दुमा पुगेको भन्ने कुरा स्पष्टरूपमा व्याख्या गरिएको हो । यसपटकको निर्वाचनमा मोदीको जीतपछि नेपालका प्रायः सबै प्रमुख नेताहरूले बधाई ज्ञापन गरेका छन् । जसको जवाफ नरेन्द्र मोदीले ट्वीटरमार्फत् हरेक नेतालाई व्यक्तिगत रूपमा फर्काएर नेपाल र भारत परस्पर छिमेकी मित्र राष्ट्र हो बताएका छन् । आउने दिनमा हामी दुई राष्ट्र मिलेर एकअर्काको समृद्धिका लागि सक्दो प्रयास गरेर अगाडि छौं भन्ने कुरामा विश्वस्त रहेको कुरा स्पष्टरूपमा मोदीले व्यक्त गरे । त्यसैले कुनै द्विविधा गर्नुपर्ने अवस्था छैन । नेपाल-भारतको सम्बन्ध अत्यन्त सुमधुर ठाउँमा पुगेको छ र यो गतिशील छ ।

*(मधेशवाणीका लागि रामसुकुल मण्डलले गरेको कुराकानीको सम्पादित अंश)*

# 'मातृभूमिका लागि नेपाली'को अपरिहार्यता



*मातृभूमिका लागि नेपालको प्रथम राष्ट्रिय महाभेलामा आफ्नो मन्तव्य दिँदै डा.राजेश अहिराज । २०७६ जेठ ४ गते, प्रज्ञाभवन, काठमाडौं ।*

**मातृभूमिप्रति समर्पित भई यहाँ उपस्थित हुनुभएका सम्पूर्ण सहभागीलाई म राजेश झा अहिराजको नमस्कार । म यो सभाहलमा सिंगो देश हेरिरहेको छु । यो विद्वत समाज एक दिन सिंगो नेपालको प्राणवायु बन्ने विश्वास लिएको छु ।**

**आरक्षण होइन, सवलीकरण**

- आरक्षण आफैमा एउटा अनुदान (भिख/कृपा/अनुकम्पा/दया) हो । यसले प्रणाली कमजोर बनाउँछ । नेपाली-नेपालीबीच द्वन्द्व निर्माण गर्छ । प्रवेशका बाटाहरू फरक-फरक भएपछि प्रभाव पनि फरक-फरक हुन्छ । आरक्षणले मन भिन्नता, खिन्नता, द्वेष, दूरी र घमण्ड निर्माण गर्छ । यो दीर्घ रोग हो, दीर्घकालीन समाधानका उपाय होइन । त्यसैले, आरक्षण पूर्णतया बन्द गरी लक्षित समूहलाई पूर्वतयारी वा पूर्वलगानी गराएर सवलीकरणको माध्यमबाट संरचना बलियो बनाउनुपर्छ । प्रवेशद्वार एक मात्र र समानस्तरको हुनुपर्छ । जातीय, क्षेत्रीय, धार्मिक र भौगोलिक आधार हुनुहुन्न । समस्या वर्गीय रहेकोले यसको समाधान जातीय वा सामुदायिक रूपबाट कदापि सम्भव हुँदैन । क्षमता अभिवृद्धि गराएर सवलीकरणको माध्यमबाट साझा संरचना निर्माणमा जोड दिनुपर्छ ।
- आरक्षण जातिगत आधारमा हुनु आफैमा अन्याय ।
- आर्थिक र विकटतालाई आधार मानिनु पर्ने ।
- राजनीतिक हतियार हो । यसले मत दिन्छ, मति दिँदैन ।
- अनवरत समाजलाई खण्डित गरिबस्ने माध्यम हो आरक्षण ।
- यसले देश र समाजलाई सद्गततर्फ धकेल्छ तर गति र प्रगति दिन सक्दैन ।
- वर्गीकरण र विभेदको निरन्तरता हो ।
- अपहेलित, कमजोर वा निगाहमुखी निरीहजस्तो अमानवीय दुर्गन्धित पक्षलाई वैधानिकता दिनु र एक-आपसमा लडाइरहनु ।
- आरक्षणले बौद्धिकताको अपमान गर्छ ।
- क्षमताको अपमान गर्छ ।
- योग्यताको अवहेलना गर्छ ।
- मानवता को अपमान गर्छ ।
- सक्षमलाई पलायन र अपमानित गर्छ ।
- नागरिकलाई खण्डित गराई थप वर्गीय संघर्ष गराउँछ ।
- अयोग्यलाई योग्यमाथि शासन गर्ने अधिकार सुरक्षित गर्छ ।
- क्षेत्र, समुदाय, धर्म, वर्ग र लिंगका आधारमा नागरिकलाई विभक्त गर्छ ।
- अवसरका लागि नयाँ-नयाँ तप्का जन्म दिन्छ ।
- विषवृक्ष हो आरक्षण ।
- सम्मानित र मर्यादित नागरिक बन्ने-बनाउने कार्यको विरूद्धमा ल्याइएको अस्त्र जसले "द्वन्द्व र दूरी" कायम राख्न सफल छ ।
  त्यसैले आरक्षण खारेज गरी सवलीकरण लागू होस् ।

**"नेपाल" र "नेपाली" शब्दको मात्र प्रयोग हुनुपर्ने**

- सबै नेपालीको एक मात्र र साझा पहिचान हो 'नेपाली' । सबै नेपालीको क्षेत्रगत (भूगोल) पहिचान 'नेपाल' मात्र हो । त्यसैले राष्ट्रियस्तरका दस्तावेज (धारणापत्र), अभिव्यक्ति र प्रस्तुतीहरूमा 'नेपाल' र 'नेपाली' बाहेक शब्दहरू प्रयोग नगरौं । हिमाल, पहाड, मधेश, दलित, जनजाति, मधेशी, खस जस्ता शब्दहरूले भिन्नता देखाउँछ । हामीले एकता (एकताबद्ध) तर्फ अघि बढ्नु/बढाउनु जरूरी छ । संविधान जस्ता दस्तावेजहरूमा नेपाल र नेपाली बाहेक प्रयोग भएका शब्दहरू आफैमा द्वन्द्वका बीउ र फरकपना बाहेक केही पनि होइन । हामी सबैले अब नेपालीलाई खण्डित गर्ने भाव र भाषा, प्रयोग नगरौं ।

**समावेशिता हैन समानुभूति**

- समावेशिताको नकारात्मक प्रयोग बढी हुँदै आएकोले यसले संरचनालाई कमजोर बनाएको छ । सक्षम मान्छेहरू पनि आफूलाई असुरक्षित ठान्दै समावेशिताको सिद्धान्तलाई माध्यम बनाएर अघि बढेको पाइयो । समावेशिताले प्रणालीलाईमानवीय संग्रहालय बनाउँदै जान्छ । देखिँदा आकर्षक देखिए तापनि परिणाम र प्रभाव सकारात्मक हुन्न । योग्यलाई पछि पार्दै कम योग्यले नेतृत्व लिन सक्ने सम्भावना बढी हुन्छ । यो शब्द, माग र प्रयोग नेपाली माटो सुहाउँदो मौलिक होइन । समावेशिता, दायित्व र लगानी बिनाको समानताले तहगत आधारहरू निर्माण गर्छ । जो एकता, अखण्डता र साझापनाका लागि घातक हुन्छ । हरेक व्यक्ति एक अर्कासँग फरक हुने भएकोले "समावेशिता र आरक्षण" द्वन्द्वउद्यमीका लागि खेतीको विषय हो । समस्या समाधानका दीर्घकालीन उपाय होइन । राष्ट्र पनः निर्माण र आत्मीय एकीकरणका लागि समानुभूतिको विकल्प छैन । समानुभूतिले विश्वास, सहकार्य, क्षमा र आकर्षण सिर्जना गर्छ । समान अनुभूतिबिना सहकार्य सम्भव छैन । सहकार्यबिना विकास सम्भव छैन । विकासबिना समवृद्धि सम्भव छैन । समवृद्धिबिना दीर्घकालीन साझापनासहितको समाधान सम्भव छैन ।
- अन्त्यमा पुनः ध्यानाकर्षण गराउँदै आग्रह गर्दछु :
  - ❖ संविधानमा नेपाली शब्द बाहेक नागरिकको परिचयका निमित्त अर्को शब्दको प्रयोग नहोस् ।
  - ❖ आरक्षण पूर्णतया खारेज गरी सवलीकरणको मार्गमा लागौं ।
  - ❖ समावेशिता हैन समान अनुभूति होस् । Empathy
  - ❖ राष्ट्रियता हैन देशभक्तितर्फ जाऊ ।
  - ❖ सहानुभूति हैन समान अनुभूति ।

नेपालमा राजनीतिक दल भएन । मन्तव्य र गन्तव्य नमिलेका नेता भए । जनताका लागि राजनीति हुनुपर्नेमा जनताको नाउँमा राजनीति भयो ।

अधिकांश दलहरू एकल सामुदायिक वर्चस्वमा बसेर साम्प्रदायिक राजनीतिलाई संस्थागत गरे, यिनीहरूले संरचनागत रंगभेद र कार्यगत पक्षीयतालाई निरन्तरता दिएर नेपालमा जातीय, क्षेत्रीय र भौगोलिक दलहरू खोल्न बाध्य बनाए ।

आफूलाई संरक्षित र सुरक्षित राख्न गुटको राजनीति अवलम्बन गरे जसका कारण दल प्रभावित र देश असुरक्षित हुँदै गयो । बाँच्नका लागि आत्मा बेच्नुपर्ने वा घर खर्चाका लागि विदेशिनुपर्ने अवस्थाको निर्माण गरी देशलाई बहुआयामिक धरापमा पारे । नागरिक-नागरिकबीचमा द्वन्द्व सिर्जना गरी अपराधको राजनीतिकरण र राजनीतिको अपराधीकरण गरेर देशभित्र रहेका न्यायपालिका, कार्यपालिका, पत्रकारिता र नागरिक समाजलाई ध्वस्त बनाए । आस्थाविहीन बनाए ।

नेपालीलाई नेपालीसँग डर हुने, एउटा समुदायमा उत्तेजना र अर्को समुदायमा भय वातावरण हुने अवस्थाको निर्माण गरेर देशलाई सिभिल वारतर्फ उन्मुख बनाउन सफल भए । जातीय हिंसा, धार्मिक द्वन्द्व, अलगाववादको राजनीति र नेताप्रतिको घृणाबाट मुलुकको भौगोलिक अखण्डता संकटमा परिसक्यो ।

नेपाललाई टु नेशन थियोरीमा फसाउन सफल रहेका विदेशी शक्तिहरूले नयाँ क्रान्तिको नाउँमा नयाँ दुर्घटनाको प्रतिक्षा गरी बसेको कुरा अब लुकेको छैन । त्यसैले आम नेपालीको भूमि, भावना र भविष्यलाई सुरक्षित र संरक्षित गर्न "मातृभूमिका लागि नेपाली"को अपरिहार्यता छ । हामीले हाम्रो संस्थालाई हामी सबैको लागि प्राणवायु बनाउने छौं ।

धन्यवाद ।

*मिति : २०७६ जेठ ४ गते शनिबार*




*मातृभूमिका लागि नेपालको प्रथम राष्ट्रिय महाभेलामा सहभागीहरू । २०७६ जेठ ४ गते, प्रज्ञाभवन,*

# असारे कर्मचारी बनाउने खेलले भ्रष्टाचार



**अम्बिका यादव**

आर्थिक मसान्त सकिने समयमा स्थानीय तहमा कर्मचारी हेरफेर गर्ने प्रक्रियाले विकासका योजना प्रभावित हुनुको साथै अनियमितता बढाएको छ । प्रदेश २ अन्तर्गत रौतहट जिल्लामा विगतको वर्षझैं कर्मचारी फेर्ने कार्य जारी रहेकोले बजेट दुरूपयोग र अनियमितामा बृद्धि भएको छ ।

संघीय सरकारको सामान्य प्रसाशन मन्त्रालय तथा मुख्य सचिवले छिन छिन मै कर्मचारी बदलिने गरेकोले नियमित कार्य प्रभावित हुनुको साथै विकासका योजनामा नकारात्मक असर देखा परेका छन् । नेपाल सरकारका उपसचिव स्तरीय दरबन्दी सबै स्थानीय तहमा रहे पनि आर्थिक प्रलोभन, राजनीतिक दबाबको कारण सुब्बाको प्रमुख प्रशासकीय अधिकृत बनाउने गरिएको छ ।

राजदेवी नगरपालिका, राजपुर नगरपालिका, यमुनामाई गाउँपालिका, बौधिमाई नगरपालिका, ईशनाथ नगरपालिका लगायतका स्थानीय तहमा सुब्बाले प्रमुख प्रशासकीय अधिकृतको जिम्मेवारी सम्भालेका छन् । गत आर्थिक वर्षमा यी सबै स्थानीय तहमा करोडौं रकम बेरूजू भएपनि चालू आर्थिक वर्षमा त्यस्तै हुने संकेत देखिएका छ । महालेखा परीक्षकको कार्यालयले बेरूजू देखाएका छन् । समृद्ध नेपाल सुखी नेपाली बनाउने नेपाल सरकारको राष्ट्रिय नारा, भ्रस्टाचारमुक्त नेपालको परिकल्पना कर्मचारी फेर्ने कार्यले पूरा हुनेमा आशंका रहेका छन् ।

भ्रष्टाचार अनियमिता रोक्नलाई निगरानी गर्ने अख्तियार दुरूपयोग अनुसन्धान आयोगले राजश्व चुहावटको सवालमा निष्पक्ष छानविन गर्न नसक्नुले भ्रस्टाचार मौलाएको छ । कागजमै प्रक्रिया पुऱ्याएर रकम अनियमिता गर्ने विगतको चलन अझ पनि जारी रहेको हो । मुलुक संघीयतामा गएको, गाउँ गाउँमा सिंहदरबार आएको आभाष आम नागरिकले गर्न सकेका छैनन् ।

किसान आन्दोलन, प्रजातन्त्र स्थापनाका लागि संघर्ष गरेका नेपाली जनताले राणा शासनमा पाएको सुविधा गणतन्त्र स्थापनामा नपाएको अनुभव गरिरहेका छन् । ७६१ सरकार भएको सानो मुलुक नेपालमा नागरिक दुखी तथा नेता सम्पन्न रहेका छन् । तराई मधेशलाई राणा शासनदेखि संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्थासम्म आएर जनता स्वरूप परिवर्तनका अल्पकालीन अनुभव गरिरहेका छन् । राजनीतिक खेलमा जनता पिरोलीरहेका छन् । सामान्य बादविवादमा राजनीतिक हस्तक्षेपले पहुँच नभएकाले न्याय पाउन कठिन जटिल रहेको छ । बढ्दै गएको भ्रस्टाचारले राजनीतिक दलप्रति असन्तुष्टि बढाएको छ ।

राष्ट्र निर्माण, आर्थिक समृद्धि, बेरोजगारी समस्या समाधान, विदेशमा गइरहेका युवा युवतीको रोजगारीको ग्यारेन्टी गर्ने तर्फमा चासो नलिएका नेतृत्व गर्ने नेता राजनीतिक दलप्रति जनता आक्रोशित बनेका छन् । तीन तहका सरकार भएपछि सुख सुविधा सहज रूपमा पाउन सक्ने भएको भनी हर्षित भएका नेपाली जनता स्थानीय, प्रदेश र संघीय सरकारको कार्य देखेर झन् दुखित भएका छन् । नयाँ संविधानले दिएको अधिकार सरकारमा रहेकाले प्रयोग गर्न नदिएको कारण यो साशन सफल हुने की नहुने भनी सशंकित बनाएको छ ।

केन्द्रीय सरकारले प्रादेशिक सरकारलाई ठाडो हस्तक्षेप गरिरहेको छ । कार्यालय सञ्चालनका लागि चाहिने कर्मचारी समयमा पूर्ति गर्न नसकेको कारण करारमा कर्मचारी भर्ना गर्न स्थानीय सरकार बाध्य भएका छन् । प्रत्येक वर्ष बैशाखदेखि असार महिनामा पहिला सचिव बदलिने गरेको थियो भने अहिले प्रमुख प्रशासकीय अधिकृत बदलिने गरेको छ । माथि गएर भेटि चढाएर केहि दिनका लागि अधिकार प्राप्त गर्ने सुब्बा स्तरका कर्मचारी विकासको कार्यलाई निरन्तरता दिने, पारदर्शिता, सुशासन के गर्ने सकिने छन् त ? जनतालाई अपेक्षा अनुसार कार्य सम्पादन गर्न सकिन्छ त ? गर्न सकिदैन । किनभने चढाएको भेटिको ब्याज असूल्ने त्यसपछि आफ्नो नेतालाई खुसी पार्ने त्यसपछि केहि कागजमै गर्नेछन् ।

एउटा हाजिर हुन्छ अर्को पत्र लिएर बाटोमा आउने तयारीमा हुन्छ भने तेस्रो लाइनमा बसेको हुन्छ । मुलुकलाई आर्थिक समृद्धि, विकासतर्फ लैजाने हो भने नेता राष्ट्रप्रति जिम्मेवार हुनुपर्छ । कर्मचारी कर्तव्यप्रति इमानदार हुनुपर्छ र स्थायित्व रूपमा कर्मचारीको पद स्थापना गर्नु पर्छ त्यसपछि समृद्ध नेपाल, भ्रस्टाचारमुक्त नेपालको परिकल्पना गर्न सकिन्छ । आर्थिक मसान्तको समयमा कर्मचारी बदलने खेलको अन्त्य गरी सामाजिक उत्तरदायित्वको भूमिका निर्वाह गरी सुशासन, शान्ति, विकास, समृद्धि, बेरोजगारीमुक्त नेपाल बन्न सकिन्छ ।

## मधेश अपडेट

### सम्मुन्नत राष्ट्र निर्माणमा अघि बढौं : डा.भट्टराई

जनकपुरधाम । समाजवादी पार्टी नेपालका शीर्ष नेताहरूले समतामूलक समृद्ध राष्ट्र निर्माणका लागि सम्मुन्नत संघीय समाजवाद एक मात्र विकल्प रहेको बताएका छन् । संघीय समाजवादी फोरम नेपाल र नयाँ शक्ति पार्टीबीच भएको एकीकरण पछि नेता कार्यकर्ताहरूलाई एकताको आवश्यकता र औचित्यबारे जानकारी गराउने उद्देश्यले जनकपुरमा आइतबार आयोजित प्रादेशिक अभिमुखीकरण कार्यक्रमलाई सम्बोधन गर्दै शीर्ष नेताहरूले राज्यसत्ताबाट विभेदमा परेका मधेशी, आदिवासी, जनजाति, दलित मुस्लिम र विभेदमा परेका खस आर्यलाई एकता सुत्रमा बाँधी सम्मुन्नत राष्ट निर्माणको दिसामा पार्टी अघि बढने उदघोष गरे । पार्टीका संघीय परिषद् अध्यक्ष डा.बाबुराम भट्टराईले समाजवादी पार्टी नेपालले अपनाएको सिद्धान्तले मात्र सही मायनेमा राष्ट्रिय एकता कायम गर्ने दावी गरे । उनले हालको संविधानले राष्ट्रको सार्वभौम सत्ता जनतामा निहीत गरे पनि पहिचानको आधारमा प्रदेशहरूको निर्माण नभएसम्म वास्तविक संघीयता आउन नसक्ने उल्लेख गरे । पहिलो संविधान सभाको क्रममा तत्कालीन राज्य पुन:संरचना आयोगले निर्धारण गरेको १० जोड १ को संघीय प्रणाली नै मुलुकको आवश्यकता रहेको जिकीर समेत गरे । पूर्व प्रधानमन्त्री समेत रहेका डा. भट्टराईले मुलुकलाई सम्मुन्नत संघीय समाजवादमा रूपान्तरण गर्न प्रत्यक्ष कार्यकारी राष्ट्रपतीय प्रणाली र पूर्ण समानुपातिक संसद हुनुपर्नेमा जोड दिए ।

### मधेश संघीयताको मुटु : सहअध्यक्ष श्रेष्ठ

वीरगञ्ज । समाजवादी पार्टी, नेपालका सहअध्यक्ष राजेन्द्र प्रसाद श्रेष्ठले मधेश जनविद्रोहबाट नै नेपालमा संघीयता स्थापित भएको बताउँदै मधेश संघीयताको जननी भएको बताएका छन् । उनले अहिले केन्द्रको एकात्मकवादी सोचको विरूद्ध प्रदेश २ ले गरेका संघर्ष ऐतिहासिक महत्वको भएको बताउँदै मधेश संघीयताको मुटु समेत भएको बताए । उनले यो कुरा पार्टी एकताको उपलक्ष्यमा वीरगञ्जमा आयोजित कार्यकर्ता अभिमुखीकरण कार्यक्रममा बताएएका हुन् । सहअध्यक्ष श्रेष्ठले प्रदेश प्रहरी, प्रदेश लोकसेवा आयोग, प्रदेश उच्च अदालत लगायतका राज्ययन्त्रहरूलाई केन्द्रले नियन्त्रण गर्न खोज्नु संघीयताको सिद्धान्त विपरीत भएको बताउँदै प्रदेशले देशको संविधानसँग नबाझ्ने गरी आफ्नो कानुन आफैले बनाउनुपर्ने बताए । उनले नेपालमा संघीयता समाप्त गर्ने षदयन्त्र भइरहेको बताउँदै मधेस प्रदेशले यसको विरूद्ध अगुवाई गरेर आफ्नो कानुन बनाएकोमा धन्यवाद दिए ।

### प्राधिकरण बनाउँछु: मुख्यमन्त्री राउत

जनकपुरधाम । मुख्यमन्त्री मो.लालबाबु राउत गद्दीले प्राधिकरण बनाएर गढीमाई र सिम्रौनगढको विकास गर्ने घोषणा गरेका छन् । बाराको गढीमाई मन्दिर संचालन तथा विकास समितिको चौथो साधारणसभाको शनिबार उद्घाटन गर्दै मुख्यमन्त्री राउतले प्राधिकरण बनाएर दुवै स्थललाई पर्यटकीय गन्तव्यको रूपमा विकास गर्ने धारणा राखे । दुवै स्थलको विकासको लागि प्रदेश सरकार गंभिर छ, उनले भने-गढीमाई र सिम्रौनगढलाई विश्वमा चिनाउने गरी काम हुन्छ । सबैभन्दा बढी प्रदान हुने स्थलमध्ये एक गढीमाई र ऐतिहासिक सिम्रौनगढ राज्यबाट उपेक्षित हुँदा धार्मिक पर्यटकीय स्थलको रूपमा विकास हुन नसकेको उहाँले दावी गरे । गढीमाई मेलामा लाखौको संख्यामा श्रद्धालुभक्तजन आउने गरेपनि मेला व्यवस्थापन हुन नसक्दा श्रद्धालुलाई समस्या हुँदै आएको उनले थपे । यसै वर्षमा आयोजना हुन लागेको गढीमाईको मेला व्यवस्थापनको लागि प्रदेश सरकारले सक्दो सहयोग गर्ने मुख्यमन्त्री राउतले बताए । मेलामा शौचालय, खानेपानी लगायतको व्यवस्थापनमा प्रदेश सरकारले सहयोग गर्ने उनले थपे ।

### झाडुसहित मन्त्रिमण्डल अस्पतालमा

धनगढी । सुदूरपशिच प्रदेशका मन्त्रिमण्डल नै झाडुसहित अञ्चल अस्पतालमा पुगेको थियो । गणतन्त्र दिवसको अवसरमा बुधबार बिहानै मुख्यमन्त्री त्रिलोचन भट्टसहित सुदूरपश्चिम प्रदेशको सिंगै क्याबिनेट हातहातमा झाडु लिएर धनगढीस्थित सेती अञ्चल अस्पतालमा पुगेपछि हल्लीखल्ली भएको थियो । एक जना राज्यमन्त्रीसहित ८ जना मन्त्री र मन्त्रालयका सचिवहरू अस्पतालको सरसफाई गर्न भन्दै सेतीमा पुगेका थिए । सुदूरपश्चिम प्रदेशको सामाजिक विकास मन्त्रालयको अगुवाईमा मुख्यमन्त्री भट्टसहित सामाजिक बिकासमन्त्री कृष्णराज सुवेदी, आन्तरिक मामिला तथा कानुनमन्त्री प्रकाश शाह, आर्थिक मामिलामन्त्री झपटबहादुर बोहरा, भौतिक पूर्वाधार मन्त्री पठानसिंह बोहरा, उद्योग, पर्यटन वन तथा वातावरण मन्त्री माया भट्ट, कृषि तथा सहकारी मन्त्री विनिता चौधरी र पर्यटन राज्यमन्त्री प्रकाश रावल तथा मन्त्रालयका सचिवहरू अञ्चल अस्पताल सफाईमा जुटेका थिए ।

### मुसहर संघको भेला सम्पन्न

विराटनगर । नेपाल राष्ट्रिय मुसहर संघले १० बुँदे माग सार्वजनिक गर्दै भेला सम्पन्न भएको छ । विराटनगरमा सम्पन्न भेलाले नयाँ नेतृत्वसमेत चयन गरेको छ । सोमबार विराटनगरमा भएको संघको प्रथम जिल्ला अधिवेशनले जितेन्द्र ऋषिदेवको अध्यक्षतामा १७ सदस्यीय मोरङ जिल्ला समिति गठन गरेको हो । सो भेलाले मुसहर आयोग गठन गर्न माग गरेको छ । नेपालभरी २२ वटा जिल्लाका १ सय २४ स्थानमा मुसहरहरूको बसोबास छ । यसमध्ये ९८ प्रतिशत मुसहरहरू भूमिहीन रहेको समितिले जनाएको छ । ९९ प्रतिशत मुसहरहरू अझै पनि निरक्षर नै रहेको भन्दै उनले उच्च शिक्षा लिएका १२ हजार युवाहरू अझै शैक्षिक बेरोजगारका रूपमा यत्तिकै बस्न बाध्य रहेको जनाएको छ ।

### थारू कलाकारको भेला सम्पन्न

कैलाली । आफ्नो कलासंस्कृति जोगाउन थारू समुदायका कलाकारहरूको भेला सम्पन्न भएको छ । परम्परागत तथा मौलिक गीत संगीत र कलासंस्कृति हराउँदै गएकोमा थारू कलाकारहरू चिन्ता व्यक्त गरेका छन् । मंगलबार चितवनदेखि कञ्चनपुरसम्मका थारू कलाकार कैलालीको जोशीपुरमा भेला भएका थिए । हिन्दी तथा नेपाली गीत संगीतको प्रभावका कारण पुराना थारू मौलिक गीत हराउँदै गएको उनीहरूको निष्कर्ष छ । समुदाय नै संगठित नभएकाले थारू गीत संगीतमा राज्यको लगानी हुन नसकिरहेको गुनासो थारू कलाकारले गरेका छन् ।

### बाँकेमा मानवअधिकार हनन् बढी

बाँके । राष्ट्रिय मानवअधिकार आयोग नेपालगञ्ज कार्यालयमा चालू आर्थिक वर्षको चैत मसान्तसम्म ७६१ उजुरी परेका छन्। मानवअधिकार हनन्सम्बन्धी उजुरी पर्नेमा बाँके पहिलो नम्बरमा रहेको छ । आयोगका अनुसार दोस्रोमा रोल्पा र तेस्रोमा बर्दिया रहेका छन् । त्यस्तै चौथोमा पूर्वी रूकुम, पाँचौंमा दाङ र छैठौंमा प्यूठान रहेका छन् । प्रदेश ५ का छ जिल्लामा कार्यक्षेत्र रहेको नेपालगञ्ज कार्यालयको तथ्याङ्कअनुसार बाँकेमा २८४, रोल्पामा १३२, बर्दिया १६६, पूर्वी रूकुममा ८१, दाङमा ७७ र प्यूठानमा २१ उजुरी परेका छन् । तथ्याङ्कअनुसार बाँकेमा नागरिक तथा राजनीतिक अधिकार हनन्सम्बन्धी बाँकेमा ९०, रोल्पामा ३५, बर्दिया १९, पूर्वी रूकुममा ५६, दाङमा २२ र प्यूठानमा नौ गरी २३१ उजुरी छन् भने यातनासम्बन्धी बाँकेमा ८२, रोल्पामा चार, बर्दियामा आठ, पूर्वी रूकुममा पाँच, दाङमा नौ र प्यूठानमा दुई गरी ११० उजुरी परेका छन्। आयोगको नेपालगञ्ज कार्यालयको तथ्याङ्कअनुसार बेपत्तासम्बन्धी बाँकेमा ६२, रोल्पामा १२, बर्दियामा ७६, पूर्वी रूकुममा सात, दाङमा २४ र प्यूठानमा एक गरी १८२ उजुरी छन् भने आर्थिक, सामाजिक एवं सांस्कृतिक अधिकार हनन्सम्बन्धी बाँकेमा ४३, रोल्पामा १७, बर्दिया ६०, पूर्वीरूकुममा १३, दाङमा २० र प्युठानमा आठ गरी १६१ उजुरी रहेका छन् ।

### सांसद विकास कोष स्थापना गर्न माग

विराटनगर । प्रदेश १ का सांसदले सांसद विकास कोष स्थापना गर्न माग गरेका छन् । मंगलबार बसेको प्रदेशसभा बैठकमा सांसदहरू कोष स्थापनाको माग गर्दै सो कोषमा ५ करोड रूपैयाँ विनियोजन गरिनुपर्ने माग गरेका छन् । हरेक सांसदलाई सानातिना योजनामा रकम दिन १ करोडका दरले रकम दिनुपर्ने मागसमेत गरिएको छ । आर्थिक मामिला तथा योजनामन्त्री इन्द्रवहादुर आङबोले प्रस्तुत गरेको विनियोजन विधेयकमा समावेश हुने बजेट तथा कार्यक्रमको सिद्धान्त, उद्देश्य, प्राथमिकता र प्रमुख नीतिसहितको पूर्वबजेट छलफलमा भाग लिंदै सांसदले माग गरेका हुन् ।

### बालविवाहमुक्त वडा घोषणा

सप्तरी । प्रदेश २ का भूमि व्यवस्था, कृषि तथा सहकारीमन्त्री शैलेन्द्र प्रसाद साहले बालविवाहका कारण ४० प्रतिशत बालबालिकाहरू बाध्य भएर बिचमै पढाई छाड्दै गएको बताएका हुन् । सप्तरीको तिलाठी कोईलाडी गाउँपालिका वडा नम्बर १ तिलाठीलाई शुक्रबार बालविवाह मुक्त वडा घोषणा गर्दै उनले यस्तो बताएका हुन् । बालविवाहले एक दिन मात्र नभई पुस्तौ पुस्ता यसका प्रभाव पर्दै गएको बताउदै, मन्त्री साहले भने 'छोरीलाई जति पढाउदाँ त्यति नै बढि दाइजो दिनुपर्ने मानसिकताले पनि बालविवाह बढदै गएको छ ।' त्यसैले समाजिक परिवर्तनका लागी प्रदेश सरकारले बेटि पढाउ बेटि बचाउ अभियान ल्याएको तर्क दिदै, उनले भने 'यहि मानसिकता परिवर्तन गर्न प्रदेश २ मा बेटी जन्म लिने दिन नै प्रदेश सरकारले १ लाख २५ हजार रूपैयाँ बरावरको शैक्षिक विमा गर्दै आएको छ ।'

# अस्पष्ट राजनीतिक गन्तव्य



केशवराज पौडेल

> कहिलेसम्म नेपाली जनताले वैचारिक–रणनीतिक रूपमा लोकतान्त्रिक ट्र्याक भन्दा बाहिर गएको राजनीतिलाई ताली बजाएर स्वागत गरिरहने ?

हामी न त हाम्रो राजनीतिको भारतीयकरण चाहन्छौ, न चिनियाँकरण । दुई खम्बे, दुई आस्थे राजनीति अब नेपाली राजनीतिमा हुन सक्दैन । लोकतन्त्रभित्र धर्म हो, धर्म भित्र लोकतन्त्र हुन सक्दैन । हिन्दू राज्य र लोकतन्त्र सँगसँगै जान सक्दैन । हामी नेपाली राजनीतिको नेपालीकरण चाहन्छौँ । यसको मौलिकता, इतिहास र संस्कृतिलाई आत्मसात गर्न चाहन्छौँ ।

विकसित र समृद्ध देश निर्माण गर्न लागी सोच पनि विकसित हुनु पर्छ । नेपालका नेताहरू सामन्ति संस्कृति र लोकतान्त्रिक संस्कृतिबीचको मानसिकतामा अलमलमा बाँचेका छन् । उनीहरूलाई स्पष्ट रूपले भन्न सकिन्छ, उनीहरूले निर्णायक रूपमा जनताको हितको नेतृत्व गर्न सकेका छैनन् ।

हिजोको पञ्चायती व्यवस्था भएको बेलाजस्तो राज्यको राजावादीकरण चाहँदैनौं, हामी राज्यको काङग्रेसीकरण र कम्युनिष्टिकरण पनि चाहँदैनौ । राज्यको लोकतान्त्रिकीरण र संस्थाकरण चाहन्छौ । त्यसैले राज्यका, हर संगठनलाई संस्थामा रूपान्तरण गरी जनताप्रति जवाफदेही जनप्रिय संस्थाका रूपमा रूपान्तरण गरिनुपर्दछ । युगको माग यहि हो ।

हाम्रो राजनीति २००७ सालदेखि नै शक्ति सम्झौताको, परिणाममा अल्झिएको छ । एउटा राजनीतिक नेतृत्व र शक्तिले निर्णायक रूपमा लोकतान्त्रिक गन्तव्यतिर डोर्‍याउन सकेको दखिदैन । त्यहि भएर अरू लोकतान्त्रिक मुलुकहरू जसरी राजनीतिक स्थायित्वलाई नेतृत्व गर्दै समृद्धिको दिशा तिर हामी लम्किरहेका छैनौ ।

आज सबै नेपालीहरू आ-आफ्नो क्षेत्रबाट उठ्नु परेको छ । तीनवटा ठूला राजनीतीक परिवर्तन र पछिल्लो संविधान निर्माणको निर्णायक क्रान्ति गरेर नेपाली बहुसंख्यक जनताको आत्मगत प्रतिनिधित्व गर्दै नेपाली राजनीति अघि बढीसकेको छ, तर अझै राष्ट्रिय स्वार्थ ठूलो हो भनेर राष्ट्रिय राजनीतिलाई निर्णायक लक्ष्यतिर डोर्‍याउने काम हुन सकेको छैन ।

आजपनि केन्द्रबाट दायाँ, निरङ्कुशतन्त्रको छायाँबाट मुक्त हुन सकिरहेको छैन । केन्द्रबाट बायाँ, अधिनायकवादको छायाँबाट मुक्त हुन सकिरहेको छैन । केन्द्रबाट दायाँ रहेका राजनीतिका शक्तिलाई लोकतन्त्र अर्थात अहिले बनेको संविधान नै नेपाली राजनीतिको निर्णायक गन्तव्य हो, अबको राजनीति विकाशवादी हो भनेर त्यस दिशामा डोर्‍याउन सक्नुपरेको छ भने केन्द्रबाट बाँयालाई पनि लोकतन्त्र अर्थात् अहिले बनेको नयाँ संविधान नै हाम्रो राजनीतिको प्रमुख गन्तव्य हो भनेर डोर्‍याउने राष्ट्रिय प्रयास आवश्यक देखिएको छ ।

पुराना पार्टीहरूले राजनीतिक परिवर्तनमा योगदान दिए पनि परिवर्तनको व्यवस्थापन र विकाश तर्फको यात्राको निर्णायक स्वामित्व लिन सकिरहेको देखिएको छैन । आज जनताको चेतना र क्रयशक्ति पनि बढेको छ । अन्तर्राष्ट्रिय परिस्थिति पनि परिर्वतित भएको छ । राज्यमाथिको जनताको हस्तक्षेप बढ्दै गइरहेको छ । यसले गर्दा जनतामा व्यापकरूपमा वैकल्पिक शक्तिको खाँचो महसुस हुँदै गइरहेको छ । समय र युगको मागलाई सम्बोधन गर्ने खालको राजनीतिक नेतृत्व र शक्ति बन्ने तर्फ राजनीति टड्कारो रूपमा अघि बढ्नुपर्ने राष्ट्रिय आवश्यक्ता सिर्जना भएको छ ।

कहिलेसम्म नेपाली जनताले वैचारीक–रणनीतिक रूपमा लोकतान्त्रिक ट्र्याक भन्दा बाहिर गएको राजनीतिलाई ताली बजाएर स्वागत गरिरहने ? राजनीति निर्णायक तत्व हो, लोकतन्त्र आफैमा गतिशील यात्रा हो । बेलायतमा राजसंस्था राखिएको छ । तर उसको कुनै वैचारिक नेतृत्वकारी हैसियत छैन । राष्ट्र र सेना राजाको होइन, जनताको हो भन्ने बलियो भावना छ ।  संसद निर्णायक छ, जनता पनि निर्णायक छन् । त्यहाँ राजनीतिको गन्तव्य स्पष्ट छ ।

संसारमा जहाँ पनि लोकतन्त्र, निरङ्कुशतन्त्र र अधिनायकवाद विरूद्ध, आत्मगत र वस्तुगत रूपमा एन्टिकरेन्टमा उभिएको छ । लोकतन्त्र, प्रकृति मैत्री र मानवजगतमैत्री रहेको छ, केन्द्रबाट दायाँले बुझ्नुपर्दछ, संसारमा कँहि पनि राजतन्त्र र लोकतन्त्र, धार्मिक राज्य र लोकतन्त्र सँगसँगै गएको छैन । धर्मसँग सेरेमोनियल सम्बन्ध हुन्छ, सक्रिय सम्बन्ध हुँदैन । यहाँ त धर्म र राजतन्त्र पनि आस्थाको विषय बनेको, राजनीतिको एक खम्बा बनेको अवस्था देखिएको छ । राजनीतिमा दुई खम्बा हुँदैन, मूल आस्थाको मियो, राजमार्ग एउटै हुन्छ, जसरी बसमा, जहाजमा एउटा मुख्य ड्राईभर हुन्छ , त्यहि हो राजनीतिमा । तर केन्द्रबाट दायाँमा भएका अझै कतिपय मानिसहरूको वैचारिक व्यक्तित्व र गन्तव्य स्पष्ट देखिएको छैन ।

संसारभरका सारा मानिसहरूको राजनीतिक गन्तव्य लोकतन्त्र हो । आज लोकतान्त्रिक विश्वले, विश्व राजनीतिलाई नेतृत्व गरिसक्को छ । हिजो बिसौ शताब्दीमा रूस र चीन जस्ता देशहरूमा आएको सर्वहाराको अधिनायकत्वको व्यवस्था लोकतन्त्रको एन्टिथेसिसमा आएको व्यवस्था होइन, सामन्तवादको एन्टिथेसिसमा आएको व्यवस्था हो ।

हामी निरङ्कुशतन्त्र र अधिनायकवादी व्यवस्थामा विश्वास गर्नेहरूलाई भन्न चाहन्छौ, आज संसारमा कम्ब्याट ड्रेस र बन्दुक भिरेका सैनिकहरू र नागरिक जनता, प्रत्यक्ष सम्बन्धमा जोडिएर कसरी सामूहिकता र समाजवादी संस्कृतिको निर्माण हुन सक्छ ? सैनिक व्यारेकसँग नागरिकको अप्रत्यक्ष सम्बन्ध हुनुपर्दछ । हामी कार्ल मार्क्सको विचार र भावनालाई सम्मान गर्दछौ तर उहाँको कम्ब्याटड्रेस, बन्दुक र सेनासँग प्रत्यक्ष सम्बन्ध हुनु हुँदैन भन्ने हाम्रो विचार हो । संसारभरका सेनाहरू, अनुशासित  रूपमा व्यारेकमा नागरिकको अप्रत्यक्ष सम्बन्धमा राखिनु पर्दछ । सेनाहरू, व्यक्ति र राजनीतिक पार्टीसँग प्रत्यक्ष रूपमा जोडिनु हुँदैन । वैज्ञानिक लोकतन्त्र र वैज्ञानिक समाजवाद पनि यहि हो ।

## पिछडा वर्गको छुट्टै आरक्षण हुनुपर्छ : लोक दल

काठमाडौं । पिछड़ा वर्गको अधिकारको लागि विगत लामो समयदेखि संघर्ष गरिरहनु भएका  लोक दलका अध्यक्ष कौशल कुमार सिंहले पिछड़ा वर्ग  (इद्यऋ) को लागि छुट्टै समानुपातिक क्लस्टर कायम हुनुपर्ने बताएका छन् । पिछड़ा वर्गको आरक्षण र संविधानमा उल्लेख भए अनुसारको अधिकारलाई कानुनमा लागु गराउन सरकारमाथि दबाब दिइने र पार्टीको संगठनलाई पिछड़ा वर्गमा विस्तार गर्ने निर्णय गरेको छ । शनिवार मधेश मिडिया हाउसमा पिछड़ा वर्गको अधिकार र आरक्षण विषयक अन्तरक्रिया कार्यक्रममा अध्यक्ष सिंहले मधेशीको नाममा दिएको आरक्षणको ८० प्रतिशत उपभोग त्यहाँका उच्च जात भनिनेहरूले गर्ने गरेको र बांकी रहेको पनि कानुनी दाऊपेचका कारण फेरी खुला कोटामा फर्किने गरेकाले पिछड़ा वर्ग (इद्यऋ) को छुट्टै आरक्षण र अन्य सबै व्यवस्था छुट्टै हुनुपर्ने बताए । उनले पिछड़ा वर्ग (OBC) का छोरा छोरीले कहीं पनि जागिर नपाउने, कुनै छात्रवृत्ति नपाउने, राज्यको कुनै निकायमा प्रतिनिधित्व गर्न नपाउने भएकोले पिछड़ा वर्ग (इद्यऋ) को सबै व्यवस्था छुट्टै हुनुपर्ने र यसको लागि लोक दल अनवरत संघर्ष गरिरहेको जानकारी दिए ।

## उपचारको व्यवस्था मिलाउन नाई ट्रेड युनियनको माग

काठमाडौं । गत आइतबार सुकेधारास्थित एक सैलुनमा भएको बम विस्फोटमा घाइते भएका सैलुनका सञ्चालक जीव कुमार ठाकुर भनिने छोटु ठाकुरको अविलम्ब उपचारको व्यवस्था मिलाउन नेपाल नाई ट्रेड युनियनले माग गरेको छ । सो विस्फोटमा छोटु ठाकुरको कुनै संलग्नता नरहेको र उनी निर्दोष श्रमिक व्यवसायी मात्र रहेको दाबी नाई ट्रेड युनियनको रहेको छ । आइतबार साँझ ४:१५ बजे ६/७ जना अपरिचित व्यक्तिको समूह सैलुनमा आई आफै पानीको स्प्रे छरी कपाल मिलाउने क्रममा सो विस्फोट हुँदा सो समूहका दुई जनाको घटनास्थलमै मृत्यु भएको र ठाकुरसहित अन्य घाइते भएका थिए । घाइतेमध्ये ठाकुरलाई वीर अस्पतालको ट्रमा सेन्टरमा उपचार भइरहेको छ भने सो समूहका अन्य घाइतेहरूको ओम हस्पिटलमा उपचार भइरहेको छ ।

ठाकुरको सो समूहसँग कुनै किसिमको आबद्धता वा सामान्य चिनजानसमेत रहेको पीडित ठाकुर बताउँछन् । महोत्तरी जिल्लाको गौशाला नगरपालिका-१ रामनगरका स्थायी निवासी ठाकुर करिब ३० वर्षदेखि सैलुन व्यवसाय गर्दै जीवनयापन गर्दै आएका छन् । यता, गृहमन्त्रीले विस्फोटमा मृत्यु हुने र घाइतेहरू सबै विप्लवका कार्यकर्ता भएको वक्तव्य दिएको प्रति नाई ट्रेड युनियनको गम्भीर ध्यानाकर्षण भएको केन्द्रीय अध्यक्ष गजेन्द्र ठाकुरले बताएका छन् । गृहमन्त्रीको यस्तो वक्तव्य गैरजिम्मेवारपूर्ण रहेको र एउटा श्रमिकमाथि लाञ्छना लगाउने काम गरेको आरोप अध्यक्ष ठाकुरको छ ।

## संक्षिप्त समाचार

### गणतन्त्र दिवस मनाइयो

रौतहट । रौतहट जिल्लाको सदरमुकाम गौरमा विभिन्न कार्यक्रमको आयोजना गरी १२औं गणतन्त्र दिवस मनाइएको छ । गणतन्त्र दिवस मूल समारोह समितिको आयोजनामा दिवस मनाइएको हो । सरकारी कार्यालयका प्रमुख, सुरक्षाकर्मीहरू बिहान प्रभात फेरी निकालेका थिए । नगरको परिक्रम गर्दै जिल्ला समन्वय समितिको प्रांगणमा सभामा परिणत भएका थिए । समन्वय समितिका प्रमुख राम एकवाल यादव र प्रमुख जिल्ला अधिकारी किरण थापाले राष्ट्रिय झण्डा फ़राएका थिए । कार्यक्रममा सहभागी भएकाहरूले लोकतन्त्र ल्याउने अभियानमा आफ्नो अनमोल जीवनको आहुति दिने वीरहरूप्रति श्रदा सुमन अर्पण गरेका छन् ।

### कपिलवस्तुमा पनि गणतन्त्र दिवस मनाइयो

कपिलवस्तु । १२औं गणतन्त्र दिवसको अवसरमा नेपाली कांग्रेस जिल्ला कार्य समिति कपिलवस्तुले पार्टी कार्यालय तौलिहवामा विचार गोष्ठी सम्पन्न गरेको छ । कार्यक्रममा बोल्दै नेपाली कांग्रेसका नीति तथा प्रशिक्षण विभागका सदस्य विद्या खनालले नेपाली कांग्रेसले नै गाणतन्त्र ल्याएको हुंदा यसको संस्थागत गर्ने काम पनि कांग्रेसकै जिम्मामा आएको बताए । वर्तमान सरकारले सविधान र गाणतन्त्रले दिएको उपहार कुल्चेर अधिनायकवाद लाद्न खोजेको समेत खनालले बताए ।

### विप्लवको वार्तामा आउने तयारी

विराटनगर । सत्तारूढ नेकपा अध्यक्ष एवं पूर्वप्रधानमन्त्री दाहाल प्रचण्डले ‘विप्लव’ नेतृत्वको समूह चाँडै वार्तामा आउने बताएका छन् । विराटनगर विमानस्थलमा सोमबार सञ्चारकर्मीहरूसँग कुराकानी गर्दै प्रचण्डले सो कुरा बताएका हुन् । उनले विभिन्न मागसहित आन्दोलन, बन्द हड्ताल र बम विस्फोट गराइरहेको ‘विप्लव’ चाँडै वार्तामा आउने जिकिर छन् । सरकार पनि जतिसक्दो चाँडो वार्तामा ल्याएर टेबलबाटै सहमति गरेर विप्लवका नाममा भइरहेका अराजकता बन्द गर्न चाहेको प्रष्ट्याए ।

### प्रदेश ५ को नीति तथा कार्यक्रम पारित

रूपन्देही । प्रदेश ५ को नीति तथा कार्यक्रममा प्रमुख प्रतिपक्षी दल नेपाली कांग्रेसले दिएको संशोधन प्रस्ताव अस्वीकृत गर्दै बहुमतले पारित गरेको छ । सोमबार बसेको प्रदेश सभा वैठकले प्रमुख प्रतिपक्षी कांग्रेसले ५ बुँदे संशोधन प्रस्ताव दर्ता गराएको थियो । सो संशोधन प्रस्ताव अस्वीकृत गरेपछि सरकारको नीति तथा कार्यक्रम बहुमतले पारित भएको हो । कांग्रेसले नीति तथा कार्यक्रम नै प्रभावकारी नभएको भन्दै बुँदा नं १ देखि १ सय ६७ सम्मका विभिन्न शब्द परिमार्जन गर्नुपर्ने मागसहित ५ बुँदे संशोधन प्रस्ताव दर्ता गराएको थियो ।

### नि:शुल्क स्वास्थ्य परीक्षण

बुटवल । गणतन्त्र दिवसका अवसरमा बुटवलकै पुरानो मध्येका बुटवल  बहुउद्देश्यीय सहकारी संस्थाले निशुल्क स्वाथ्य परीक्षण कार्यक्रम गरेको छ । सहकारी झण्डै १५ सय सदस्यहरूका लागि स्वाथ्य परीक्षण कार्यक्रमको आयोजना गरेको हो । बुटवलको नेशनल प्याथ ल्याबको प्राविधिक सहयोगमा एक महिने स्वाथ्य परीक्षणको शुभारम्भ बुधबार गरिएको हो । जेठ १५ देखि असार १५ सम्म आफ्ना सदस्यहरूले निशुल्क रूपमा रगत, पिसाव, सुगर, किड्नी, कोल्डस्टोर थाईराईड तथा लिभर सम्बन्धी सम्पूर्ण परीक्षण हुने सहकारीका स्वास्थ्य विभाग संयोजक उदयराज भण्डारीले बताए ।

### उवासंघ कृष्णानगरको साधारणसभा जेठ २५ मा

कपिलवस्तु । उद्योग वाणिज्य संघ कृष्णानगरले प्रेस विज्ञप्ति मार्फत उद्योग वाणिज्य संघ कृष्णानगरको साधारणसभा यही जेठ २५ गते शनिवार (८ जून २०१९) मा हुने भएको छ । सदस्यता नवीकरण गराएका व्यवसायी र उद्यमीहरूले आआफ्नो २ प्रति फोटो परिचयपत्रका लागि उद्योग वाणिज्य संघ कृष्णानगरको कार्यालयमा जम्मा गरी आआफ्नो परिचयपत्र लिन सक्नेछन् र जसको सदस्यता नवीकरण भएको छैन । उनीहरूले यही जेठ २१ र २२ गतेभित्र नवीकरण गराउन भनिएको छ । साथै २०७६ अषाढ १४ गते शनिबार (२९ जून २०१९) का दिन पदाधिकारीहरूको निर्वाचन हुने कुरा जानकारी गराइएको छ ।

### मुसहर बालबालिकालाई शैक्षिक सामग्री

वीरगन्ज । मुसहरबस्तीका १ सय बालबालिकालाई शैक्षिक समग्री, व्यक्तिगत सरसफाइका समान र लत्ता कपडा वितरण गरिएको छ । वीरगन्ज महानगरपालिका २२ मनियारीस्थित विपन्न, दलित माझी मुसहर समुदायका बालबालिकालाई शैक्षिक सामग्री, सरसफाइका समान र लत्ता कपडा वितरण गरिएको हो । वुमन फर वुमन अभियानबाट बचेको, विभिन्न व्यक्ति र संस्थाबाट आएको १ लाख ८० हजार रूपैयाँ नगद र जिन्सी सहयोग जुटाएर मुसहर बस्तीमा वितरण गरिएको अभियानका संयोजनकर्ता अरविन्द सिंहले जानकारी दिए । ‘हावाहुरी प्रभावितलाई हाईजिन किट वितरण गरिसकेपछि बचेको किट त्यो बस्तीमा वितरण गर्न गएका थियौं । त्यही बेलामा त्यहाँका बालबालिकाको विजोग अवस्था देख्यौं’ उनले भने ‘उनीहरूको शिक्षा, सरसफाइका लागि सहयोग गर्नु आवश्यक देखेपछि सहयोग गरेका हौं ।

### विप्लव बन्दको कैलालीमा प्रभाव

धनगढी । नेत्रविक्रम चन्द नेतृत्वको माओवादीले सोमबार गरेको बन्दको प्रभाव कैलालीमा पनि परेको छ । बन्दका कारण जनजीवन प्रभावित भएको थियो । बन्दका कारण यातायात सेवा ठप्प हुँदा यात्रुलाई सास्ती भएको थियो । बन्दको मौका छोपी बसपार्क क्षेत्रका होटल व्यवसायीले खाजा तथा खानासमेत महंगो बनाएका थिए । सामान्य खाजामासमेत सय/डेढ सय तिर्नुपरेको गुनासाहरू आएका छन् ।

**सूचना**

व्यक्तिगत घटना, जन्मदर्ता, विवाहदर्ता, सम्बन्ध विच्छेद, बसाईसराई, मृत्युदर्ता आदि समयमै दर्ता गराई कानूनी अधिकारको सुनिश्चितता प्राप्त गरी सभ्य र सार्वभौम नागरिकको परिचय दिऔं ।

जलेश्वरनाथ नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
प्रदेश नं. २, महोत्तरी

**सूचना**

व्यक्तिगत घटना, जन्मदर्ता, विवाहदर्ता, सम्बन्ध विच्छेद, बसाईसराई, मृत्युदर्ता आदि समयमै दर्ता गराई कानूनी अधिकारको सुनिश्चितता प्राप्त गरी सभ्य र सार्वभौम नागरिकको परिचय दिऔं ।

चक्रघाटा गाउँपालिका
नगर कार्यपालिकाको कार्यालय
प्रदेश नं. २, सर्लाही

पदीय दायित्व पूरा नगर्नु भनेको समाज र राष्ट्रका लागि धोका हो ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग

# आव २०७६/७७ को बजेटमा मधेश



- तराई-मधेशमा एक हजार भन्दा बढी विद्यार्थी संख्या पुग्ने सामुदायिक विद्यालयलाई स्थानीय तह मार्फत थप टेवा पुऱ्याउन बजेट विनियोजन गरिएको छ ।
- पश्चिम तराईमा स्वास्थ्य समस्याको रूपमा रहेको सिक्कल-सेल एनिमिया रोगको रोकथाम गर्न विशेष कार्यक्रम संचालन गर्न बजेट विनियोजन गरिएको छ ।
- राजविराजमा रामराजा प्रसाद सिंह स्वास्थ्य विज्ञान प्रतिष्ठानको स्थापना गर्न रू. ४० करोड विनियोजन गरिएको छ ।
- बाँकेको शुशील कोइराला प्रखर क्यान्सर अस्पताल संचालनमा ल्याउन, सिराहामा क्यान्सर अस्पताल निर्माण गर्न अनुदानको व्यवस्था मिलाइएको छ ।
- तराई मधेशका २० जिल्लाका खानेपानीमा विद्यमान आर्सेनिक प्रदुषणको समस्यालाई दिगो रूपमा समाधान गर्न बजेट विनियोजन गरेको छु । तराई मधेश खानेपानी सुधार कार्यक्रम अन्तर्गत निर्माणाधीन खानेपानी आयोजनाहरूको निर्माण कार्यलाई तिव्रता दिन बजेट विनियोजन गरेको छु । सुख्खाग्रस्त क्षेत्रहरूमा खानेपानी आयोजना संचालन गरिनेछ ।
- स्थानीय तहमा रहने रोजगार सेवा केन्द्रमा बेरोजगार सूचीमा दर्ता भएका मुक्त कमैया, हलिया, हरूवा, चरूवा र कमलरी, सीमान्तकृत, लोपोन्मुख र विपन्न समुदाय, अपाङ्गता भएका र खाद्य असुरक्षा भएका क्षेत्रका बेरोजगारलाई लक्षित गरी रोजागारीका विशेष कार्यक्रम सञ्चालन गरिनेछ ।
- मानव विकास सुचकाङ्कमा पछि परेका तराई-मधेश लगायतका जिल्लाहरूका अतिरिक्त गरिबीको रेखामुनीका परिवारका बालबालिका समेतलाई समेट्ने गरी बाल संरक्षण अनुदानको दायरा फराकिलो तुल्याइएको छ ।
- सुनसरी-मोरङ्ग तथा नारायणी लिफ्ट सिँचाइ प्रणालीलाई पुर्नस्थापना गर्न, कालीगण्डकी-तिनाउ, तमोर-चिस्याङ, माडी-दाङ, राप्ती-कपिलवस्तु, पश्चिम सेती-कैलाली पाण्डुल डाइभर्सन तथा कन्काई बहुउद्देश्यीय आयोजना लगायतका आयोजनाहरूको विस्तृत सम्भाव्यता अध्ययन सम्पन्न गर्न आवश्यक बजेट विनियोजन गरिएको छ ।
- प्रदेश तथा स्थानीय तहको सहभागितामा तराई-मधेशका सौर्य ऊर्जामा आधारित भूमिगत सिँचाइ सुविधा उपलब्ध गराइनेछ । तराई-मधेशमा संयोजनात्मक रूपमा भूमिगत तथा सतह सिंचाइ योजनाहरूको विकास तथा व्यवस्थापन गर्न समृद्ध तराई मधेश सिंचाई विशेष कार्यक्रमका लागि रू.९६ करोड विनियोजन गरिएको छ ।
- जनताको तटबन्ध, कोशी, त्रियुगा, कमला, नारायणी, कर्णाली लगायतका नदीहरूमा तटवन्ध निर्माण आयोजनाहरू सम्पन्न गर्न रू ५ अर्ब ७३ करोड विनियोजन गरिएको छ ।
- उदयपुरमा मौसमी राडार स्थापना गर्न बजेट विनियोजन गरिएको छ ।
- राष्ट्रपति चुरे संरक्षण कार्यक्रमको संरचनागत परिवर्तन गर्दै पूर्वी, मध्य र पश्चिम क्षेत्रमा आयोजना कार्यालय मार्फत कार्यक्रम अघि बढाउन रू १ अर्ब ७४ करोड विनियोजन गरिएको छ । चुरे र भावर क्षेत्रका गल्छी पहिरो नियन्त्रण तथा खोंचहरूमा जल पुनर्भरणका लागि आगामी आर्थिक वर्षमा ११६ पोखरीहरू निर्माण गर्न बजेट विनियोजन गरिएको छ ।
- मुक्त कमैया, मुक्त हलिया, सुकुम्बासीलगायत सबै भूमिहीन र सीमान्तकृत परिवारहरूको बसोबास व्यवस्थित गरिनेछ । लामो समयदेखिको सामाजिक कलंकबाट मुक्त हुने गरी कमैया र हलियाहरूको बसोवास कार्य आगामी वर्ष भित्र पूर्ण सम्पन्न गरिनेछ । भूमिहीन, अव्यवस्थित बसोबासी, मोही, साना किसान, अल्पसंख्यक, दलित लगायत महिला तथा गरीब वर्गको भूमिमा पहुँच सुनिश्चित गरिनेछ ।
- झापाको दमक, रूपन्देहीको मोतिपुर, मकवानपुरको मयूरधाप, चितवनको शक्तिखोर, बाँकेको नौवस्ता, सुर्खेतको चौरासे र कञ्चनपुरको दैजीमा औद्योगिक क्षेत्रको पूर्वाधार निर्माण कार्यलाई तीव्रता दिइनेछ ।
- इटहरी-विराटनगर, पथलैया-विरगञ्ज, बुटवल-बेलहिया, कोहलपुर-जमुनाह र अत्तरिया-धनगढीलाई औद्योगिक कोरिडरको रूपमा विकास गर्न जमिन व्यवस्थापन, सडक स्तरोन्नति, ढल निर्माण र विद्युत प्रशारण लाईन जस्ता पूर्वाधारका लागि आवश्यक बजेट विनियोजन गरिएको छ । औद्योगिक पूर्वाधार विकासको लागि रू २ अर्ब ८७ करोड विनियोजन गरिएको छ ।
- आगामी आर्थिक वर्षदेखि नवलपरासीको धौबादीमा रहेको फलाम खानीबाट व्यावसायिक उत्पादन शुरू गरिनेछ ।
- भैरहवा तथा नेपालगंजमा अन्तराष्ट्रिय चेकपोष्ट निर्माण कार्य शुरू गरिनेछ ।
- पेट्रोलियम पदार्थको आपूर्ति सहज तुल्याउन निर्माणाधीन अमलेखगञ्ज-रक्सौल-मोतिहारी खण्डको पेट्रोलियम पाइप बिच्छ्याउने कार्य यसै वर्ष सम्पन्न गरी पेट्रोलियम पदार्थको आयातलाई सहजीकरण गरिनेछ । उद्योग, वाणिज्य तथा आपूर्ति क्षेत्रका लागि रू ११ अर्ब ७४ करोड विनियोजन गरिएको छ ।
- जलविद्युत्, सौर्य, जैविक, वायु लगायतका नवीकरणीय उर्जाको उपयोगबाट उर्जाको पहुँच कम भएको प्रदेश नं २ लाई सर्वप्रथम पूर्ण रूपमा अध्याँरोमुक्त प्रदेश घोषणा गरिनेछ ।
- ईनरूवामा निर्माणाधीन सवस्टेशनहरू निर्माण सम्पन्न गरी नेपालमा पहिलो पटक ४०० के.भी प्रणालीमा आधारित ढल्केबर सवस्टेशन संचालनमा ल्याइनेछ ।
- बुटवलदेखि गोरखपुर अन्तरदेशीय प्रसारण लाइन निर्माण अघि बढाइनेछ ।
- तराई मधेशका जिल्लाहरूमा खाना पकाउनका लागि प्रयोग भइरहेको गुईठाको प्रतिस्थापन र उर्जाको पहुँच नपुगेका क्षेत्रमा स्वच्छ उर्जा कार्यक्रम सञ्चालन गरिनेछ ।
- पूर्व-पश्चिम राजमार्गलाई डेडिकेटेड चार लेनको सुरक्षित गतियुक्त सडकको रूपमा विस्तार गर्न आगामी वर्ष वुटवल-नारायणगढ खण्ड र कमला कञ्चनपुर खण्डको निर्माणलाई तीव्रता दिइनेछ ।
- तराईका जिल्लाहरू जोड्ने हुलाकी राजमार्गको ३५० कि. मि. कालोपत्रे गर्न रू.१३ अर्ब ६३ करोड विनियोजन गरिएको छ ।
- चुरे तथा भित्री मधेशका क्षेत्रहरू जोड्ने मदन भण्डारी राजमार्ग निर्माणका लागि रू.४ अर्ब ८२ करोड विनियोजन गरिएको छ ।
- तराई मधेशको समृद्धिसँग जोडिएको सडक पूर्वाधार विशेष कार्यक्रमका लागि रू ४ अर्ब ४ करोड विनियोजन गरिएको छ ।
- दक्षिणी सीमा नाकाबाट पूर्व-पश्चिम विद्युतीय रेलमार्गको इटहरी, निजगढ, वुटवल र कोहलपुर जोड्ने रेल्वे लाईनको निर्माण कार्य अगाडि बढाइनेछ । जयनगर-बिजलपुरा र भारतको बथनाहादेखि विराटनगरसम्म आगामी आर्थिक वर्षभित्रै रेल सेवा सञ्चालन गरिनेछ । बिजलपुरा-बर्दिबास खण्डको रेलमार्ग निर्माण सम्पन्न गर्न बजेट विनियोजन गरिएको छ ।
- जलयातायातलाई मुलुकको आन्तरिक र वाह्य आवद्धता बढाउने सबै भन्दा किफायती यातायातको साधनको रूपमा विकास गर्न आवश्यक नीतिगत, कानुनी र अन्य पूर्वाधार तयारी गर्न तथा नारायणी र कोशी नदीमा जलयातायात पूर्वाधार विकासका लागि बजेट विनियोजन गरिएको छ ।
- सघन शहरीकरण भइरहेका विराटनगर-इटहरी, वीरगञ्ज-जीतपुर सिमरा, पोखरा उपत्यका, वुटवल-सिद्धार्थनगर, नेपालगञ्ज-कोहलपुर तथा धनगढी-अत्तरिया क्षेत्रमा मेगा सिटी विकास गर्न सम्भाव्यता अध्ययन गरिनेछ ।
- हुलाकी र मध्यपहाडी लोकमार्गको आसपासमा सम्भाव्यताको आधारमा २७ स्थानमा आधुनिक नयाँ शहरहरूको पूर्वाधार विकासका लागि रू १ अर्ब ९८ करोड विनियोजन गरिएको छ ।
- बाढी, पहिरोमा परी घरबार गुमाएका र जनधनको क्षति भएका सुर्खेत, बर्दिया, दाङ लगायत तराई-मधेश तथा पहाडी जिल्लाहरूमा घर पुनर्निर्माण कार्य अगाडि बढाउन बजेट विनियोजन गरिएको छ ।
- सबै प्रदेशमा २ हजार व्यक्ति क्षमताका सम्मेलन केन्द्र निर्माण गर्ने क्रममा धनगढी र विराटनगरमा निर्माणाधीन सभाहलको लागि बजेट व्यवस्था गरको छ । जनकपुरमा सभाहल निर्माणको लागि विस्तृत सम्भाव्यता अध्ययन गर्न र बुटवलमा निर्माणाधीन अन्तराष्ट्रिय सम्मेलन केन्द्र र अन्तराष्ट्रिय प्रदर्शनी केन्द्रको निर्माणका लागि बजेटको व्यवस्था गरिएको छ ।
- तराई मधेश समृद्धि कार्यक्रमलाई निरन्तरता दिई मानव विकास सूचकाङ्कका आधारमा पछाडि परेका स्थानीय तहहरूमा आर्थिक रूपान्तरण, सामाजिक विकास र भौतिक पूर्वाधारका निर्माण कार्यक्रमको लागि रू १ अर्ब ६० करोड विनियोजन गरिएको छ ।
- गौतम बुद्ध अन्तराष्ट्रिय विमानस्थलको पहिलो चरणको कार्य आगामी वर्ष सम्पन्न गरी अन्तराष्ट्रिय उडान संचालन गर्न रू ३ अर्ब ३४ करोड विनियोजन गरिएको छ ।
- विराटनगर, जनकपुर, सिमरा, नेपालगञ्ज, दाङ, धनगढी लगायतका विमानस्थलहरूको स्तरोन्नती गरी ठुला विमान अवतरण गर्न सक्ने बनाईनेछ ।
- तिलौराकोट, लुम्बिनी, देवदह र रामग्राम क्षेत्रलाई समेटी बृहत लुम्बिनी एकीकृत विकास गुरूयोजना तर्जुमा गरिनेछ । लुम्बिनी क्षेत्रको गुरूयोजना बमोजिमको निर्माण कार्यलाई निरन्तरता दिन रू. १ अर्ब विनियोजन गरिएको छ ।




# क्यान्सर

**शरीरमा अनियन्त्रित रूपमा कोषहरूको असमान्य बृद्धि हुनुलाई क्यान्सर भनिन्छ । यो सरूवा रोग होइन ।**

**क्यान्सर रोग चेतावनीका चिन्हहरू :**

- स्तनमा गिर्खा आउनु/गाँठागुँठी आउनु ।
- मुसा, कोठीमा परिवर्तन आउनु ।
- पाचनकृया र दिशा गर्ने बानीमा बारम्बार परिवर्तन आउनु ।
- लामो समयसम्म खोकी लाग्नु र स्वर परिवर्तन हुनु ।
- महिनाबारीमा धेरै रगत बग्ने अथवा अनियमित रगत बग्ने ।
- अन्य शरीरको भागबाट अनियमित रगत बग्ने ।
- कुनै घाउ वा सुजन निको नहुने ।
- शरीरका कुनै पनि अंगको कोषमा अनियन्त्रित बृद्धि हुन गई क्यान्सर हुन सक्दछ ।

तसर्थ क्यान्सर रोग लागेको शंका लागेमा तुरून्त नजिकको स्वास्थ्य संस्थामा सम्पर्क राखी उपचार बारे आवश्यक जानकारी लिनु पर्दछ ।

**स्वास्थ्य कार्यालय,**
**काठमाडौं, टेकू**


## स्थानीय सम्वाद

# भ्रष्टाचार शुन्यमा झरेको उदाहरणीय गाउँपालिका हो



**रमेश कुमार भुजेल**
**अध्यक्ष, बुद्धशान्ति गाउँपालिका, झापा**

बुद्धशान्ति पूर्वी नेपालको मेची अञ्चलअन्तर्गत झापा जिल्लाको उत्तरपूर्वी भागमा अवस्थित एक सुन्दर गाउँपालिका हो । वि.सं. २०७३ सालमा संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयले ७४४ स्थानीय तह लागू गर्दा झापा जिल्लामा साविकको बुधबारे र शान्तिनगर गाउँ विकास समितिहरूलाई बुद्धशान्ति गाउँपालिका बनाइएको हो । बुद्धशान्ति गाउँपालिकाको कूल क्षेत्रफल ७९.७८ वर्गकिलोमिटर रहेको छ । यो गाउँपालिका ७ वडामा विभाजन गरिएको छ । यस गाउँपालिकाको कूल जनसंख्या ४१,६१५ रहेको छ ।

**० तपाई गाउँपालिकामा निर्वाचित भएर आएसँगै अहिलेसम्म के-कस्ता कामहरू गर्नुभयो ?**

– यो दुई वर्षको अवधिमा शिक्षा र स्वास्थ्यलाई विशेष प्राथमिकतामा राखेर अगाडि बढाएका छौं । १० वर्षको द्वन्द्वकालमा विद्यालयहरूमा धेरै क्षति भएको अवस्था थियो, अहिलेसम्म त्यस्ता विद्यालयको मर्मतसम्भार हुन सकेको थिएन । डेस्क बेन्चको अभाव, छाना चुहिने भएर पानी पर्दा समस्या हुने अवस्था थियो । यस्ता समस्याहरू समाधान गरेर बुद्धशान्ति गाउँपालिकामा भएका सबै विद्यालयहरूमा पहेलो रंग लगायत एकरूपता कायम गरेका छौं । । यो गाउँपालिकामा १६ वटा विद्यालयहरू रहेका छन् जसमध्ये १० विद्यालयमा अंग्रेजी माध्यममा पठकपाठन पनि सुरू गरेका छौं ।

स्वास्थ्य क्षेत्रमा पनि हामीले केही कामहरू गर्न सफल भएका छौं । गाउँपालिकाभरीका प्रत्येक वडाहरूमा हामीले स्वास्थ्य इकाईहरू खोलेका छौं । वडा नम्बर ५ भूगोलले अलिकति विभाजित भएको हुनाले त्यसमा एउटा स्वास्थ्य इकाई केन्द्र र अर्को स्वास्थ्य चौकी खोलेका छौं । नेपाल सरकारले निःशुल्क उपलब्ध गराएको १३७ वटा औषधीमा हामीले २५ वटा औषधी थप गरेर वितरण गरिरहेका छौं । प्रेसर, सुंगरको औषधीसँगै गर्भवती महिलालाई आवश्यक पर्ने आइरन चक्की र क्यालसियमहरू पनि हामीले उपलब्ध गर्ने गरेका छौं ।

**० बुद्धशान्ति गाउँपालिकाका जनताले स्थानीय सरकारको महसुस गरेका छन् ?**

– हामीले गर्भवती महिलाहरूलाई भिडियो एक्सरेको सुविधा पनि उपलब्ध गराएका छौं । लामो समयसम्म स्थानीय सरकार नभएको अवस्था थियो अहिले स्थानीय सरकार गठन भएसँगै गाउँलेहरूले सरकारको महसुस गरेका छन् अझ धेरै काम गर्न बाँकी नै छ ।

**० स्थानीय निर्वाचनपछि सिंहदरबार गाउँगाउँमा पुग्छ भनिन्थ्यो यो नारा कति सार्थक भएको छ ?**

– हामीले यो नारालाई उल्लघंन गरेका छैनौं । संघ र प्रदेशले यो नारालाई उल्लघंन गरेको जस्तो लाग्छ । पहिलो संघ अन्तर्गतको सरकार भयो भने दोस्रो प्रदेश अन्तर्गतको सरकार हो तेस्रोमा स्थानीय सरकार रहेको छ । संघले बजेट विनियोजन गर्दा आफैं मार्फत गर्ने गरेको छ भने प्रदेशले पनि त्यस्तै गर्ने गरेको छ । जस्तैः सिँचाईको कुनै योजना छ भने त्यो त स्थानीय सरकारलाई जिम्मा दिँदा सरकारको बजेट पनि कम खर्च हुन्थ्यो तर त्यस्तो भइराखेको छैन । संघ र प्रदेशले स्थानीय तहलाई अधिकार दिन कजुस्याँई गरिरहेको छ । स्थानीय तह मातहत रहेको गाउँपालिकालाई हामीले सिंहदरबारको अनुभूति दिलाउन सफल भएका छौं तर संघ र प्रदेशले दुःख दिइराखेका छन् ।

**० संघले अधिकार दिन किन कन्जुस्याई गरिरहेको हो जस्तो लाग्छ ?**

– म नेपाली कांग्रेसबाट निवाचित भएर आएको अध्यक्ष हुँ । मैले बोलेको विषयलाई विपक्षी दलका नेताले बोलेको भनेर नबुझेर समग्रमा यो क्षेत्रको विकासको लागि बोलिरहेको छ भनेर बुझ्न जरूरी छ । अधिकार दिन कन्जुस्याँई गर्ने सबै कमिसनको खेल हो । हाम्रो गाउँपालिकामा रहेका खोलाहरूको नदीजन्य सामाग्री योजना भएको ठाउँसम्म पुऱ्याउँदा सस्तो मूल्यमा पुग्छ । उनीहरूले त्यसलाई महँगो मूल्यमा परिणत गरिदिन्छ । त्यसबाट कमिसन आउने हुन्छ यसरी स्थानीय तहलाई अधिकार नदिँदा भ्रष्टाचार झन् झन् बढ्दै गईरहेको छ ।

**० प्रधानमन्त्रीले भ्रष्टाचार गर्दिन र गर्न पनि दिन्न भन्दै आइरहनु भएको छ, यो नारा उनको लोकप्रियताको लागि मात्र हो त ?**

– प्रधानमन्त्री, संघ वा प्रदेशले होइन बरू गाउँपालिका र नगरपालिकाले यो विषयलाई थामिराखेको छ । हामीले कुनै ठाउँमा भ्रष्टाचार हुन दिएका छैनौं । अहिलेसम्म कोहीलाई पनि कारबाही गर्नुपर्ने अवस्था आएको छैन । बुद्धशान्ति गाउँपालिकामा आएर बुझ्दा प्रष्ट हुन्छ, यहाँ भ्रष्टाचार कसरी शुन्यमा झरेको छ । तर, यही गाउँपालिकामा पनि संघ र केन्द्रबाट आएको कार्यक्रम र बजेटमा फरक छ त्यहाँ कमिसन भ्रष्टाचार चलि नै रहेको छ ।

**० आगामी आर्थिक वर्षको प्राथमिकतामा के-के राख्नुभएको छ ?**

– सबै गाउँपालिका र नगरपालिकाको बजेटमा ९०% सडक निर्माण सकिएको भन्ने गुनासो पनि आईरहेको छ तर हाम्रो गाउँपालिकामा ६०% बाटोमा खर्चिको छ । बिजुली, पानी कल्भर्टहरूको पनि हामीले काम पुरा गरिसकेका छौं । अब आउने आर्थिक वर्षमा हाम्रो मुख्य एजेन्डा भनेको कृषि, पर्यटन र सडक कालोपत्रे हुनेछ । त्यो भन्दा अन्य नेपाल सरकारको नीति अनुरूप चल्ने कार्यक्रमहरू चलिरहन्छ ।

**० बुद्धशान्ति गाउँपालिकाका जनताको जीविकोपार्जनको मुख्य आयस्रोत के हो ?**

– यहाँको मुख्य आयस्रोत भनेको कृषि नै हो । यो आर्थिक वर्षमा कृषि उत्पादन बढुवा गर्न हामीले विशेष ध्यान दिने योजना बनाएका छौं । थोरै जग्गामा खेती गरेर धेरै आम्दानी कसरी गर्न सकिन्छ भन्ने तर्फ हाम्रो ध्यान केन्द्रित भएको छ । सुपारी खेती, बेमौसमी बिषादीरहित तरकारी खेती गरेर पनि यहाँका जनताले आम्दानी गर्ने गरेका छन् ।

**० तपाईको क्षेत्रमा पर्यटनको सम्भावनाहरू के-के छन् ?**

– पहाडको फेदी, नदीनालाहरू, डाँडाकाँडाहरू रहेका छन् । अग्लो डाँडामा हामी भ्यू टावर निर्माण गर्दैछौं । भ्यू टावरबाट पनि आउँदो आर्थिक वर्षदेखि सञ्चालनमा ल्याउने तयारीमा छौं । त्यहाँबाट पनि गाउँपालिकालाई आम्दानी हुन्छ । पिकनिकको लागि रमणीय स्थलहरू पनि रहेको छ, सिमसार क्षेत्र पनि छ । वन समिति र बुद्धशान्ति गाउँपालिका मिलेर सिमसार क्षेत्रको संरक्षणमा जुटेका छौं । अब हामीले त्यहाँ फनपार्क र सानो चिडियाखाना निर्माण गर्ने सोच बनाएका छौं । यस्ता विभिन्न पर्यटकीय स्थलहरू छन् जसले गाउँपालिकालाई आर्थिक रूपमा सहयोग गर्न सक्छ ।

## विश्व परिवेश

# इस्लामिक आतंकवाद : विश्वव्यापी चुनौतीको मुद्दा

**ब्राक्ष वैशू**



इस्लामिक आतंकवाद आजभोली विश्वव्यापी स्तरमा यस प्रकार चर्चित हुनुको कारण विश्वका विकसित, विकासोन्मुख र अविकसित देशहरू समेतमा कुनै न कुनै रूपमा विद्यमान रहँदै आएको सुनिनुका साथै केही देशहरू त्यसबाट ज्यादै नराम्ररीनै प्रभावित हुँदै आएको प्रसंग संञ्चारमाध्यकहरू मार्फत प्राय: निरन्तर रूपमा सार्वजनिक हुँदै आएको छ। दक्षिण एशियाई कुलुकहरूको कुरा गर्ने हो भने त्यसबाट भारत, पाकिस्तान, अफगानिस्तान निरन्तर रूपमा जुझ्दै नै आएको बहुचर्चित प्रसंग नै भइसकेको छ।' हुन त यसको स्रोत स्थल भनौ या केन्द्र पाकिस्तान नै रहेपनि उ स्वयं पनि आन्तरिक स्तरमा त्यसबाट अछुतो रहेको छैन। जहाँसम्म भारत र अफगानिस्तानको कुरा छ, ती दुवै देश पाकिस्तानबाट संचालित इस्लामिक आतंकवादको मुख्य लक्षित क्षेत्र रहँदै आएको छ। चीनको कुरा गर्ने हो भने त्यहाँको मुस्लिम बहुल सिन्चियाङ्ग प्रान्तसमेत त्यसबाट प्रभावित रहँदै आएको छ। आजको वैश्विक परिदृश्य हेर्दा विश्वका अधिकांश देश समेत आतंकवादी गतिविधि र क्रियाकलापहरूबाट अछुतो रहेको भनेर भन्न सकिन्न ? प्रश्न उठ्छ, आखिर त्यस्तो किन, कसरी र कुन विशेष प्रयोजनले अवघटित हुँदै आएको छ। त के यसबाट कुनै विषेश देश, समुदाय, वर्गले अपेक्षित लाभ र विकाश गर्न सकेको छ। विषयवस्तु, वास्तविकता र अन्तर्निहित क्रियाकलापहरूको सम्बन्धमा गहिरिएर हेर्दा त्यसबाट कसैले पनि उपलब्धि हासिल गरेको र विकाशजन्य क्रियाकलाप सञ्चालन गर्न सकेको प्राय: न कतै देखिएको छ न त सुनिएको नै छैन ? तैपनि किन यस्तो हुदै आएको छ त भन्ने सन्दर्भमाथि विचार गर्दा आजको अधिसंख्यक मानव समुदायले विवेक शून्यता गुमाई नकरात्मक तथा विध्वंसात्मक गतिविधितिर बढी केन्द्रित हुने गरेको मानसिकतालाई प्रश्रय दिन थालेको स्पष्ट हुन आउँछ, जो ज्यादै चिन्तनीय कुरा हो।

माथि उल्लेख गरिएको प्रसंगबाट के अनुमान गर्न सकिन्छ कि आज हामी एकाईसौं शताब्दीमा जति दुहाई दिए पनि व्यावहारिकता, तथ्य, वास्तविकतातिर गहिरिएर ध्यान जाने हो भने एक्कासौं शताब्दीलाई विकाश , उत्थान प्रगति समृद्धि र लोककल्याणकारी उद्देश्यको परिपूर्ति गर्ने शताब्दीको साटो विध्वंश र विनाशको शताब्दी मात्र भन्न सकिने लक्षण प्राय: सर्वत्र र विश्वव्यापी स्तरमा नै देखिन थालेको छ। विश्वका कुनैपनि महादेशको वर्तमान अवस्था हेर्दा त्यो शान्ति र अमन चैनको वातावरण रहेको सुनिएको छैन। प्राय: महादेशका देशहरू कुनै न कुनै रूपमा अशान्त, अस्थिर, अनिर्णायक र अव्यवस्थित रूपमा नै रहेको बारे संञ्चार माध्यमहरू मार्फत सार्वजनिक हुँदै आएका छन्। हुन त मानवलाई दुनियाँको सर्वश्रेष्ठ प्राणी भन्ने गरिएको छ, प्राय: सुरूदेखि नै। तर मानिसबाट हुँदै आएका अवाञ्छित र अशोभनीय क्रियाकलाप तथा गतिविधिहरू हेर्दा के मानिस साँच्चिकै सर्वश्रेष्ठ प्राणि हो त ? भन्ने प्रश्न पनि तेस्रिन आउँछ। आज विश्वव्यापी स्तरमा हुँदै आएका जनविराधी, अप्रिय, कलहपमूर्ण काम कारवाहिलाई हेर्दा के वास्तवमा मानिसले आफ्नो गरिमा र मर्यादालाई बचाई राख्नेतिर ध्यान दिएको छ त ? सबभन्दा विवेचनीय प्रसंग समेतका साथै भारत आज दक्षिण एसियाका राष्ट्रहरूमध्ये अग्रणी रहनुका साथै विश्वमानै आफ्नो विशिष्ट स्थान राख्दै आएको मान्न सकिन्छ। वर्तमान परिपेक्ष्यमा परिदृश्य हेर्दा माध्यमिक कक्षाको विद्यार्थी जीवनमा पढेको हिन्दी साहित्यका कवि जनार्दन झा 'द्विन' को विश्व वेदना शीर्षक कविताको यो पंक्ति सहजै स्मरण हुन आउँछ।

" दानवता की विजय पराजय मानवता की घोर अनय है।
बात पराये कि मत पूछो हमें हाय अपनों का भय है।"

आजभोली प्राय: प्रत्येक देशका प्रान्त, गाउँ, नगर, समाज, समुदाय र वर्गका विद्यमान स्थितिलाई हेर्दा प्राय: अधिकांश परिवारका पिता – माता र श्रेष्ठ एवं मान्यजनहरू आ–आफ्नै सन्तानबाट पीडित रहँदै पश्चाताप गरिरहेकै अवस्थामा यत्र-तत्र देखिएका छन्। विगत छ दशक पूर्वको सामाजिक स्वरूपलाई सम्झदा हरेक परिवारका पिता माता आफ्ना सन्तानहरूमाथि गर्व गर्ने गरेको दृश्य मानसपटलमा अंकित हुन आउँछ। जबकि आजका पितामाता अभिभावकमध्ये कसैलाई उनको सन्तानका बारेमा सोध्दा आशावर्द्धक र सन्तोषप्रद जवाफ सुन्न पाइदैन। स्तम्भकारलाई आफ्नो बाल्यकालको एक सम्झना प्रसंगको उल्लेख गर्नु पनि प्रासंगिक हुन आएको छ। स्तम्भकार पिताजीलाई उनका एक दुई जना साथीले यस प्रकार प्रश्न तेस्राएका थिय "किन तिमी यत्रो खर्च गरेर घरमै शिक्षक राखेर तिम्रो छोरालाई पढाउन थालेको छ, पछि यसले केहि काम दिदैन।" भन्दा स्तम्भकार पुन्य र प्राप्त:स्मरणिय पितजीले उसलाई जबाफ दिएका थिए। "मैले आफ्नो बड्का बौआ (ठूलो छोरा) लाई राम्ररी चिनेको छु, यसले आजन्म हाम्रो खानदानको प्रतिष्ठालाई विश्वमंचमै माथि पुर्‍याउँछ, तिमी किचकिच नगर , मैले आफ्नो बूवाले भ्याएसम्म गर्दै आएकोमा तिमीलाई के को आपत्ति ? बढ्ता कुरा नगर, मैले तिमीसँग केही मागेको त छैन।" भनि जवाफ दिदा त्यो व्यक्ति निरास भएर गएको थियो। संयोगका कुरा आफ्ना पिताज्यूको महान् व्यक्तित्व र योगदानले गर्दा आज स्तम्भकार राष्ट्रिय र अन्तराष्ट्रिय स्तरमा समेत चर्चित रहँदै आएको छ।

तर उर्ध्वलिखित प्रसंग आजको परिपेक्ष्यमा व्यापक स्तरमा भनौ वा अधिसंख्यक स्तरमा व्यावहारिकतामा नदेखिएको कारण स्तम्भकार स्वयं वर्तमान वैश्कि परिदृश्यबाट विक्षुप्त हुन पुगेको छ। फेरी प्रश्न उठ्छ, आजको यस परिस्थितिले जिम्मेवार को त ? किन यस्तो अमर्यादित र अमानवीय गतिविधिको चतुर्दिक व्याप्तता छ त ? गहिरिएर शान्तिपूर्ण ढंगले विचार गर्ने हो भने केही अद्योलिखित कुराहरू यस रूपमा देखिन आउँछ।

क.आज मानवीय मूल्यमान्यता र नैतिकतामा धेरै ह्रास आईसकेको छ।

ख. सामाजिक कल्याणको भावना लोप हुँदै गएको छ।

ग. निहित स्वार्थ पूर्तिका लागि मानिस जे कुकर्म गर्न पनि तत्पर रहेको छ।

घ. जीवनको शाश्वत सत्य -"मानिस संसारमा खालि हात आएको छ र मरेपछि खालिहात नै संसारबाट जान्छ। उसले गरेको सत्कर्मले नै उसलाई अमरस्त्व प्रदान गर्दै चिरस्मरणीय बनाउँदै छ। " भन्ने सार तत्वलाई बिर्सि दिएको छ।

ङ. 'बाँच र बाँच्न देउ'(live and let live)भन्ने लोकोपकारी जीवनको मुख्य उद्देश्यलाई बिर्सि सकेको छ।

निष्कर्षत : पाकिस्तान प्ररित र संचालित इस्लामिक आतंकवादबाट केहि छिमेकि मुलुकहरू जस्तै-भारत, अफगानिस्थान, बंगलादेश लगायतका देशहरू नराम्ररी जुझ्दै आए तापनि पाकिस्तान स्वयं पनि यसबाट अछुतो रहन सकेको छैन। त्यति मात्र होइन चीनको यूधुर मुस्लिम समुदाय बहल सिन्चियाङ्ग प्रान्त समेत अशान्त नै रहँदै आएको छ। समग्रमा भन्ने हो भने इस्लामिक आतंकवाद आजको परिपेक्ष्यमा एकातिर विश्वका लागि नै चुनौति बन्न गएको छ भने अर्कोतिर मानिसहरूमा व्याप्त निहित स्वार्थपूर्तिका लागि जे पनि अवाञ्छित कार्य गर्ने भावनाको विकास मानवताका समस्त ईकाई र मानव जनजीवनलाई यति दिग्भ्रमित तुल्याई दिएको छ। कि विश्वबाट अपनत्व, सामञ्जस्यता र मेलमिलापको सद्भाव सम्प्रेषित गर्ने वातावरण नै विलुप्त प्राय: हुन पुगेको छ। श्रृजनात्मक सोचको विकास, आपसी समझदारी र सामञ्जस्यको वातावरण स्थापित गर्नेतिर सामूहिक रूपमा पहल नभएसम्म कुनै प्रकारको आतंकवादबाट मुक्ति पाउने सम्भावना ज्यादै क्षीण हुन पुगेको छ। स्वस्थ सोचको विकास र शुभस्य शिघ्रमको उत्कृष्ट चाहना साथ।

# पाकिस्तानको प्रतिरक्षा खर्च र बजेट

**मन्जूर अहमद**



विगत साठी वर्षभन्दा अगाडिदेखि नै हरेक राष्ट्रको सेना जस्तो नरही पाकिस्तानमा सेना नै एक राष्ट्रको रूपमा अझसम्म शक्तिशाली रहि आफ्नो क्रियाकलापहरू सशक्त भएर गर्दै आएको छ, भने अर्को देशको सशक्त बल भनिने पाकिस्तानी सेनाको देशभरी विस्तारले देशलाई दिन प्रतिदिन गरीब पार्दै आएको छ। सन् २०१८ का शीर्ष २० देशहरूमध्येका सेनाहरूमध्ये पाकिस्तान पनि एक त्यस्तै खर्चिलो सेनाको रूपमा देखिएको अवस्थामा पाकिस्तान जस्तो गरीब र असक्षम राष्ट्रले कसरी अन्तर्राष्ट्रिय ऋण भुक्तान गर्नेछ। त्यसको गम्भीर स्थितिलाई स्पष्ट पार्दछ। गत वर्ष जुलाईमा राजनीतिक निर्वाचन सम्पन्न गरेपछि वर्तमान प्रधानमन्त्री इमरान खानको सरकार सत्तासीन भएपछि प्रतिरक्षा बजेटमा सेनाले २० प्रतिशत वृद्धि गर्न लगाएको पहिलो अनौठो काम गरेको थियो। 'स्टौकहोम इन्टरनेशनल पीस रिसर्च इन्टीच्यूट (स्पिरिट)' ले यो आश्चर्यजनक खुलासा गरेको छ कि सन् २०१८ मा पाकिस्तानको सेनाले अमेरिकी डलर ११.४ बिलियन खर्च गरेर विश्वमा सबभन्दा बढी खर्च गर्ने सेनाको कीर्तिमान कायम गरेको छ। सिरिटको प्रतिवेदन अनुसार विगत १० वर्षदेखि निरन्तर रूपमा पाकिस्तानी सेनाले यसै प्रकारले खर्च बढाउँदै आएको छ, जो ७३ प्रतिशतसम्म बढी सक्केको छ। स्वीडेनको संस्थाको प्रतिवेदन अनुसार सन् २००४ देखि २०१८ को अवधिसम्म सेनाले पाकिस्तान औषत घरेलु उत्पादनको चार प्रतिशत बढी खर्च गर्दै आएको छ, जो सबभन्दा बढी रहेको छ। त्यस प्रतिवेदनले शीर्ष १० देशहरूमध्ये पाकिस्तानको सबभन्दा बढी खर्च रहेकाले त्यसलाई " सैनिक भार" को संज्ञा समेत दिएको छ। सन् २०१७ – १८ मा ११ प्रतिशत बढेको छ भने २००९ देखि २०१८ को अवधिमा त्यसको वृद्धि दर ७३% रहेको थियो।

पाकिस्तानले आफ्नो अस्तित्वका लागि भारतलाई एक नम्बरको चुनौती भनेकाले दुवैको तुलना गर्नु जरूरी छ। प्रतिवेदन अनुसार २०१७ -१८ को अवधिमा भारतको सैनिक खर्च ३.१ % मात्र बढेको थियो। गत वर्षको तुलनामा भारतको सैनिक भारत सन् १९६० देखि कुल ग्राहस्थ उत्पादनको तुलना २.४ मात्र बढेको थियो। पाकिस्तानले कुल ग्राहस्थ उत्पादनको ४ % सेनामा खर्च गर्दै आएको छ जबकि भारतको विगत चार दशकदेखि २.५ % मात्र रहेको छ जसमा भूतपूर्व सेवकहरूको पेन्सन तथा पुर्नवास कार्यक्रमहरूको खर्च समेत समाविष्ट रहेको छ। यसैबाट स्पष्ट हुन्छकि पाकिस्तानी सेनाले व्यावसायिक उद्देश्यहरू समेतलाई निल्दै आएको छ। जे भएपनि विगत देखिको सेनाको खर्च कसैलाई थाहा छैन। त्यस बाहेक पनि पाकिस्तानीले मिसाइल विकास कार्यक्रममा पाकिस्तान इन्टरनेशनल एयरलाइन्सको बजेटबाट समेत खर्च गरेकोछ , जो गुप्त रहेको छ। एउटा त्यस्तो विवादास्पद प्रसंग समेत वर्षैदेखि प्रकाशनमा आएको छ।

पाकिस्तान सम्प्रति आफ्नो अर्थव्यवस्थासँग जुझ्दै आएको छ , उ सँग विदेशी ऋण तिर्ने पैसा छैन र त्यसैले प्रधानमन्त्री इमरान खानले आर्थिक संकट समाधान गर्न विभिन्न देशहरूको भ्रमण गर्दै आएका छन् यहाँ सम्मकि विश्व बैंकले समेत प्रतिरक्षा बजेटमाथि नियन्त्रण गर्न सुझाएको छ तर नागरिक सरकारले मात्र त्यो गर्न सक्छ , जो सेना माथि निर्भर रहेको छ। के त्यस संकटलाई समाधान गर्न सक्ला त ? जुन ढंगले पाकिस्तानले उच्च खर्चमा आतंकवादी शिविरहरू संचालन गर्दै आएको छ , त्यसलाई हेर्दा पाकिस्तानसँग आफ्नो नियति बढाउन पैसा नभएको कुरा स्पष्ट हुन आउँछ र त्यसको उत्तर यो छ कि सेनाको अति खर्चिलो क्रमका कारण पाकिस्तानसँग पैसा छैन। तथ्य यो छ कि पाकिस्तानको प्रतिरक्षा खर्च विपन्न अर्थव्यवस्थाको बाबजुत पनि बढ्दै गएको छ। उसले अन्तराष्ट्रिय मुद्राकोषबाट १३ औ जनमात खोज्दै आएको भएपनि त्यो अमेरीकाको बुश प्रशासनले तीन विलियन सहयोग पाकिस्तानलाई शंका गरी दिएको कारण अन्तराष्ट्रिय मुद्राकोषलाई समेत अप्ठारो तुल्याई दिएको छ।

यहाँ सम्म कि अन्तर्राष्ट्रिय मुद्राकोषको जमानत बन्द गरेर ट्रम्पले चालाकी गर्दै साउदि अरेबिअन र युनाईटेड अरब इमिरेट्सका सम्राटहरूलाई समेत पाकिस्तानको आर्थिक आधारलाई अवरोधित पार्ने संकेत देखिएको छ। तर पनि दुई देशले जे जति दिएको भएपनि त्यो इमरानखान र उनका विश्वसनीय मन्त्रीहरूकालागि अर्थव्यवस्था संचालन गर्न लायक छैन। वास्तविकता यो छ कि विश्व बैंक अन्तराष्ट्रिय मुद्रा कोष र अन्य समेतले प्रतिबन्ध साथ सल्लाह पनि पाकिस्तानले भारतसँग राखेको वैरभावका कारण पाकिस्तानलाई सघाउने छैन। पाकिस्ताने तीन वटै देशहरूमा हालैका महिनाहरूमा ठुलै समस्याहरू विकसित गरी सकेको छ। जसले गर्दा सिमा क्षेत्रहरूमा निरन्तर श्रृखलाबद्ध आक्रमणको क्रम सञ्चालित हुदै आएको छ। त्यस्तो परिस्थितिमा पाकिस्तानी सेनाको भूमिका देशको जनजिवनमाथि वर्चश्व बनाई राख्नु मात्र हुनेछ, जसले गर्दा आगामि बर्षहरूमा प्रतिरक्षा खर्च झन बढ्दै जानेछ किनकि सेनाले आफ्नो वर्चश्वका लागि झन् बढी अपव्ययको क्रमलाई निरन्तरता दिदै जानेछ।

## स्वतन्त्र मधेश...

यो कुरा सही हो कि हाम्रो पार्टीमा पनि मधेश शब्द छैन। जनमत भनेर हामीले मधेश र पहाड भनेर संकेत गरेका छैनौं। त्यो जनमत हामी जहाँ संकलन गर्न जान्छौं त्यो हाम्रो सम्पत्ति हुनेछ। हामी कहाँ जनमत तयार गर्छौं, मूल कुरा त्यो हो। हाम्रो पार्टी मधेशकेन्द्रित नै रहनेछ। मधेशी जनतालाई हामीले सचेत गर्ने हो, जनजागरण अभियान चलाउने हो। त्यसमा हामी लागेका पनि छौं। हामीले हरेक दिन मधेशका वडादेखि विभिन्न पालिकाहरूमा संगठन निर्माण गर्दैछौं।

हामी जुन घरमा बस्छौं, त्यहाँ सबैको ध्यान हुन्छ। त्यो विज्ञान सम्मत भनाइ पनि हो। हामी जुन प्रदेश र ठाउँमा बस्छौं त्यहाँका बेथितिहरू हामीले प्रत्यक्षरूपमा हेर्छौं। जुन चीज हामीले हेर्छौं त्यसको हामीले आलोचना गर्नुपर्छ। यसको मतलब डा.सीके राउतले कञ्चनपुर, झापा, नवलपरासीको कुरा छोड्नुभयो भन्ने होइन। उहाँको दृष्टि समग्ररूपमा पूरा देशमा छ। तर, जुन कुरा मान्छेले पहिला हेर्छ स्वाभाविकरूपले त्यसकै पहिलो प्रतिक्रिया आउँछ। त्यसमा हामीले अन्यथा लिनु हुँदैन।

प्रदेश २ मा कमसेकम मधेशी दलको सरकार छ भने डा. सीके राउतले बारम्बार सचेत गराउनुभएको छ। उहाँले प्रदेश २ का लागि राम्रो हुने काम गर्न सल्लाह दिनुहुन्छ। तर, जनताको पक्षमा कुनै पनि राम्रो काम गर्न नचाहनेले त्यसको आलोचना त गर्नुपर्छ। डा.सीके राउतले प्रदेश २ को सरकारमाथि आक्रोश पोख्नुभएको होइन, सही बाटोमा हिंड्न घच्घचाउने काम गर्नुभएको छ। राउतले प्रदेश २ को सरकारलाई सचेत पार्न खोज्नु एको हो। डा.सीके राउत सित्तैमा कसैमाथि रिस पोख्ने मान्छे होइन।

सबभन्दा पहिला हामीले यहाँका सत्ता सञ्चालकहरूको नियतलाई अढाइ सय वर्षदेखि हेर्दै आएका छौं। नेपाल सरकार र स्वतन्त्र मधेश गठबन्धनबीच जुन सहमति भएको छ त्यसको अन्तिम बुँदामा लेखिएको छ कि यो सम्झौता आजैदेखि लागू हुनेछ। यसका लागि नेपाल सरकार बढी गम्भीर हुनुपर्छ। त्यो सम्झौतालाई नेपाल सरकारले तुरून्त पालन गरिदिनु पर्दथ्यो। त्यो अहिलेसम्म भइसकेको अवस्था छैन। तर, हामी मागहरू पूरा गर्ने सरकार तर्फबाट जुन कुराहरू आइरहेको छ त्यो बिल्कुल नकारात्मक पनि होइन। हाम्रा नेता कार्यकर्ताहरूमाथि लागेका कतिपय मुद्दाहरू फिर्ताको प्रक्रियामा गइसकेका छन्। कतिपयका मुद्दाहरू फिर्ता पनि भइसकेको छ।

स्वतन्त्र मधेश गठबन्धनदेखि पार्टी निर्माणसम्म जो साथीहरू लागेका छन्, ती अन्य पदाधिकारी पद उनीहरूकै लागि हो। ती पदहरू बाहिरका कोही मान्छेका लागि होइन। यहाँ काम मुख्य कुरा हो। अब छिट्टै अन्य पदाधिकारीहरू पनि मनोनित हुन्छन्।

*(जनमत पार्टीका केन्द्रीय सदस्य कैलाश महतोसँग गरिएको कुराकानीमा आधारित)*

## जिल्ला समाचार

### अझै संविधान स्वीकार गरेका छैनौं : यादव

जनकपुरधाम। समाजवादी पार्टी नेपालका अध्यक्ष उपेन्द्र यादवले पहिचान र समानता विरोधी वर्तमान संविधानलाई मधेशी जनताले अझै स्वीकार नगरेको उल्लेख गरे। अध्यक्ष यादवले राज्यको स्रोत साधनमा भागेदारी र राज्य सत्तामा मधेशी, आदिवासी, जनजाति, मुस्लिम महिला लगायत उत्पीडनमा परेका सबै वर्ग समुदायको बराबरको अधिकार नभएसम्म मुलुकमा आन्दोलन जारी रहने उद्घोष गर्दै त्यसको नेतृत्व समाजवादी पार्टीले गर्ने उल्लेख गरे। नेपाली जनता स्वायत्तता सहितको अधिकार सम्पन्न संघीयता खोजी रहेको बेला शासक वर्गले संघीय प्रणालीलाई नै बदनाम गरेर संघीयता र गणतन्त्र समाप्त पार्ने षड्यन्त्र गरिरहेको उल्लेख गर्दै उनले त्यस विरूद्ध सचेत रहन पार्टीका नेता तथा कार्यकर्ताहरूलाई निर्देशन समेत दिए। समाजवादी पार्टीको एकताले विचलित भएका परम्परागत शासकहरू विभिन्न खाले अफवाहहरू फैलाइरहेको उल्लेख गर्दै उनले त्यस्ता खाले अफवाहमा नफसी पार्टीको मार्ग सिद्धान्तमा अघि बढ्न कार्यकर्ताहरूलाई आग्रह समेत गरे। मुलुकमा रहेको तीन वटा क्लस्टर मधेशी -थारू, आदिवासी -जनजाति र खस-आर्यलाई समान अधिकार दिएर अघि बढ्ने एक मात्र पार्टी समाजवादी पार्टी रहेको दावी गर्दै उनले अन्य पार्टीहरू एकल जातीय र क्षेत्रीय मात्र रहेको टिप्पणी समेत गरे।

### बालमैत्री स्थानीय शासन विषयक तालिम

बाँके। नेपालमा स्थानीय निकायहरूलाई बालमैत्री बनाउने महत्वाकाँक्षी अभियान सुरू गरेको लामो समय भइसक्दा पनि सार्थकता पाउन नसकेको एक कार्यक्रमका सहभागीहरूले बताएका छन्। बाँकेको नेपालगंज उपमहानगरपालिका वडा नं. २ को आर्थिक सहयोग र मानव अधिकार संरक्षण तथा प्रवर्द्धन केन्द्रको आयोजनामा विद्यार्थीहरूलाई लक्षित गरी भएको चारदिने बालमैत्री स्थानीय शासन निर्माण विषयक तालिमको उद्घाटन कार्यक्रमलाई सम्बोधन गर्दै वडा अध्यक्ष सुनिल सिंह हमालले जनआन्दोलनपछि नेपालले संयुक्त राष्ट्रसंघीय बालअधिकार सम्बन्धी महासन्धि, १९८९ लाई सन् १९९० मा अनुमोदन गरी आफूलाई पक्ष राष्ट्रको पङ्तीमा उभ्याएपछि यो अवधारणाले जन्म लिएको बताएका छन्। उनले बालमैत्री स्थानीय शासन कार्यविधि, २०६८ तर्जूमा गरी कार्यान्वयनमा ल्यायो। यीनै नीति र कानुनी दस्तावेज अनुसार नेपालका स्थानीय निकायहरूलाई बालमैत्री बनाउने अभियान तिब्र गतिमा अगाडि बढेको बताउदै नेपालगंज २ लाई बाल मैत्री बनाउन कुनै कसर बाँकी नराख्ने बताए।

### विवाह भवन तथा नाच घर शिलान्यास

वीरगंज। वीरगंज महानगरपालिका वडा नम्बर ३१ सोलखपुर थारू बस्तीमा निर्माण हुन लागेको विवाह भवन तथा थारू नाच घरको एक कार्यक्रमका बीच संघीय सांसद प्रदिप यादवले शिलान्यास गरेका छन्। सांसद पूर्वाधार विकाश साझेदारी कार्यक्रमअन्तर्गत निर्माण हुन लागेको थारू नाच घर तथा विवाह भवनको समाजवादी पार्टी नेपालका पर्सा जिल्ला अध्यक्ष समेत रहेका प्रतिनिधिसभा सदस्य प्रदिप यादवले शिलान्यास गरेका हुन्। शिलान्यास पछि आयोजित कार्यक्रमलाई सम्बोधन गर्दै सांसद यादवले अब बन्ने यस विवाह भवन तथा थारू नाच घरले आफ्नो धर्म संस्कृति पहिचान जोगाउन सधैं एकजुट भएर लाग्ने थारू समुदायका लागि ठूलो सहयोगी भूमिका निर्वाह गर्ने बताए। नेपालको धर्ती पुत्रका रूपमा रहेका थारू समुदायले आफ्नो धर्म संस्कृति जगेर्ना, रक्षा तथा पहिचान जोगाई राख्न अन्य समुदायभन्दा थारू समुदाय सदैव सक्रिय रहने गरेको प्रति सांसद यादवले प्रसंशा समेत गरे।

### दलित छात्रवास भवन शिलान्यास

राकेश यादव, रौतहट। रौतहट जिल्लाको सदरमुकाम गौरमा रहेको सबैभन्दा पुरानो विद्यालय जुद्ध माध्यमिक विद्यालयमा निर्माण हुने दलित छात्रावास भवनको नगर प्रमुख अजय कुमार गुप्ताले बुधबार विहान शिलान्यास गरेका छन्। प्रदेश सरकारको ९० लाखको लागतमा निर्माण हुने छात्रावास भवनको नगर प्रमुख गुप्ताले विधिवत रूपमा शिलान्यास गरेका हुन्। भारत सरकारको सहयोगमा निर्माण कार्य शुरू भएको छात्रवासको भवन अधुरो रहेको बेला नगर प्रमुख गुप्ताको विशेष पहलमा प्रदेश सरकारको सामाजिक विकास मन्त्रालयको सहयोगमा १० कोठे भवनको निर्माण कार्य शुरू भएको हो। ९९ लाख ७५ हजार ६४६ लागत स्टीमेट भएको छात्रवासको भवनको निर्माण कार्य असाढ १५ गते भित्र सम्पन्न गर्नु पर्ने छ। विकास प्रति उत्सुकता तथा चासो समेत लिने मेयर गुप्ताले समयमा नै भवन निर्माणको कार्य सम्पन्न गर्नु पर्ने उपभोक्ता समितिलाई निर्देशन समेत दिएका छन्।

### अग्नी पीडितलाई राहत

मणि प्रसाद गैह्रे, कपिलवस्तु। शिवराज नगरपालिका वडा न: ९ स्थित दशगाउँका आगलागी प्रभावितहरूलाई राहत वितरण गरिएको छ। बुधबार भएको आगलागीका पीडितहरूलाई नेपाल तरूण दल र नेपाल विद्यार्थी संघ क्षेत्र न: १ ले राहत वितरण गरेको हो। आपतकालीन घटनामा परेकाहरूलाई तत्काल राहत वितरण गर्दै आएको तरूण दल र नेविसंघले आगलागी पीडितलाई करिब ९० हजार बराबरको राहत सामग्री वितरण गरिएको तरूण दल सभापति खोम बहादुर सिंह ठकुरी(शक्ति) ले जानकारी दिएका छन्। तत्काल आवश्यक पर्ने विस्तरा सिरानी, चामलसहित पाठ्य पुस्तक जलेर विद्यालय जान नपाएका विद्यार्थीलाई झोला, कापि तथा कलम वितरण गरिएको उनले बताए। हालसम्म यसरी आपतकालीन अवस्थामा परेकालाई विभिन्न समयमा गरि करिब १० लाख बराबरको राहात सामग्री वितरण गरि सकिएको अध्यक्ष शक्तिले जानकारी दिए। ९ परिवारका घरमुलीलाई चामल, डोछेना, सिरानी र तिनै घरका १४ जना बालबालिकालाई झोला, विद्यालय पोशाक, कापि कलम वितरण गरेपछि आगलागी पिडित निकै खुशी भएका थिए।

### शैक्षिक गुणस्तरका लागि चुनावी प्रक्रियामा

बुटवल। विद्यार्थीहरूको भविष्यलाई शुनिश्चित गर्ने उद्देश्यका साथ सेन्ट जोसेफ उमाविले प्रत्येक कक्षामा विद्यार्थी क्याप्टेन र उपक्याप्टेन छनौट प्रकृयालाई अपनाउँदा विद्यालयमा एक प्रकारको चुनावी माहोल सृजना भएको विद्यालयकका सहायक प्राचार्य कमल पोखरेलले जानकारी गराएका छन्। पोखरेलका अनुसार कक्षामा क्षमतावान र उत्कृष्ट विद्यार्थीहरू हुँदाहुँदै मोनिटर (क्याप्टेन) नहुँदा विद्यार्थीहरूमा बढी आफू खुशी बढ्दै जान थालेपछि विद्यालयले विद्यार्थीहरूमा आपसी प्रतिस्पर्धा गराई सक्षम मोनिटर चुन्दै शैक्षिक गुणस्तरमा सुधार ल्याउने प्रयास गरेको भलवारीका स्थानियहरूको बुझाई छ। सहायक प्राचार्य कमल पोखरेलका अनुसार कक्षा ५ देखि कक्षा १० सम्मका विद्यार्थीहरूले क्याप्टेन र भाईस क्याप्टेन छात्र, छात्रा तर्फ भोट हालेका थिए। जसमा तीन सय ५० विद्यार्थीहरू सहभागी भएको निर्वाचन प्रमुख विशाल गोतामेले जानकारी गराए। गोतामेका अनुसार छात्र तर्फ नमस काउछा विद्यालय क्याप्टेन र छात्रा तर्फ प्रकृति सुनुवार निर्वाचित भएका छन्।

### नि:शुल्क आँखा शिविर सम्पन्न

राकेश यादव, रौतहट। जिल्लाको राजदेवी नगरपालिका वडा नम्बर ९ ब्रह्मपुरीस्थित माध्यमिक विद्यालयमा नेपाल नेत्र ज्योति संघ गौर आँखा अस्पतालको आयोजनामा सोमबार एक दिवसीय नि:शुल्क आँखा शिविर सम्पन्न भएको छ। युवा अभियन्ता नवीन कुमार सिंहको पहल र स्थानीयको सहयोगमा शिविर भएको थियो। गौर आँखा अस्पतालका डा. अमृत आचार्य (नेत्र रोग विशेषज्ञ) को नेतृत्वमा सुयोग्य बाल्मीकि मगर (नेत्र सहायक) र कार्यक्रम संयोजक सत्येन्द्र पाण्डे लगायतको टोलीले १९५ जना महिला र १३० जना पुरूष गरी ३२५ जनाको आँखाको परिक्षण गरेको छ। मोतियाबिंदको रोगी पता लगाउने उदेश्यले सञ्चालन गरिएको शिविरमा ३२५ जना मध्ये ९३ जना महिला र पुरूषमा मोतियाबिन्दु देखा परेको आयोजक संस्थाले जनाएको छ। नगर प्रमुख धीरेन्द्र कुमार सिंहले उद्घाटन गरेको शिविरमा फेला परेको मोतियाबिन्दका विरामीहरूलाई जेष्ठ १४ र १५ गते गौर अस्पतालमा नि:शुल्क लेन्ससहितको शल्यक्रिया गरिनेछन्।

### हावाहुरी पीडितलाई राहत दिइने

बाँके। खजुरा गाँउपालिकाले हावाहुरीबाट क्षति पुगेका परिवारलाई राहत रकम उपलव्ध गराउने भएको छ। पीडितहरूको अवस्था हेरेर प्रतिपरिवार ३ हजार, ५ हजार, ७ हजार र १० हजार रूपैयाँ राहत रकम उपलव्ध गराउने निर्णय भएको खजुरा गाँउपालिकाका प्रमुख किस्मत कुमार कक्षपतिले बताएका छन्। गाँउपालिकामा आज वसेको विपत व्यवस्थापन समिति र सरोकारवालाहरूको वैठकले गाँउपालिकाका हावाहुरी र आगलागी पीडितलाई राहत रकम उपलव्ध गराउने निर्णय गरेको गाउँपालिकाका प्रमुख कक्षपतीले जानकारी दिए। गाउँपालिकाको वडा नं १, २ र ६ का ४९ परिवार हावाहुरी पीडित र वडा नं ३ र ७ का २ वटा आगलागी परिवारलाई क्षतिको अवस्था हेरेर राहत दिने तयारी गरिएको छ।


यहाँकाले मधेशको राजनीतिलाई भारतीय जातिवादी अनुभवको कपिपेष्ट बनाए । यस पटक त्यहाँ जातीय राजनीति असफल भयो । तर, यसभन्दा घातक धार्मिक र अन्ध राष्ट्रवादी ध्रुवीकरणले ठाउँ बनायो । अब मधेशी साथै दक्षिणपन्थीहरूले पनि यसबाट नयाँ शिक्षा ग्रहण गर्नेछन् । तुम डालडाल मै पातपातको अवस्था छ । **जेपी गुप्ता**


राजपा नेपालले मुद्दा सम्बोधन गराउन संविधान संशोधनको लागि दबाबमूलक कार्यक्रम अगाडी बढाउनको लागि कि त समाजवादी पार्टी नेपालसँग एकता हुनुपर्‍यो । या त प्रदेश न २ को समाजबादी पार्टी नेपालको संयुक्त सरकारबाट अलग हुनुपर्यो । **सत्यनारायण मण्डल**


बजेट भाषण सुन्दा औसतमा राम्रै लाग्यो तर कार्यान्वयनका प्रयाप्त आधार देखिएन । "समृद्ध नेपाल सुखी नेपाली" सपना मै सिमित हुने भो । **डा. मनोज मुक्ति**


रेशम चौधरीलाई केवल थारू समुदायको सहानुभूति लिनका लागि प्रयोग मात्र गरिएको हो । न ती दलसँग रेशमलाइ छोडाउने ल्याकत छ न त उपचारको लागि पैसा नै... हुनु पनि स्वभाविक हो । **अनन्त अनुराग**


बृद्धभत्ताको भरमा सरकार लोकप्रियता हाँसिल गर्न खोजेको छ । ३ हजार पुर्याउनु स्वागतयोग्य भए पनि के सो भत्ता आवश्यक नपर्ने परिवार छैनन् । सो को मापदण्ड तोकेको भए बेसाहारा र न्यून आय भएकाहरूले अझ बढी पाउन सक्थे । बजेट केवल वितरणमुखी छ तर न्यायपुर्ण बिल्कुल छैन । **सन्तोष मेहता**


मधेशले गरेको आन्दोलन र नाकाबन्दीलाई मोदी र भारतसँग जोड्नु, घर- घरमा ग्याँस पाइप ल्याउने, चीनियाँ रेल, पानी जहाज चलाउने जस्ता गफको पछि लाग्नु, वास्तवमा यीनिहरू नै भारतीय हुन् जस्तो लाग्छ । यीनिहरूलाई मधेश चाहियो मधेशी होइन । **कृष्णा सिंह**


आफ्नै पार्टीका सांसद् जेलभित्र मर्नै लागेपनि फोन नउठाउने, उपचारका लागि हार गुहार गर्दा पनि भाषण ठोकेरै अल्झाउन खोज्ने । अनि ती सांसद पार्टीप्रति इमानदार रहिरहोस् भन्ने चाहने ? समाचार आएपछि बुरूक्क बुरूक्क उफ्रिने, मुद्दा ठोक्ने धम्की दिने नेताजीहरूलाई साधुवाद । तर, ती सांसदको जीवन रक्षा होस् । **बीपी साह**


काठमाडौंमा हेट क्राईम हुन्छ । बसुन्धरामा एक मधेशीलाई निर्घात कुटपिट गरिन्छ । तर, मुलधारको पत्रिकामा कुनै समाचार आउँदैन । आखिर "सामाजिक सद्भाव" बनाईराख्ने जिम्मेवारी त यही मुलधारको सम्पादकहरूको हो, नेपालको मुलधारको मिडिया सिमान्कृत वर्गको "गुड वेदर फ्रेन्ड्स" मात्र हुन् । **मुकेश झा**


युद्धमा हिट एण्ड रन हुन्छ । तर, राजनीतिको आडमा हिंसा गलत हो । विप्लवले राजनीति नै गर्न भए जनतासामु गएर चुनाव जितेर आए भै गयो नि । अब त राजा पनि छैनन् नि । सबैभन्दा ठुलो कुरा युवाहरूलाई भविष्य देखाउन सक्नुपर्छ । **शम्भु भैया**

# भारतीय रेल छिट्टै काठमाडौं पुग्छ : कोशियारी



नयाँ दिल्ली । नेपाल-भारत प्रबुद्ध व्यक्ति समूह (ईपिजी) का भारततर्फका पूर्व संयोजक एवम् भारतीय जनता पार्टीका प्रभावशाली नेता भगतसिंह कोश्यारीले नेपालमा भारतको रेल छिट्टै पुग्ने विश्वास व्यक्त गरेका छन् । उनले जतिसक्दो चाँडो नेपालमा भारतीय रेल पुर्याउने बताएका हुन् । उनले भने, हामी जतिसक्दो चाँडै काठमाडौंसम्म भारतीय रेल पुर्याउँछौं । त्यसको लागि मैले पनि स्वयम मोदीजीसँग कुरा गरेको छु । कोश्यारीले नेपालमा चिनियाँ रेल आउने कुरा कल्पनामात्रै भएको टिप्पणी गरे । फरक प्रसँगमा उनले आफूहरू सम्मिलित ईपिजीले तयार पारेको प्रतिवेदन भारत सरकारले छिट्टै ग्रहण गर्ने सुनाए । उनले भने,"यो प्रतिवेदन भारत सरकारले बुझ्छ, त्यहीअनुसारको अहिले गृहकार्य भैरहेको छ । भारतमा नयाँ विदेशमन्त्री आएपछि म कुरा गर्छु । प्रतिवेदनले नेपाल भारत सम्बन्धका सबैखाले विषयवस्तु र समस्याहरूको सम्बोधन गर्छ । मोदीले प्रतिवेदन बुझ्ने कुरामा मलाई पूरापुर विश्वास छ ।" प्रतिवेदनलाई लिएर भारतको कुनै विरोध तथा असन्तुष्टि नरहेको पनि उनले दाबी गरे । "१९५० को सन्धिदेखि कालापानी सिमा विवादसम्मका कुरा हामीले प्रतिवेदनमार्फत अघि समाधानको उपाय सारेका छौं"उनले भने,"यी सबै विषयमा हामीले सहमति खोजेका छौं । प्रतिवेदनमा सबै कुरा समेटेका छौं ।"

भारत र बंगलादेशबीच विगतमा रहेका सबैखाले समस्याहरू तत्कालिन भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीले बडो कुशलताका साथ समाधान गरेझैं नेपाल र भारतबीच रहेका सबै समस्याहरू समाधान हुने उनको विश्वास छ । कोश्यारीले मोदीलाई नेपाल र नेपालीहरूको हृदयमा बस्न सफल राजनेताको संज्ञा दिए । उनले भने,"उहाँले नेपालीहरूको हृदय जित्नुभएको छ । अब केही बाँकी रहेका सानातिना समस्याहरूपनि उहाँले हल गर्नुहुन्छ भन्नेमा हामी ढुक्क छौं ।" मोदीले नेपाल र भारतबीचको द्विपक्षीय सम्बन्धमा आमूल सुधार गरेर चमत्कार नै गर्ने पनि उनले दाबी गरे ।

# नयाँ सीमा स्तम्भ निर्माण गर्न सम्झौता



काठमाडौं । नेपाल र भारतका प्रतिनिधिहरूले सीमामा जीर्ण रहेको सीमा स्तम्भहरूको स्थानमा नयाँ सीमा स्तम्भ निर्माणका लागि सम्झौता भएको छ ।
जनकपुरधाममा भएको दुवै देशका प्रतिनिधि सम्मिलित सो कार्यक्रममा नेपालको धनुषा, महोत्तरी, सिरहा र सप्तरी तथा भारत बिहारस्थित मधुबनी जिल्लाका अधिकारीबीच भएको बैठकमा सीमा क्षेत्रको बाँकी रहेका स्थानहरूमा तत्काल स्तम्भ निर्माण गर्न सम्झौता भएको हो । प्रदेश दुईको नेपाल-भारतसँग जोडिएको धनुषा, महोत्तरी, सिरहा र सप्तरीसम्म कुल ९ सय ४२ सीमा स्तम्भ रहेको धनुषाका प्रमुख जिल्ला अधिकारी प्रदीपराज कँडेलले सो कार्यक्रममा जानकारी दिएका हुन् ।
प्रमुख जिल्ला अधिकारी कँडेलका अनुसार महोत्तरीदेखि सप्तरीसम्म कुल ९ सय ४२ वटा सीमा स्तम्भहरूमध्ये ३ सय ९४ को मर्मत सम्भार र ५ सय ४८ निर्माण गर्नुपर्ने आवश्यकता रहेको छ ।
दुई मुलुकका अधिकारीबीच आउँदो 'सिजन' मा सप्तरीमा निर्माण गर्नुपर्ने सम्झौतामा हस्ताक्षर भएको बैठकपछि कँडेलले बताए। यसैगरी यस 'सिजन' मा ६ सय १८ वटा सीमा स्तम्भको मर्मत सम्भार गरिएको समेत जानकारी दिए । यससँगै सुरक्षासम्बन्धी चुनौतीका कुराहरूको बारेमा समेत गम्भीर रूपमा छलफल भएको छ । नेपाल-भारत सीमा क्षेत्रमा भइरहेका अवैधरूपमा मदिरा तस्करी र लागुऔषध ओसार पोसारका बारेमा चनाखो भई यसलाई रोक्नका लागि संयुक्तरूपमा कार्य थालिने दुवै देशका अधिकारीहरूले प्रतिवद्धता जनाएका छन् ।

# नेपाल-भारतको संयुक्त टोलीद्वारा खाँडो नदीको निरीक्षण




काठमाडौं । सप्तरी जिल्लामा खाँडो नदीको बहाब निकासका निम्ति नेपाल र भारतीय प्राविधिकको टोलीले संयुक्त रूपमा अनुगमन गरेको छ ।
स्पष्ट धार नरहेको खाँडो नदीलाई नियन्त्रण गर्नका लागि दुबै देशका अधिकारीले निरीक्षण गरेको खाँडो नदी नियन्त्रण आयोजनाका प्रमुख बिष्णुदेव यादवले जानकारी दिए ।
नेपालको तर्फबाट जलस्रोत तथा सिञ्चाई विभागका महानिर्देशक सरिता दबाडी र उपमहानिर्देशक प्रदीपकुमार थापासहितका अधिकारी एवं भारतको तर्फबाट गंगा नदी नियन्त्रण अधिकारी सिकेएन दासको नेतृत्वमा आएका अधिकारीहरूले खाँडो नदीको अनुगमन गरेका हुन् ।
खाँडो नदीका कारण नेपालतर्फको जोखिममा रहेका ठाउँ, बहाब सिधा बनाउने ठाउँहरूको अनुगमन गरिएको खाँडो नदी नियन्त्रण आयोजनाका प्रमुख यादवले बताए ।
खाँडो खोलाको नियन्त्रण र व्यवस्थापन गर्ने सहमति अनुसार भारत सरकारले चार बर्षअघि नै खाँडो खोला नियन्त्रण गर्न विस्तृत योजना प्रतिवेदन (डीपीआर) निर्माण गर्ने जनाएको थियो । सन् २०१५ को जनवरीमा पटनामा भएको बैठकमा नेपालका खाँडो खोलाको नियन्त्रण र व्यवस्थापन गर्ने सहमतिअनुसार भारत सरकारले यस्तो सहमति गरे पनि हालसम्म चासो देखाउन सकेको छैन ।

# दशगजा क्षेत्रमा सीमास्तम्भ निर्माण



काठमाडौं । नेपाल भारत सीमासँग जोडिएको दशगजा क्षेत्रमा एक हजार २२४ वटा सीमास्तम्भ निर्माण भइसेको छ । निर्माण भएका नयाँ स्तम्भबाट सजिलैसँग सीमा छुट्याउन र सीमालाई व्यवस्थित गर्न मद्दत पुगेको छ । झापा, मोरङ र सुनसरीमा गएको चार वर्षदेखि शुरू भएको स्तम्भ निर्माण अनुसार झापामा ९८८ वटामा १४०, मोरङमा १२२ वटामा १० र सुनसरीमा २८८ वटामा २४ स्तम्भ निर्माण हुन बाँकी रहेको छ । भारतको पश्चिम बङ्गाल र बिहारसँग जोडिएको झापा र बिहारसँगमात्र जोडिएको मोरङ र सुनसरीका सीमामा लामो समयदेखि बिग्रेका, भत्केका, खियालागेका, नदीले बगाएका स्तम्भ निर्माण हुनसकेका थिएनन् । निर्माण हुन बाँकी स्तम्भ नदीमा परेका, पानीको क्षेत्र र पोखरीजस्तो देखिने क्षेत्रमा मात्र स्तम्भ निर्माण भएको छैन ।
नेपाल पक्षका नापी विभाग, स्थानीय प्रशासन र भारततर्फका नापी विभाग र स्थानीय प्रशासनको सहमति तथा सहकार्यबाट निर्माण भइरहेको स्तम्भ नेपाल पक्षले बिजोड र भारत पक्षले जोड सङ्केतका स्तम्भ निर्माण गरेका हुन् ।

# २४८ सीमा स्तम्भ निर्माण

रूपन्देही । रूपन्देही र कपिलवस्तुले ओगटेको नेपाल-भारत सीमा क्षेत्रमा २ सय ४८ सीमास्तम्भ बनेका छन् । नेपाल-भारत सीमा सर्वेक्षण ३ नम्बर टोलीले सन् २०१८ को डिसेम्बरदेखि २०१९ को मेसम्म ती स्तम्भ बनाएको हो । सीमास्तम्भमध्ये ७ वटा मुख्य, ६८ वटा मध्ययम र २ सय ९ वटा सामान्य सीमास्तम्भ छन् । निर्माण भएका सबै स्तम्भलाई नेपाल-भारत सुरक्षा संयन्त्रको संयुक्त बैठकले प्रमाणिकरण गरेको रूपन्देहीका प्रमुख जिल्ला अधिकारी उदयबहादुर रानामगरले जानकारी दिए ।
सीमा सर्वेक्षण टोलीका अनुसार रूपन्देहीको सीमामा मात्रै ३ सय ५१ सीमा निर्माण गर्नुपर्ने छ । यो वर्ष ८१ वटा मात्रै निर्माण भएका छन् । यसमध्ये ४० नेपालले र ४१ वटा भारतले निर्माण गरेको हो । २ सय ७० सीमास्तम्भ बन्न बा"की छन् । टोलीले नवलपरासीदेखि बर्दियासम्मको ४ सय १८ किलोमिटर क्षेत्रफलमा सीमा निर्माण गर्ने जिम्मेवारी लिएको छ ।

# सम्बन्ध अझ प्रगाढ हुन्छ : चिराग

नयाँ दिल्ली । भारतको विहारबाट निर्वाचित लोक जनशक्ति पार्टीका प्रभावशाली युवा नेता चिराग पासवानले नेपालसँग विहारको सम्बन्ध निकट रहेकोले आगामी दिनमा अझै प्रगाढ हुने विश्वास दिलाए । नयाँ दिल्लीमा रहेका पत्रकार ऋषि धमलासँगको भेटवार्तामा कुरा गर्दै पासवाले यस्तो बताएका हुन् । उनले भने,'हामी सँधै नेपालको प्रगति र उन्नति भएको हेर्न चाहन्छौं । अब नेपाल समृद्ध हुन्छ ।' पासवानले नेपालको आन्तरिक राजनीतिमा भारतको कुनै हस्तक्षेप नहुने पनि विश्वास दिलाए । फरक प्रसँगमा उनले आफूलाई मन्त्री बन्ने रूची नभएको जिकिर गरे । अबको पाँच वर्षमा विहारमा आमूल परिवर्तन हुने र यसअघिका मुख्यमन्त्री नितिश कुमारले धेरै विकास गरेको उनले सुनाए ।

## आर्थिक समाचार

### भारतमा सुलभ दरमा डेटा रोमिङ्ग सेवा

काठमाडौं । एनसेलका ग्राहकले अब भारत भ्रमणमा रहदा बिना कुनै झन्झट अझ सुलभ दरमा डेटा रोमिङ्ग सेवाको मज्जा लिन सक्नेछन् । ग्राहकले आफू भारत भ्रमणमा जाँदा आफ्नो एनसेलसिम साथै लगिमात्र रू १०० माप्रत्येक दिन अनलिमिटेड रोमिङ्ग इन्टरनेट सेवाको फाइदा लिन सक्नेछन् । एनसेल प्रा.लि.ले भारत भ्रमणमा जाने आफ्ना ग्राहकका लागि आकर्षक 'अनलिमिटेड रोमिङ्ग डेटा प्याक' ल्याएको छ जसअन्तर्गत एनसेलका ग्राहकले आफू भारतमा रहेको समयमा पनि आफ्ना परिवार तथा आफन्तसँग सुलभ दरमा रोमिङ्ग डेटा सेवामार्फत सम्पर्कमा रही रहन सक्नेछन् । यस अफरअन्तर्गत एनसेलका सबै प्रिपेड तथापोस्पेड ग्राहकले भारत भ्रमणमा रहँदा हरेक दिन कर बाहेक मात्र रू १०० ( रू १२७.६९ कर सहित) मा अनलिमिटेड रोमिङ्ग डेटा सेवाको फाइदा लिन सक्नेछन् । यो सेवाबाट लाभ लिन एनसेलका ग्राहकले आफू यात्रामा जानु अघि एस्ट्रिक्स १७१२९ ह्यास डायल गरि निर्देशनअनुसार यो रोमिङ्ग सेवा सुचारू गर्न सक्नेछन् । रोमिङ्ग सेवा सुचारू गरी सकेपछि पुन: एस्ट्रिक्स १७१२९ ह्यास डायल गरी ग्राहकले यो डेटा प्याक लिन सक्छन् । एक पटक यो प्याक सुचारू गरेपछि नेपालको समय अनुसार हरेक मध्यरातमा यो सेवा स्वत: नवीकरण हुनेछ र शुल्क भने ग्राहकले डेटा प्रयोग गरेको खण्डमा मात्र लाग्नेछ ।

### बुद्धको काठमाडौं-कोलकत्ता उडान सुरू

काठमाडौं । नीजि क्षेत्रको बुद्ध एयरले काठमाडौं कोलकत्ता उडान सुरू गरेको छ । काठमाडौंबाट कोलकत्ताका लागि बिहान ८ बजे एउटा उडान गरिने र आगामी जुलाई १ देखि नियमित उडान हुने बुद्ध एयरले जनाएको छ । पर्यटन प्रवर्द्धनका लागि काठमाडौं कोलकत्ता उडान गर्न लागिएको बुद्ध एयरका व्यवस्थापकीय निर्देशक विरेन्द्र बहादुर बस्नेतले जानकारी दिए । नेपालमा बढ्दो पर्यटकीय सम्भावना र होटल व्यवसायहरूको चाप र दक्ष जनशक्तिको दायरा फराकिलो भएकाले पनि अन्तर्राष्ट्रिय उडानले थप मद्दत पुग्ने निर्देशक बस्नेतको भनाई छ ।

### ग्लोबल आईएमई र सूर्यलाइफबीच सम्झौता

काठमाडौं । ग्लोबल आइएमई बैंक लि. र सूर्य लाइफ इन्सुरेन्स कम्पनी लिमिटेडबीच बैंकासोरेन्ससम्बन्धि सम्झौतापत्रमा हस्ताक्षर भएको छ । सम्झौतापत्रमा हस्ताक्षरपछि ग्लोबल आईएमई बैंकका १३७ वटै शाखाहरू मार्फत सूर्य लाइफ इन्सुरेन्स कम्पनीलिको जीवन बीमा योजनाहरू खरिद गर्नुका साथै जीवन बीमा सम्बन्धी सम्पूर्ण सेवाहरू छिटो, छरितो एंव भरपर्दो माध्यमबाट प्राप्त गर्न सकिनेछ । उक्त सम्झौतापत्रमा ग्लोबल आईएमई बैंकको तर्फबाट का. मु. प्रमुख कार्यकारी अधिकृत महेश शर्मा ढकाल र सूर्य लाइफ इन्सुरेन्स कम्पनीको तर्फबाट प्रमुख कार्यकारी अधिकृत शिवनाथ पाण्डेले हस्ताक्षर गरेका छन् ।

# नेकपा नेता नेपालले दिए मोदीलाई बधाई

काठमाडौं । नेकपाका नेता तथा पूर्वप्रधानमन्त्री माधवकुमार नेपालले लोकसभामा ऐतिहासिक विजय प्राप्त गरेको भन्दै भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीलाई बधाई दिएका छन् । लोकसभा चुनावमा भारतीय जनता पार्टी (भाजपा)ले एकल बहुमत ल्याएसँग मोदी फेरि प्रधानमन्त्रीमा दोहोरिने पक्का भएपछि नेपालले औपचारिक रूपमै मोदीलाई बधाई पत्र पठाएका हुन् । नेपाल कम्युनिस्ट पार्टीका बरिष्ठ नेतासमेत रहेका नेपालले एनडीए गठबन्धन, भाजपाका अध्यक्ष अमित शाह र गठबन्धनबाट लोकसभामा विजयी भएका सबैलाई बधाई ज्ञापन गरेका छन् ।

# गोले भए सिक्किमका नयाँ मुख्यमन्त्री



काठमाडौं । सिक्किम क्रान्तिकारी मोर्चा( एसकेएम) का अध्यक्ष पीएस गोलेले सिक्किमको नयाँ मुख्यमन्त्रीका रूपमा सपथ ग्रहण गरेका छन् । सिक्किमको राजधानी गान्तोकमा रहेको पाल्जोर स्टेडियमा भएको एक समारोहकाबीच सिक्किमका राज्यपाल गंगा प्रसादले गोलेलाई मुख्यमन्त्रीको सपथ खुवाएका हुन् । सपथ ग्रहणपछि कार्यभार सम्हाल्दै मुख्यमन्त्री गोलेले अबदेखि सिक्किममा शनिबार सरकारी बिदा हुने घोषणा गरे । आफूहरूले खर्च घटाएर सिक्किमेली नागरिकलाई विभिन्न योजनाहरू उपलब्ध गराउने पनि मुख्यमन्त्री गोलेले उल्लेख गरे । सिक्किममा २५ वर्षदेखि एकछत्र सरकार चलाइरहेका पवन चाम्लिङको सत्ता यस पटक पल्टिएको छ । लोकसभा चुनावसँगै भएको सिक्किम विधानसभा चुनावमा चाम्लिङ नेतृत्वको पार्टी सिक्किम डेमोक्रेटिक फ्रन्टलाई सिक्किम क्रान्तिकारी मोर्चाले २५ वर्षपछि सत्ताबाट बहिर्गमन गराएको हो । सिक्किममा रहेका ३२ वटा विधानसभा क्षेत्रमध्ये एसकेएमले १७ सिटमा जित हात पार्दै सरकार बनाएको छ भने एसडीएफ १५ सिटका साथ २५ वर्षपछि विपक्षमा बस्ने पक्का भएको छ ।

# सलमान र कट्रिनाले गरे प्रितमको प्रशंसा

काठमाडौँ । भारतीय टेलिभिजनको चर्चित रियालिटि शो 'सारेगमप लिटिल च्याम्प' सुपर ६ का लागि प्रतिस्पर्धा गरिरहेका नेपाली बालक प्रितम आचार्यको बलिउड अभिनेता सलमान खानले प्रशंसा गरेका छन् । शनिवार प्रसारित एपिसोडमा अतिथिका रूपमा पुगेका सलमानले प्रितमको प्रस्तुति पुरै सुनेपछि उनी नेपालका गर्भ गर्न लायक गायक बन्ने बताएका हुन् । 'बच्चोका ए उदितनारायण कन्फर्म हे' सलमानले भने 'ओरिजिनल गीतमा भन्दा पनि बढी एनर्जी गीतमा थियो । तिमी नेपालले गर्भ गर्न लायक बन्ने छौ ।' शनिबार प्रसार भएको एपिसोडमा प्रितमले हिन्दी फिल्मको 'जब्बी कोही लड्की देखो मेरे दिल दिवाना ओले ओले' बोलको गीत प्रस्तुत गरेका थिए । पूर्व प्रेमिका समेत रहेकी अभिनेत्री कट्रिना कैफका साथ सलमान शोमा सहभागी थिए । कार्यक्रममा अभिनेत्री कट्रिनाले प्रितमको गायनको प्रशंसा गर्दै कल्पना गर्न नसकिने गायन प्रस्तुति दिएको बताइन् ।






# मोदीको शपथमा चौधरी पनि सहभागी



काठमाडौं । नेपालका एक मात्र डलर अर्बपति, नेपाली व्यापारी तथा उद्योगी विनोद चौधरीलाई भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीको शपथ कार्यक्रममा बोलाइएको छ । शपथ कार्यक्रममा चौधरीलाई पनि निम्तो आएपछि चौधरी भारतीय राजधानी नयाँ दिल्ली पुगेका छन् ।
सन् २०१४ मा मोदीको पहिलो प्रधानमन्त्री कार्यकालका लागि सपथ ग्रहण समारोहमा पनि चौधरीलाई निमन्त्रणा गरिएको थियो ।

**मधेशवाणी प्रा.लि.**द्वारा प्रकाशित, सम्पादक : **राजेश अहिराज**, कार्यकारी सम्पादक : **रामसुकुल मण्डल**, कार्यालय : मधेश मिडिया हाउस, अनामनगर, काठमाडौं, फोन नं. ४२६६१४२, ४२६६१४१, फ्याक्स : ४२६६१४१, Email : madheshvani@gmail.com, Website : www.madheshvani.com, मुद्रण : **धिम्ले अफसेट प्रेस**, काठमाडौं